प्राचीन नेपाल

पुरातत्व विभागको मुखपत्र

ANCIENT NEPAL

Journal of the Department of Archaeology

संख्या २८
श्रावण २०३१

Number 28
July 1974

सम्पादक
रमेशजङ्ग थापा

Edited by
Ramesh Jung Thapa

प्रकाशक
श्री ५ को सरकार
शिक्षा मन्त्रालय, पुरातत्व विभाग
काठमाडौं, नेपाल

Published by
The Department of Archaeology
His Majesty's Government
Kathmandu, Nepal

प्राप्तिस्थानः–
साझा प्रकाशन
पुलचोक, ललितपुर

To be had of:-
Sajha Prakashan
Pulchok Lalitpur

मूल्य रु. ५।–

Price Rs. 5/-

Printed at Matribhoomi Press, Ghantaghar

प्राचीन नेपाल
संख्या २८
श्रावण २०३१

Ancient Nepal
Number 28
July 1974

सम्पादक
रमेशजङ्ग थापा

Editor
Ramesh Jung Thapa

सहायक सम्पादक
रामचन्द्र ढुङ्गाना

Assistant Editor
Ram Chandra Dhungana

Prachin Nepal
Downloaded by - Ravi Shakya
No. 28, July 1974, Shravan 2031

विषय–सूची

Contents

	पृष्ठ	*Page*
गोरखा वंशावलि	१	*1*
ऐतिहासिक पत्रस्तम्भ	२९	*29*
मानाङ्क मुद्रा *श्री हरिराम जोशी*	३२	*32*
नेपालका केही महत्वपूर्ण भित्ते चित्रहरू *श्री साफल्य अमात्य*	३८	*38*
Nepal *Mr. Sylvain Levi*	४६	*46*

गोर्खा वंशावलि

उप्रान्त लमजुङ जसवम्साहका तिन छोरा जेठा नरहरिसाह माहिला नरपतिसाह कान्छा द्रव्यसाह सबैभन्दा जियका बलवान् मुषका साधु थिया र काम केहि गर्न नसकन्या जस्तो देखि आफ्ना मुमाबाट कान्छा तिमि ता अरू राजकाज क्या गर्न सकन्याछौ र गोठमा जाउ र दुधभात षाई गोठको सम्भार गरि गोठैमा रहु भनि मुमाबाट मर्जि हुदा हवस् भनि द्रव्यसाह गोठमा गै रहनुभयाको थियो, गोठ पनि साहेवलाई बस्न लायेक गरि तलो हालि गोठ बन्याको थियो, केहि दिनपछि तलका अध्यानामा दुध तताउनलाई रहनुभयाको बेलामा एक कोही दर्सनधारी १०।१२ वर्षको बालष रूप गरी बाबाजिले अलष जगाया, मुष्टि देउ भनि अह्राउनुभयछ र मलाई मुष्टि नदेउ गोरस देउ भनि तलदेषिन तुंवा थापि ऊचालबाट हात पुऱ्याउदा देषतामा ता साना बालष थिया अैल्हे ता तलदेषि आहां तुंवा पुऱ्याया ई ता मनुष्य होईनन् देवतै हुन् भनी तल गै पाउमा परि दण्डवत् गरि माथि तलामा चलाई षिर पकाई भोजन गराया, भोजन पनि ढेरै भयो. भयापछि बाबाजी प्रसन्न भै म गोरपनाथ हुं भनि नाम पुकारि द्रव्यसाहका पिठमा तिन ढाप दि गोर्षाको राज तलाई दिआ भनि फेरि सब्द गऱ्या. नेपालको राज पनि तेरा सन्तानलाई होला. भन्दा द्रव्यसाहले विन्ति गऱ्या. गोर्षा मात्रै किन नेपाल पनि मेरै जियले भोग गर्न पाउ भनि विन्ति गर्दा तेरा जियले तपस्या पनि भयाको छैन गोर्षैसम्म होला. तदेषि चारौं राजा जो हो उ बडो तपस्यावान् हुन्याछ. ढेरै देवताबाट पनि वर पाउन्याछ. ढेरै सिद्धहरूसंगको पनि समागम भै सकल थितिविति न्याय-निसाफ वाधि सकल प्रजाको पनि पालना गरि रहन्या छ. तेसदेषिन् सातौं राजाका पालामा नेपाल भोग होला भनिकन जव वर दियाथ्या द्रव्यसाहले फेरि विन्ति गर्नुभयो. मैले तपस्या पनि गऱ्याको थियन. दानपुण्य पनि गऱ्याको थियन. अतित अभ्यागत् ब्राह्मणको पनि मैले सेवा पनि गऱ्याको थियन. मदेषि क्यामा प्रसन्न भै दर्सन वक्सनुभयो भनि विन्ति गऱ्यापछि गौरक्षनाथबाट येस्को वृत्तान्त लाउछु भनि आज्ञा गर्न लाग्नुभयो. कोहि यक समयमा म नेपालमा जादा ताहाका मनुष्यजाति कसैले पनि मेरो आदर गऱ्यानन् र मलाई क्रोध उठ्यो र मृगस्थलिमा गै सकल मेघमण्डल षैंची सकल नागहरूको आसन वाधि १२ वर्षसम्म रह्यां. ताहासम्म अनावृष्टि भयो. ताहाका राजाले सकल जान्याहरूलाई वटोलि सोद्धा कोहि येक वंधुआचार्य भन्याले ध्यान गरि हेर्दा गोरक्षनाथ कुपित भै नागलाई मेघलाई षैंची आसन वाधि रह्याका रह्याछन्. एहि कारनले अनावृष्टि भयाको रहेछ. भनि भन्यो र कसो गर्न्या हो तव भनि सोद्धा तेहि वंधुआचार्यले राजासंग विन्ति गऱ्यो. कामाक्षामा मछेन्द्र छन् तिनैलाई आह्वा ल्याया मात्रै गोरषनाथ क्रोध छोडि शान्त भै आसन छाडि गुरुलाई प्रणाम गर्न्याछन्. तव मेघ नाग आफ्ना आफ्ना स्थानमा जान पाउन्याछन्. ताहादेषि वृष्टि होला सवैको पालना हुन्याछ. भनि भन्यो र मछिन्द्रलाई ढेरै भारत गरि नेपाल ल्याया र गोरक्षनाथले सब क्रोध छोडि शान्त भै गुरुलाई प्रणाम् गर्दा मेघ नाग सब आफ्ना आफ्ना स्थानमा गया र मलाई अनादर गऱ्याको रीस नपुग्दा आह्वा आई तलाई दर्शन दियाको हो. तदेषी एघारौं राजालाई नेपालको भोग होला. मलाई नेपालमा अनादर गऱ्याको कोपको शान्ति होला भनि भन्या र अन्तर्ध्यान भया. वाहापनि द्रव्यसाहको पनि गोरक्षनाथको दर्शन पाउदा ताहां प्रतिदिन बुद्धि बल पराक्रम बढ्दो भयो. गोठमा बस्न मन्सुवा गर्नुभयन र दर्वार जानुभयो र आफ्ना मुमा दाजुसंग गै विन्ति गर्नुभयो जो काम हुकुम हुन्छ सो काम गर्न सक्छु भनि विन्ति गर्दा काम गर्न सक्या वढिया हो. काम लाउला भनि उत्तर वक्सनुभयो. वाहापछि नरहरिसाह राजाको र आफ्ना मुमाको रात्रिमा सल्लाह्वा भयो र सुमाबाट कांछा मेरा गर्भमा हुदा स्वप्नामा मैले जल पिउदा श्री सूर्यसमेत

मैले निल्यां. साधु भनि ठहरायाका एस्तो मन्सुवा भै निकल्या त ई सामान्य पुरुष छैनन् तिमिहरूभन्दा ईनै बडा पराक्रमि समर्थवान् हुन्याछन् मेरो जिउ छदैमा तिमिहरू नवाछिन्या काम म गरिदिन्छु भनि मुमाबाट मर्जि हुदा नरहरिसाहबाट हवस् भनि विन्ति गऱ्या र माहिला नरपतिसाहले पुस्तु जानु तेहि मोहडाको कामकाज गर्नु कांछा द्रव्यसाहले रागिनासको मोडोडामा जानु तेहि गौडाको कामकाज गर्नु भनि हुकुं भयो र हवस् भनि द्रव्यसाह रागिनासकोटमा पाउलाग्नुभयो आहा गोर्षामा पनि मुकुंदसेनसित आई गणेश पांडे गोर्षा छोप्राक् वेलवासमा रह्याका थिया गोर्षामा षड्का राजा थियो उस्को अन्याय अनरीति पनि ढेरै भयाको अजात राजा भयाको देषदा बहुत चित्तमा षेद भै क्षत्रिय राजा कस् तरहले हुनन् र क्षत्रिय राजा मानुला भनि तजविज गरि लमजुङका पन्थकि छोरी मागी संषन्ध वाधि आउनुजानु गर्न लाग्दा द्रव्यसाहको मनमुवा बुझि गणेश पांडेले केहि विन्ति गऱ्या. क्षत्रियका कुलले जन्म पाईकन त आफ्ना बल पराक्रमले न्याय बलले पृथ्वीको पालना गर्न्या धर्म हो. तसर्थ गोर्षामा नीच जाति राजा भयाको रहेछ. हजुरले ताहाको राज गर्न्या उद्योग गऱ्या वढिया होला भनि विन्ति गऱ्या र आफु गोर्षा गया. वढिया विन्ति गऱ्यौ यो उद्योग कस्तरहले हुंछ भनि मर्जी हुदा आहा पनि केहि देवताको भक्तिभाव हवस् गोर्षाका मानिस म हात गर्छु भनि विन्ति गऱ्या र आफु गोर्षा गया. चेप्याघाटमा नारंदास अर्ज्यालले पुरश्चरण गर्नु भनि मर्जि भयो पुरश्चरण गर्न लाग्या. गणेश पांडे गोर्षामा मगरहरूसितको सल्लाह वाधन लाग्या. सल्लाह वाधिसक्यापछि तर एकै पटक याहा चलाउनु छैन. बल चढाउदै आहां चलाया बढिया होला ताहा लिग्लिग्मा घले राजा आपना बलले भयाको छ. तेस्को रीत टिकाका दिन जस्ले कोट उछिदो रहेछ उई राजा हुदो रहेछ अरू अरू त १।२ वर्ष मात्रै हुदा रह्याछन्. आजकालको राजा भयाको त बलियो रहेछ र १०।१२ वर्ष भया छदैछ. ताहां छलवल गरि टिकाका दिन उछिनु र लिगलिग हात आउछ. लिगलिग हात भयापछि बल ढेरै बढ्छ. वहादेषि याहां आउन सहज होला भनि गणेश पांडेले संकेत गऱ्याछन्. तेहि सल्लाह लि नारंदास अर्ज्याल आया र विस्तार विन्ति गऱ्या. तेहि उद्योग गर्न लाग्या. टिकाका दिन कोट उछिनि लिगलिग हात गऱ्या. वाहापछि गोर्षा गादिमा राज गराउन्या साइत् आउन लाग्यो. गोर्षाका मानिस पनि सब गणेश पांडेले हात लिसक्या. तेसै विचमा श्री द्रव्यसाहबाट रागिनासदेषि पन्ध्र दिनसम्म लडाजी गऱ्या. षड्का कयेत् भयाको थिएन पन्ध्रौं दिनका रातमा गणेश पांडे पन्थ अर्याल सब सिपाहीसमेत गई दीप गणेश पूजापूर्वक सकल मंगल गरि चलाइ तल्ला कोटमा राज गराया पांडे पन्थ अर्याल षदाल षस मगर सब पाच भै षड्का राजासित गै वात गर्न लाग्या, वात मिलेन र फिऱ्या सायेत् पनि आयो. श्री ५ द्रव्यसाहलाई चलाई सब जना गया र षड्का राजाका उपर तरवार लचाई मार्या. ताहादेषि श्री गणेश पूजापूर्वक सकल मंगल गरि ब्राह्मणादि सब पांचहरू बसी शुभ मुहूर्त पारि टिका चढाई गादिमा राज गराया, वाहापछि उपल्ला कोटको घले राजा मारि उपल्लो कोट हात गर्नु भयो. श्रीशाके १४८१ सालमा गोर्षाका गादिमा श्री ५ महाराजा द्रव्यसाह राज गर्नु भयाको हो. ताहादेषिन् त्यो समाचार लमजुङमा थाहा भयो र श्री ५ नरहरिसाहले अब गोर्षाको षड्का राजा मारी गोर्षाका गादिमा बस्या त हाम्रा सल्लाहामा आउदैनन्. भनि ढेरै तर्कना हुन लाग्यो र आफ्ना मुमाबाट लमजुङदेषि चेप्यामा पाउलाग्नुभै पछि छोराहरूको झगडा नहवस् भन्ना निमित्त आफ्ना सरिरदेषि दुद निकाली चेप्यामा वहाई आजदेषि उप्रान्त श्री ५ नरहरिसाहले पनि आफ्ना भाईसित लडाजि गर्ननिमित्ये चेप्या नतनुं श्री ५ महाराजा द्रव्यसाहले पनि आफ्ना दाज्युसित लडाजि गर्नानिमित्ये चेप्या नतनुं. जो तरला मेरो दुतको पातक लागला भनि वंधान गरीवक्सनुभयो. अलिक दिनपछि आफ्ना मुमा पनि स्वर्गे हुनुभयो. वाहादेषि सब भारादार वसि षेल मचाई रागीनास कोटदेषि सर गऱ्याको मुलुक श्री ५ महाराजा द्रव्यसाहले कसो गरि पाउनन् भनि कपट बुद्धिले गरि केहि मनसुवा गर्दा भया. वाहादेषिन् श्री ५ महाराजा द्रव्यसाहलाई श्री ५ नरहरिसाटबाट चिठि आयो. बुवाको श्राद्ध आयो. तिमि मसंग भै श्राद्ध गरौला हाम्रो प्रतित नमान्या धर्म गरि चित्तको संका फालि संग भै श्राद्ध गरौला भन्या चिठि आयो र गोरषामा श्री ५ महाराजा द्रव्यसाहले पाँच बटोलि सल्लाहा गर्दा धर्म भन्यापछि मान्नैपर्छ तर आफुदेषिन् बाहेकको राजा भयापछि आफ्नै भया पनि शत्रु जस्तो मान्नुपर्छ. हातहतियार उताबाट पनि नल्याउनु एताबाट पनि नल्याउनु भनि एस्तो वंदवस्तसंग संगै भै श्राद्ध गरौला. भनि चिठि पठाउनुभयो र उई चिठि पुग्यापछि श्री ५ नरहरिसाहका सब भारादार बसी श्री ५ द्रव्यसाहलाई मान्या त गोर्षा पनि हात आउछ. हातहतियार नल्याउनु भनि

आउनु भनि लेष्याछन् हामी हतियार अध्यारै लुकाई राषौला. पछि पालि भै जाउला र श्राद्ध भैसकेपछि भान्सा का वषतमा श्री ५ महाराज द्रव्यसाहलाई मा गैला. भन्या सल्लाह बाधिरह्या. श्राद्धको दिन आयापछि लमजुङदेषि श्री ५ नरहरिसाह पनि लस्कर लि छल गरि हतियार लुकाई चेप्याका तीरमा पाउलाग्नुभयो र श्राद्धलाई चाहिन्या जति मात्रै मानिस लि पाउलाग्नुभयो. गोर्षाबाट पनि हतियार नलि धर्मे मनसंग श्री ५ महाराज द्रव्यसाह ढेरै मानिस ब्राणह्या पनि ढेरै निमन्त्रणा गरि भारि अश्वभाव गरि पाउलाग्नुभयो र सबै लस्कर वारि चेप्याका तीरमा राषि ब्राह्मणहरू र चाहिन्या मानिस जति लि चेप्या तरि पारि पाउलाग्नुभै दाज्यू श्री ५ नरहरिसाहसित सामेल हुनुभयो. दुवै तरफका ब्राह्मण सरसराजामले सहित बडा हर्षसित सामेल भै श्राद्ध गर्नुभयो. श्राद्ध भैसक्यापछि भान्साको वेला भयो र तेस वेलामा श्री महाराज द्रव्यसाहकी धाईकि छोरी पनि आयाकी रहिछ. तेसैले आखादेखि आसु षसाल्याको देषनुभयछ र राम्रो गरि नजर गर्दा धाईकि छोरिले आषैले पाउलागनुहवस् भनि ईसरा गरिछ र आफ्ना केटालाई मलाई ता झाडाले च्याप्यो लोटा ल्या भनि मजिभै निहु पारि टाढा गै वाहादेषि नदेषिन्या ठाउंमा पुग्यापछि चेप्या तरि आफ्ना लस्करमा पाउलाग्नुभयो र आफ्ना भारादारहरूसित हामिमा ता कपट गरि आयाका रह्याछन्. बडा अधर्मी रह्याछन्. अब चाडो गरि दरवारमा जाउं भनी मजि भै हमिको रस्ता गरि पाउलाग्नुभयो. पाउलाग्नुहुदा श्री ५ नरहरिसाहबाट पनि इन्का ता हातहतियार केहि ल्याषाको छैनन् चमकाउनु मात्रै भयो हामिले आटघाको काम पुगेन अब यसै वेलामा पछेडा लि इनलाई पक्नु भनि पछेडा लिया. आउंदा आउंदा गोर्षाको गुरुथोकसंग आईपुग्या. श्री ५ नरहरिसाहको लस्कर गुरुङथोकसंग आईपुग्दा श्री ५ द्रव्यसाह दरवारमा पाउलाग्नुभै सब लस्करले हातहतियार लि गुरुङथोकमा गै लडालि गरि ताहांदेषि हटाउदै हटाउदै दरौदि तारि फेरि हमिभंज्याङपारि पुऱ्याई ताहांदेषि चेप्या तान्या. हाम्रो लस्कर फिरि लिगलिग कोटमा आई आडपयाड बलियो गरि कुर्नु वस्या. वाहांदेषिन् श्री ५ महाराजा द्रव्यसाहबाट श्री ५ महाराज नरहरिसाहलाई श्री ५ मुमाबाट धर्म गरिवक्सनुभयाका कुरामा तिमिबाट धर्म फाल्यौ. तिमि बडा अधर्मी रह्याछौं. तिम्रै हातमुषले धर्म फाल्यौं अब हामिदेषिन् धर्म फराक भयाका छौं भनि चिठि पठाउनुभयो बारम्बार लडाई हुदै रहन्थ्यो. लिगलिगको आड्पयाड बलियो गरि एघार वर्षसम्म राज गर्नु भयो. ताहांदेषिन् दानपुण्य गरि परमधाम हुनुभयो. सुभ मुहूर्त हेरि श्री दीप गणेशपूजन पूर्वक ब्राह्मणादि सब पांचहरू बसि टिका चढाया. श्री ५ महाराज पुरन्दरसाह गादिमा राज गर्नु भयो. ताहांदेषिन् पनि लमजुङसित लडाई हुदै रहन्थ्यो. लपेटदै काहिले त दरौदि पनि तरि गोर्षा वोहोराव्यासी छेवेटारसम्म पनि आउथ्या. तेस्तै वेलामा गोर्षाका मानिसहरूमा हलिहरू दिनमा हलो जोथ्या रात्रिमा वैरि आउला भनि बेसिदेषिन् अलिक माथि शिखरमा चढि कुर्नु दथ्या. तेस जगाको अरुसम्म हलिथुम भनि नाम रह्याको छ. तस्तै विचमा वारपाक चाग्या सुर्तानसित पनि लडाई भयो. मुलुक मरेन चाग्या सुर्तानले पनि नुन पाषि बन्द गऱ्यो. नुनको बडो अनिकाल भयो. तस्तै वेलामा तनहुबाट पनि लमजुङबाट पनि दुःष दिदै रह्याको हुनाले घाको दवाई तनहु हुनाले गोर्षाको प्रचण्ड तेज प्रताप देखतामा गोर्षासित दोस्त राष्या लमजुङले हामिलाई दुःष देवैन भन्नानिमित्त दोस्त बाधन लाग्या र हाति सौगात पठाया. याहां गोर्षामा पनि चाग्या सुर्तान एसै मार्न सक्किन्या भएन एसलाई जुक्तिसंग मारु ला. हालका अर्थलाई उससंग सल्लाह राषु भनि आफ्नु मद्दत बाधि चाग्या सुर्तानसित तिमि हामि लड्नाछियु बाछिया त पश्चिमका राजाहरू उठनन् र विग्रला तिम्रो हाम्रो बाधिया त अरू राजाहरू तिमि हामिलाई केहि गर्न सक्न्या छैनन् भन्या वात हुदा चाग्या सुर्तानको पनि चित्त बुझ्यो र या बाधियो. ताहांपछि श्री ५ महाराज पुरन्दरसाहबाट हामिलाई त तनहुबाट हाति सौगात आयो तसर्थ पाहाडमा नहुन्या चिज हो. तिमिहरू पनि हेर्न आउ भनि चिठि गयो. चाग्या सुर्तानले पनि चिठि हेरि ताहांबाट दोस्त राष्यापछि हामि किन आवैनौ भनि चाग्या सुर्तानहरू आफ्ना मानिस लि आया हाति हेऱ्या र यो हाति क्या पाढो रहेछ भनि सोध्या र यो हाति ता हाम्रा मुलुकमा नहुन्या कुरो नुन् पाढो रहेछ उत्तर भयो र चाग्या सुर्तानले यो हाति भन्याको बडो चिज रहेछ. वर्षको एकाईस मुरि नुन् पठाई दिउला भनि भन्यो र १०।८ दिन वसि दोस्त राषि गयो. सालबसाल २१ मुरि नुन पठाउन लाग्यो नुन पाषि भोटमा हुन्या चिजको पनि रस्ता षुल्यो. श्री ५ महाराज पुरन्दरसाहका दुइ रानि. मन पऱ्याकि श्री महारानीतरफ साहेब पैदा हुनुभयाको श्री ५ छत्रसाह. मन नपऱ्याकी श्री ५ महारानितरफ गर्भ रह्याको रहेछ. तस्तै वेलामा सौता सौताको झगडा हुन गयो र मेरा उपर ता श्री ५ महाराजको पनि प्रिति छैन मन् नपऱ्याकी

छु. मेरा गर्भ छ. आहा मैले वसनु छैन. भनि तडकि आफ्ना केटाकेटि सब जना लि पाउलाग्नुभयो. सल्यानमा आई राज गर्नुभयो. वाहांपछि श्री ५ साहेबज्यू रामसाह पैदा हुनुभयो. वाहांपछि गोर्षामा श्री ५ महाराज पुरन्दरसाह ३५ वर्षसम्म राज्य भोग भयापछि परमधाम हुनुभयो. वाहांपछि सब पांचहेरू वसि दिप गणेशपूजनपूर्वक ब्राह्मणादि सबभै टिका चढाया. श्री ५ महाराज छत्रसाह गादिमा राज गरि मैह्ना ७ संम राज्य भोग गरि श्री ५ महाराज छत्रसाह परमधाम हुनुभयो. ताहांदेषि गोर्षाका सब पांचहरूलाई बडो खलवल पऱ्यो र श्री ५ महारानीको गर्भ पनि भयाको थियो साहेबज्यु पैदा हुनुभयाको छ,सल्यानमा राज गर्नुभयाको छ भनि सुनिन्छ चलाउन जाउ. भनि जान तयार भयाका थिया. तेसै बेलामा सल्यानिहरूले पनि गोर्षालि श्री ५ महाराज छत्रसाह स्वर्ग हुनुभयो भन्या समाचार सुन्या र गोर्षालि नआउदै हामि आफैं श्री ५ महारानी श्री ५ साहेबज्यू रामसाहलाई चलाउ भनि चलाया. वाहांदेषि गोर्षामा सब पांचहरू बसि बडा हर्षसित दिपगणेशपूजनपूर्वक ब्राह्मणादि सब पांच भै टिका चढाया. श्री ५ महाराज रामसाह गादिमा राज गर्नुभयो. ताहांदेषि गोर्षा बडा दसैंमा सल्यानमा रह्या पछि आई पर्छी दरवारमा भित्र्यायापछि फुलपाति पर्छन बैठाउछ. यो वंधान आजतक छदैछ. श्री ५ महाराज रामसाह गादिमा राज गर्नुभयापछि अघि गोरक्षनाथको करुणापूर्वक वरदान भयाको हुदा ताहां प्रतिदिन अवस्था पनि बढ्दै आयो. सब पांचको मन पनि प्रतिदिन आनन्द हुदो भयो. मेघ पनि वषत वषतमा वर्षन लाग्यो. पृथ्वी पनि धान्यले रसले पूर्ण भयाकि फलले फुलले जनधनले बहुत शोभायमान भयाकि. नदी पनि आफ्ना मर्यादासंग आफ्ना स्थान नछोडि चलन लाग्या. गाई पनि ढेरै दुद दिन्या. सकल भारा पांच प्रजाहरू पनि श्री ५ महाराजाको जय कसो गरि होला भनि वारंवार चिन्तना गरि काज गर्दा भयाका थिया. कदाचित् कोही कसैले श्री ५ महाराजामा कापट्यको चिन्तना गऱ्या पनि श्री ५ महाराजामा अति उत्कृष्ट बुद्धि बल पराक्रम देषतामा आफै हटि जान्थ्या. तेस्तो हुदामा सकलमा सौजन्य मात्रै रहदो भयो. तस समयमा भारादारप्रभृति सब पांचहरू वसि सल्लाहा गरि अब उपनयन विवाहको समहे भयो भनि विन्ति गऱ्या र कन्या हेरनानिमित्त मकवानपुर तनहु पाल्पा पर्वतमा मानिस गया र पर्वतमा श्री राजमल राजाकी रौत्यालि कन्यार्थिहेरूले ठहरायाछन् र चार पाच ठाउंमा विचार गर्दा कन्या ताहां वढिया हुनुहुदो रहेछ भनि अर्जि लेषि गोर्षा चढाई पठाया. अर्जि नजर भै वढिया विन्ति गरि पठायाछौ. तिमिहरू मागन सकछौ भन्या कन्याको काम छिनि आउ. तिमिहरू सकदैनौ भन्या आहांबाट मानिस पठाउछौं भनि उत्तर जादा हामी सक्छौं भनि विन्ति गरि पठाया र श्री राजमल राजाका हजुरमागै कन्याको कलियो हालि कन्याको काम छिनि कन्याको काम छिन्यौं. कन्या वक्सनुभयो भनि विन्ति गरि पठाया. आहां गोर्षामा पनि विवाहको सरसराजाम तयार गरि केहि लस्कर गोर्षा दर्वार कुन्हुं राषि केहि लस्कर वरियात तुल्याई श्री ५ महाराज रामसाह पाउलाग्नुभयापछि पर्वतमा वरियातले सहित श्री ५ महाराज रामसाह पाउ लाग्नुभयापछि पर्वतका श्री राजमल राजाले मेजमानि दिदामा वहुत अनादर गरिकन दियाछन् र ई ठूलो शेषि भयाका राजा रह्याछन् विवाहा गर्दिन इन्का छोरि भनि तडकि फिर्नुभयो. फिर्दामा गलकोटघा राजा प्रतापीनारायणसित भेट भयो. ति राजा कस्ता हुन् भन्या कोही १ समयमा श्री जगन्नाथको दर्शन गर्न जानाको मन्सुवा गऱ्याछन् र जानाको तयारि भया. तेसै दिनका रात्रि स्वप्नामा श्री जगन्नाथले मेरो देवालय वना मेरो मुर्ति पनि स्थापना ताहि गर. नित्य मेरो प्रसाद ताहि पठाउला. आहां तैले आउनु पर्दैन. भनि श्री जगन्नाथको देवालय वनाया. श्री जगन्नाथको मूर्ति स्थापना गऱ्या र ताहि नित्य प्रसाद पाउन लाग्या. यस्ता सिद्धपुरुष हुन्. तिनै प्रतापी नारामल राजाले श्री गोरक्षनाथबाट ईन्का वाज्या श्री द्रव्यसाहले करुणापूर्वक वरदान पायाको छ भनि ति प्रतापि नारामल राजालाई थाहा थियो र श्री ५ महाराजा रामसाहसित भेट गऱ्या र केहि विस्तार गर्न लाग्या. मुसिकोटमा हामिले छोरि दियाकि थिईन्. तनैकि छोरि हामिले ल्याई पाल्याको छन्. हाम्रो भान्जी हुन् दिन्छौं विवाहा गर्नुहवस् भनि विति गऱ्या र मंजुर पऱ्यो. ताहीदेषि गलकोट गई विवाहा गर्नुभयो. केहि दिन ताहि राज गर्नुभयो. वाहांदेषि श्री ५ महाराजा रामसाहसित श्री प्रतापि नारामल राजाले एकान्त विति गऱ्या. एकान्त वक्सनुभयो र श्री गोरक्षनाथबाट वरदान भयाको छ एतिमा मात्रै नरहनुहवस्. हजुरले पनि तपस्या गर्नुहवस् भनि विन्ति गर्दा यो कुरो वेस भन्नुभयो भनि कौन जगामा गै कस्ता तरहसित तपस्या गर्या हो. भनि श्री ५ महाराजा रामसाहबाट मर्जी हुदा श्री प्रतापि

नारामल राजाबाट अैन्हे विवाहा भयो डोला पनि प्रवेश गराउनु हवस् ताहापछि यस्ता जगामा यस्ता वेहोरासित तपस्या गर्न्या हो भनि विस्तारको चिठि चढाई पठाउला र सोमाफिक पाउलाग्नुहोला भनि विति गऱ्या र विदा भै डोला लि श्री ५ महाराजा रामसाह पाउलाग्नुभयो. गोर्षा पाउलाग्नुभयापछि शुभ मुहुर्त हेरि डोलासहित श्री दरबारमा प्रवेश गर्नु भयो. वहापछि नन्दा मिश्र पनि श्री मुक्तिनाथको दर्शन गरि श्री पशुपतिको दर्शन गर्नानिमित्त गोर्षाव्यासीमा आई वस्याका रह्याछन्. तस्तै विचमा श्री ५ महाराजा रामसाहलाई रात्रिमा स्वप्ना भयछ. स्वप्नामा कोहि १ कन्या आई श्री काशिदेषिन् ब्राह्मण आई जाहा रह्याका छन्. तिनै ब्राह्मणमित दिक्षा ले र तेरो कल्याण हुन्याछ भनि गइन्. स्वप्नादेषि जागु हुनुभयो र मनमा विचार गर्नु-भयो. येस्तो अपूर्व स्वप्ना मैले देष्या ता साचै होला भनि चित्तले ठहराई जाहा परदेशी ब्राह्मण कोही वस्याका छन् छैनन् जाउ हेर भनि मानिसहरूलाई हेरन पठाउनुभयो र हेर्न जादा ब्राह्मणलाई देष्या र केहि वातचित गरि आया र देशि ब्राह्मण आयाका रह्याछन् भनी विन्ति गऱ्या. श्री ५ महाराजा रामसाहबाट बोलाई पठाउनुभयो र ति निस्पृही तपस्यावान् सिद्धपुरुष जस्ता ब्राह्मण हुनाले म त तिर्थ रमन आयाको हुं. राजासित जानाको मेरो क्या काम छ जाऊ भन्याछन् र श्री ५ महाराजा रामसाह आफै पाउलाग्नुभै ब्राह्मणसित क्षेम कुशल वार्ता भयो. वहांपछि दीक्षा लिनु योग्य ब्राह्मण रह्याछन् भनि चित्तले ठहराउनुभयो र मलाई दीक्षा दिनुहवस भनि मर्जि हुदा आफुले देष्याको स्वप्ना पनि मर्जि भयो र हजुलाई मात्रै स्वप्ना भै हुदैन, मलाई पनि स्वप्ना भयो भन्या हजुरलाई दीक्षा चढाउला. भनि नन्दा मिश्रले विति गऱ्या र श्री ५ महाराजा पावलागनु-भयो, तेसै रात्रिमा नन्दा मिश्रलाई पनि स्वप्नामा श्री ५ महाराजा रामसाहलाई तैले दीक्षादे भनि कोही कन्या आई इष्टदेवताको नाउ वताई ताम्रपत्रमा मन्त्र लेषिदिइन् र गइन. स्वप्नाबाट विउझ्यापछि पनि मन्त्रसमेतको ताडपत्र हातैमा देष्या र पाया. ई ता श्री विष्णुकै अंश पाई भयाका राजा रह्याछन्. ईनलाई मंत्र दिनु योग्य रहेछन्. भनि चित्तमा ठहराई शास्त्रमा पनि योग्यलाई शिष्य तुल्याउनु योग्यलाई गुरु तुल्याउनु भन्याको छ. तसर्थ ई राजा ता दीक्षा दिनालाई वहुत योग्य रह्याछन् दीक्षा दिन्छु भन्या ठहराई विति गरि पठाया. शुभ मुहुर्त हेरि दीक्षा भयो. जाहा २।४ वात गुप्त छ. वहांदेषि नन्दा मिश्रलाई घरघडघारि षेतसमेतको वित्तानुसार गुरुदक्षिणा भयो. केहि दिनपछि प्रतापि नारामल राजाबाट कसैले नचिन्हिन्या फकिरको भेष गरि बडो गुप्त गरि पाउलाग्नु-हवस् म पनि भेष फेरिरहुला. हामी जाहा दुइ जना संग भै जाउला भन्या चिठि आयो र सोहिबमोजिम भेष फेरि श्री ५ महाराजा रामसाह पनि पाउलाग्नुभयो. गलकोट पुगि श्री प्रतापि नारामल राजासित भेट गरि दुवै जना भै एकै भेष गरि जादा जादा पर्वतको ताकममा पुकि तपस्याको आरंभ गर्न लाग्नुभयो, इन्द्रिय जिति वडा नियमपूर्वकले कन्दमूल आहार गरि कसैलाई याद नहुन्या गरि छ मैह्ना-सम्म अवधि गरि तपस्या भयो. तिन मैह्ना पुग्यापछि स्वप्नामा एक कोहि कन्या र कोहि विष्णुको चिह्नले चिह्नित भयाको पुरुष ति दुइ जना आई तिमि दुईको तपस्या सिद्ध हुन्छ भनि उस ऋतुसा नहुन्या फल ल्याई हातमा दियाको देषि स्वप्नाबाट श्री ५ महाराजा रामसाह जागो हुनुभयो र श्री प्रतापि नारामल राजासित स्वप्ना मर्जि हुदा मैले पनि तस्तै स्वप्ना देष्यां हामीले तपस्या गऱ्याको अवश्य सिद्ध हुन्छ. साहस वढाई दृढ चित्त गरि तपस्या गर्न लाग्नुभयो. ताहांसम्म पर्वतका मानिस कसैले थाह पायनन्. तेस्ता तरहसित रहदामा कोहि दिनमा आफ्ना तपस्याको जप पूजा पाठ सकि रात्रिका विषयमा श्री ५ महाराजा राम-साहलाई श्री प्रतापि नारामललाई पनि निद्रा भयनन्. निद्रा नहुदा श्री ५ महाराजा राममाहबाट निद्रा भयन. किन होला भनि मर्जि हुदा श्री प्रतापि नारामल राजाबाट विति गर्न लाग्या. हेमहाराज हामी सानो राज्यका राजा भया पनि राजाको जात कस्तो भन्या ढेरै सुश्रुषा चाहिन्या बहुत शोषि जात हुनाले निद्रा भयन भनि विति गऱ्या र श्री ५ महाराजा रामसाहबाट राति क्षेपन् गर्न्या केहि कथाहा प्रसंग गर्नु भया बढीया हुदो हो भनि मर्जी हुदा श्री प्रतापि नारा-मल राजाले हवस् भनि विति गर्न लाग्नुभयो. राजा भैकन मात्र हुदैन राजाको जन्म पाई राजनीतिमा कुशल्याजी चाहिन्छ. कस्तो कुशल्याई भन्या सत्य धर्मले सहित भयाको नीतिथिति गर्नु पर्दछ. राजा भै आवश्यक चिन्तना गर्न्या कुरो म विन्ति गर्छु सुन्याजावस्. पैल्हे ता काललाई चिन्नु. मित्र शत्रुको परीक्षा पनि गर्दै रहनु. म कुन देशमा रह्याको छु. आफ्नो देश पनि आफ्नु छ कि विरानु छ भनि चिन्दै रहनु. सत् कार्यमा कति षर्च हुन्छ. असत् कार्यमा कति षर्च हुन्छ. आम्दानि कति हुन्छ. षर्च कति हुन्छ. एस्को पनि विचार गर्दै रहनु आफ्नु गादि सामर्थ्यको पनि चिन्तना गर्दै रहनु. राजालाई यो चिन्तनाको क्या प्रयोजन छ भनि मर्जि

होला म विति गर्छु सुन्याजावस्. कालको चिन्तना गऱ्या-देषि समयको याद हुन्छ. समयको याद भयापछि प्रजा सुषि दुषि भयाको पनि षवर पनि हुन्छ. पाप पुण्यमा लाग्याको पनि षवर हुन्छ. यो मित्र हो भनि चिन्हधापछि मित्रका भर परि काज गऱ्या जय हुंछ. शत्रु हो भनि चिन्हधापछि त्यागे गर्नाले जय हुंछ. शत्रु र अग्नि कैले सानु नदेख्नु. शत्रुको निश्शेष गर्नाले बढो जय छ. देश चिन्हधाप्रान्त देश मन्त्रिका अधीनमा रह्याको हुन्छ, मन्त्रीको अभिप्राय पनि चिन्हिन्छ, अथवा आफ्ना देशदेषि अन्य देशको राजाको देशको व्यवस्था पनि चार पुरुषद्वारा चिन्नु भन्याको हो, सत्कार्यमा एति षर्च हुन्छ, असत्कार्यमा एति षर्च हुन्छ, भनि चिन्हधापछि आम्दानिअनुसार सत्कार्यमा श्रद्धा राषि षर्च गर्नु, सत्कार्य दुइ प्रकारका छन्. परमार्थ सपार्न्या कार्य १ कीर्ति बढाउन्या कार्य १ इ दुइं चिह्नि कार्य गर्नू, असत् हो भनि चिन्हधापछि तस्मा ज्यादा प्रवृति नराषनु. क्या अर्थ भन्या कुजस र पाप बडाउछ. तसअर्थ असत् कार्यमा पनि राजा भै किंचित् षर्च ता गर्दछन्. आम्दानी र षर्चको विहोरा चिन्हधापछि मुलुक उजार र गुल्जार भयाको तेति मालुम हुंछ. आफ्नु भण्डार षाली भयाको र भरिपूर्ण भयाको पनि याद हुन्छ. राजाको मुष्य बल भन्याको त षजनै हो. वहांदेषि भण्डारको पनि संभार रहुन्छ. गादि चिन्हधाप्रान्त क्या हुन्छ भन्या छोटा कुलका दुष्ट काफर असत् वेसनमा लाग्याका पामरहरूसितको सोवत रहदैन. कस्ताको संग हुन्छ भन्या धर्म चित्तमा लाग्याका वडा कुलका सुरा सद्-व्यसनमा प्रविण भयाका निमषदारसितको सोबत हुन्छ. तस्ताका सोवतले कीर्ति वढाउन्या राज्य बढाउन्या वैरि घटाउन्या यस्तै कार्यको प्रवृत्ति गादि चिन्हाले हुंछ. आफ्नु सामर्थ चिन्हाले क्या हुन्छ भन्या मन्त्रवल सैन्यवल इ आदि गऱ्याका राजाका ढेरै बल छन् आफ्ना बलाबलको विचार हुन्छ. तसअर्थ येति चिह्नी काज गर्न्या राजाको सर्वतरहले सदा कल्याणै हुन्छ. यसमा पनि मुष्य पक्ष जो छ सत्संग सर्वथा गर्नु भनि विन्ति गर्नुभयो र सत्संगको वर्णन भयाको कथाहा विनति गर्न लाग्नुभयो. यक कोही वडा सहरमा ढेरै दौलथ भयाको वडो माहाजन रहेछ. फेरि कस्तो भन्या धर्म रूप सिल गुणले जुक्त भयाको तस महाजनको देस देसमा बढा बढा सहरमा ढेरै गुमस्ता रह्याका रह्याछन्. तस्का ढेरै पुत्र कुल कुटुम्ब चाकरहरू पनि सतैवृत्तिमा लाग्याका थिया. तेस्तै तरहसित काल छेपन गरिरह्याका थिया. कोहि येक दिनमा सत्संगको महिमा गराउनानिमित्त श्री दैवले पठा-याको दुर्दसाले घेऱ्याको येक कोहि राक्षस महाजनको सत्य-देषि च्युत गराई तसलाई मारि तेस्को मासु पनि षाउला. दौलत पनि ल्याउला भनि येति पाप मनमा चिताई मनुष्य रूप धारि महाजनका घर आई त्यो महाजनसित केहि भन्न लाग्यो. हेमहाजन तिम्रो जस सुनि तिम्रो चाकरि गर्न आयाको हुं, मलाई काजमा लाउ भन्यो र तेरो क्या गुण छ. क्या दर्माहा छ भनि महाजनले सोध्यो र राक्षस वोलन लाग्यो. तिम्रो जहां जहां कोठि छ. म दुइ घडिमा पुगि उत्तर समाचार ल्याउनको सामर्थ छ. तर तिम्रो र मेरो एउटा पण गरू भनि भन्दा माहाजनले क्या पण भन्छस् भन्दा राक्षसले मलाई काम लाईराषनु एक छिन पनि काम-देषि षालि नराषनु. काम अह्राउन नसकि मलाई षालि राष्यादेषि मेरो मनपर्दो गर्नु भनि भन्दा महाजनले वेस भनिस्. मैले तलाई काम लाउन नसक्याका वेलामा तेरा मन पऱ्याको गऱ्यास भनि एसतो कवुल गरि तेस राक्षसलाई राषदो भयो. तस कालमा यस्तो चाकर काहां पाजिन्छ भनि षुसि भै काम लाउन लाग्यो र उस जगादेषि ६।७ मैल्हामा पुगन्या सहरमा जा भन्यो र काम अह्राई पठायो. र त्यो चाकर क्षणैमा पुगि महाजनको काम सिद्ध गरि क्षणैमा आयो. फेरि काम क्या हो लाउ भन्यो. फेरि पठा-उछ क्षणैमा पुग्छ आउछ षदमि वात ल्याउछ. कौनै देशमा पठाया पनि क्षणैमा आईपुग्न लाग्यो र उसलाई काम अह्रा-उनाले एक छिन फुर्सद पाउन्या भयन. षानाको सुतनाको अरू इष्टमित्रसितको वसउठ गर्नाको केहि फुर्सद रहेन र त्यो महाजन वहुत दुर्वल भयो. असल चाकर पाजा भन्थ्यां र यो ता मलाई वडो रोग भयो भनि बहूतै षेद गरि रहदा १।२ मैल्हा तस्तै तरहले वित्याका थिया. तस्तै विचमा त्यो सत्वृत्तिमा लाग्याको हुनाले अघि तेस महाज-नले १ कोहि वडा सज्जन पुरुषलाई आदरभाउपूर्वक वडो टहल गरि प्रसन्न गराय'को थियो र उनै सज्जन पुरुष तेस महाजनसित भेट गर्नानिमित्त तेस्का घरमा आया. भेट गरि कुसल वार्ता भयापछि तिमि ता हृष्टपुष्ट थियौ. आजकाल किन बहुत दुर्वल भयाछौ, क्या कारणले हो भनि सोध्या र माहाजनले विन्ति गर्न लाग्यो. पुर्वविस्तार गऱ्यो र वढिया चाकर पाजा भनि पण गरि राष्याको थिजा तसलाई काम अह्राउन फुर्सत पाजिदैन भनि विस्तार गर्दैमा फेरि त्यो चाकर आईपुग्यो. फेरि चाडै काम अह्राई पठायो. वाहादेषि तिनै सज्जन पुरुषले केही आज्ञा गर्न आग्या. सतसंग गर्नाले परमपद जस्तो पदार्थ पनि पाईन्छन्. यस्ता कामको उपाई-

लाई क्या चिज छ म बताउछु सुन भन्या र एक काष्ठको उचो थम्ब गाडनु. फलामको सिक्रि बनाई तेस चाकरका कटिमा बाधि तेस थम्बमा बाधनु. र कैले तेस थम्बका माथि जा कैले तल आ तेरो काम तेहि हो भनि तेई काम लाउनु र त्यो चाकर सव्य असव्य मनुष्य राक्षस जो होला आफै कायल भै जाला भनि ति सत्यपुरुषले आज्ञा गरि बस्या. तेहि उपाय माहाजनले तत्क्षणैमा गर्‍यो र तेहि काम चाकरलाई दियो र तत्क्षणैमा चाकर कायल भै म राक्षस हुं. तिमिलाई मार्न आयाको हुं. भन्यो र हात जोरि माहाजनका पाउमा परि जो चाहीन्छ सो गर भन्यो र तैले पाप चिताई आयाको रहिछस् त पनि तेरो उपर म कृपै गर्छु भनि तस राक्षसलाई बन्धान बाध्यो. कस्तो बन्धान भन्या जैले मलाई चाहियलास् म डाकुला आयास्. आज र तेरा घर जा भनि माहाजनले भन्यो र त्यो राक्षस खुसि भै आपना घर गयो. वडा वडा संकष्ट भया पनि सतसंगले क्षणमा दुर हुन्छ. भनि श्री प्रतापि नारामल राजाले श्री ५ महाराजा रामसाहका हजुरमा विन्ति गर्नुभयो र श्री ५ महाराजा रामसाह बहुत हर्षित हुनुभयो. अर्द्ध रात्रिउत्तर पनि भयो. ताहांदेषि सुकला हुनुभयो. तस्तै तरहले गरि अवधि नपुगि-ञ्ज्याल तपस्या हुदै रह्यो. तेसै समहेमा आहा गोर्षामा पनि लषं थापा सिद्ध हुदाभया. कस्ता तरहले सिद्ध भया भन्या पात टिपन भनि वनमा गयाछन् र आहां पात बडिया रहेछ भनि टिपु भन्दा अलिक माथि झुन् राम्रो तस्तै क्रम जादा जादा ढेरै माथि पुक्यापछि त एक वडा जटाधारी फटिकका दर्शन लगायाका षरुवाको रुमाल कंठमा वाध्याका वडा तेजवंत वावाजिलाई देष्या र ईन्को ता वडो शरीर अग्निका जस्तो तेज भयाका ई ता मनुष्य होइनन् देवतै हुन् भनि ठानि पाउमा परि दण्डवत् गर्‍या र वावाजिले पीठमा ढाप दि केहि वात मर्जि हुन लाग्यो. त ता थाकिकन वडो परि-श्रम भयो हो. भोक पनि लाग्याको होला भन्या जस्तो छस्. तलाई क्या षानको इक्षा छ भन् र म षान दिन्छु भनि मर्जि हुदा भोक पनि वहुत लाग्याको छ. षिर पायादेषि षादा हुं भनि लषं थापाले विति गर्‍या र वावाजिले नादको सब्द गरि "आरे मिन्डुक" (अरे मण्डूक) भनि लल्कार्दामा वडो ठूलो भ्यागुतो कचुडावाट दुद अलि अलि चुहुदै गरि वावाजिका अगाडि आइन्. वाहापछि वावाजिले भदालो दी येस्मा दुद दुहि र तेस तुंवामा चावल छन् तेसैले षिर पका भनि मर्जि भयो र लक्ष्मण थापाले दुद दुहि षिर पकाया. तस वेलामा पद्मासन वाधि एस्तो आसन गरि वस् भनि मर्जि भई सिकाई प्राणवायु एस्ता तरहले उठा भनि तेहि क्रमले कुण्डनि शक्तिलाई आधारचक्रदेषि षैचिकन षट्चक्र भेदन गराई सहस्रदलमा पुर्‍याउन लगाई फेरि सहस्रदलदेषि उतानु चढाउनु गरि ८१ आवर्ति क्षणैमा गराउनुभयो. वाहांदेषि दिव्यदृष्टि पनि लषं थापालाई हुदो भयो. वाहां-पछि षिर पनि भोजन गर्‍या. वावाजिले यो मिन्दुक र मलाई चिन्हिस् भनि आज्ञा हुदा लषं थापाले हजुरका प्रसा-दले चिन्हयां ई मिन्दुक श्री ईश्वरिको अवतार हुनुहुदो रहेछ. हजुर श्री गोरषनाथ हुनुहुदो रहेछ, भनि चिन्हयां भनि विन्ति गर्दा यो पायस तलाई षुवायाको क्या अर्थले हो भन्या मैले सिकायाको दिव्य ग्यान दृढ हवस् भनि हो. अब तं सिद्ध भईस्. श्री ५ महाराजा रामसाहको सहाय पनि गर्‍यास्. भनि आज्ञा गर्नुभयो. लषं थापा सिद्धले साष्टांग दण्डवत् गरि आफना घरमा गया. आहा गोर्षा दरवारमा पनि श्री ५ महाराज रामसाहका मुमा पनि श्री देविकै अंस हुनुहुन्या रहेछ. वाहांबाट आफुभन्दा पनि बुहारिमा ज्यादा अंश देषनाले जो वरदान दिन्या कुरो बुहारिबाट हुन्याछ. मेरा संतानलाइ नेपालको भोग हुन्याछ. ईनैको जय गर्ना-निमित्त सल्यानमा जान्छु भनि बुहारिलाई संक्षेप दि सल्या-नकोटमा पाउलाग्नुभै अन्तरध्यान हुनुभयो. अब उप्रान्त पनि सल्यानकोटमा श्री महारानि श्री देविको पुजा हुदैछ. वाहां पर्वतमा पनि श्री ५ महाराज रामसाह श्री प्रतापि नारामल राजा तपस्या गर्दा गर्दा ४ मैह्ना वित्या. पाचौं मैह्नामा ता केहि संछेप भयो. कस्तो भन्या श्री ५ महाराज रामसाह श्री प्रतापि नारामल राजाले प्रातः कालमा उठि प्रातः-कृत्यादि सकल कर्म सकि दुई घडि रात्रि वाकि छदामा पद्मासन गरि निमेष वाधि जप गर्न लाग्नुभयाको थियो. उस्ता वषतमा श्री ५ महाराज रामसाहका नेत्रमा तेजको टलक लागेछ. क्या हो भन्या जस्तो मानि अलिक पलक षोलि नजर गर्नुभयछ. अलिक टाढा रह्याका कन्याको छाया जस्तो आकृति नजिकमा भन्या सुद्ध निर्मल कान्ति भयाको षाडो झुल्याकझुलुक गर्‍याको वाहुलिले समातन पुगन्या गरि नजर गर्नुभयो र दुर्वलले नजर तिरिमिरि भयाको होला भन्या जस्तो ठानि तपस्यामा चित्त डोलाउनु छैत विघ्न मात्रै होला भनि ठानि फेरि निनिष वाधि तपस्यामा लाग्नु-भयछ. प्रतिदिनको जति संष्या थियो सक्यापछि श्री ५ महाराजा रामसाहबाट श्री प्रतापि नारामल राजासित निर्वलले हो कि क्याले हो आज अलिक टाढा कन्याको छाया जस्तो र नजिक समात्न पाउन्या ठाउमा सुद्ध निर्मल

खाडो झलमलाउदो जस्तो देषियो. भनि मर्जि हुदा श्री प्रतापि नारामल राजाले विति गर्न लाग्नुभयो. जस्को तपस्या हामिले गर्न आयाका छौं. उनैको दर्शन भयछ. षाडापत् देवि भन्याकि तिनै हुन्. षाडापत् देवि भन्याको कस्तो हुन् भन्या अघि सिजापति राजा कोहि समयेमा षाडापत् देविको पुजा गर्न भनि आया. ब्राह्मणहरूलाई पुजा पाठ गर्न लाया. आफ्ना जप गर्न लाग्या र तेसै वेलामा हजुरले नजर भयाको जहिं कन्या भन्या होईनन् षाडो मात्रै नजीकमा देषदा सिजापति राजाले बाहुलिले समात्याछन् र झन् गरुं झन् गरुं भै थामन सक्यानन् षाडो षुस्किगयो. तेहि षाडो बाहुलिले पक्याका प्रभावले सिजापति राजाले ढेरै मुलुक मार्नुभयो. कर्कट संक्रान्तिमा जहासंम उल्मुक फाल्दछन् ताहासंम जुम्लाका सिजापति भन्याका राजा हुन्. यो उल्मुक फालन्या सिजापति राजाको निसाना हो. श्री मुकुन्दसेन राजाले पनि आहा आई पाठपुजा गर्दा षाडो एक छिन् मात्र समात्न पाया थाम्न सक्यानन्. तेहि प्रभावले श्री मुकुन्दसेन राजाले पनि ढेरै मुलुक मार्या. तसर्थ हजुरले त कन्याको समेत दर्शन पाउनुभयो. ति षाडापत् देवी हुन्. हजुरले थाडालाई पक्रनुभयाको भया ढेरै मुलुक मार्नुहुन्या थियो. पक्रनुभयनछ मुलुक ता थोरै मार्नुहोला. परसम्म अटल गरि रहन्या सबैलाई चाहिन्या स्थिति हजुरको रहला भन्या जस्तो मेरो चित्तले एहि ठहरियो. भनि श्री प्रतापि नारामल राजाले विन्ति गर्नुभयो. तेस्तै तरहसित तपस्या गर्दा ५ मैल्हा पूर्ण भयाका रात्रिमा श्री ५ महाराज रामसाह श्री प्रतापि नारामल राजा दुवै जनाले पद्मासन वाधि जपको समाधि लगाईरहनुभयाको वेलामा अपूर्व सुन्दामा पनि आनन्द लाग्दो आकाशवाणि हुदो भयो. कस्तो आकाशवाणि भन्या श्री ५ महाराज रामसाहको नाम उच्चारण गरि "वरं बूहि" भन्या जस्तो एस्तो शब्द भयो. शब्द हुदामा पनि विघ्न हो कि भनि निश्चल भै जपैमा रहनुभयो र श्री प्रतापि नारामल राजाले श्री देवताको मर्जि भयापछि पनि चुप लाग्नुभयो भनि आफ्नु जप छोडि संकेत गर्नुभयो. "वरम् बूहि" "वरम् बूहि" फेरि येस्तो आकाशवाणि भयो. श्री ५ महाराज रामसाहले पनि प्रतिदिनको जप संख्या उहि वेलामा समाप्त भयो. श्री ५ महाराज रामसाह वडा नम्र भै श्रद्धावान् भै बाहुलि जोडि "हेदीनवत्सले हेदीननायिके प्रसीद" भनि म ता केहि जान्दिन हजुरको वालष छु. केहि जान्दिन हजुरको ज्या इच्छा छ सोहि वक्स्याजावस् भनि विती गर्नुभयो र "जुलेश्वर दिल्लेश्वर एकै गोर्षेश्वर होला" भन्या यो शब्द श्री ५ महाराज रामसाहले सुन्नुभयो र अति हर्षे भै साष्टांग दण्डवत् गरि मैले शिर चढाआ भनि विन्ति गर्नुभयो. श्री ५ महाराज रामसाह श्री प्रतापि नारामल राजा ति दुवै जनाको नाम उच्चारण गरि फेरि शब्द भयो "तिमि दुवै जना हात थाप म केहि दिन्छु" भनि मर्जि भयो. दुवै जनाले वाहुलि थापनुभयो. श्री ५ महाराज रामसाहका बाहुलिमा श्री लक्ष्मीनारायण बक्समुभयो. श्री प्रतापि नारामल राजाका वाहुलिमा श्री पादुका बक्सनुभयो, ई दुवै जनाले स्वरूपको दर्शन नभया पनि बडा हर्कले गरि वारंवार दण्डवत् गर्नुभयो. बडो प्रसन्न भै श्री प्रतापि नारामल राजाले श्री ५ महाराज रामसाहसित केहि विति गर्न लाग्नुभयो. हजुरलाई श्री लक्ष्मीनारायण बक्सनुभयो, मलाई श्री पादुका बक्सनुभयो. एस्को अर्थ बुझनुभयो कि भनि विति गर्नुभयो र श्री ५ महाराज रामसाहबाट तपाईको हाम्रो सेव्यसेवक सम्बन्ध वाधिबक्सनुभयो भन्या जस्तो मैले ता एस्तै ठहराआ क्या अर्थले भन्या स्वरूप मेरा हात वाहिको पादुका तपाहीको हात हुना ताहा मैले ता एस्तै ठहराआ. तर परन्तु भक्ति तपाईलाई ज्याद होला भन्या जस्तो मान्दछु. तेति श्री ५ महाराज रामसाहबाट मर्जि भयापछि श्री प्रतापि नारामल राजा वडो हर्ष भैकन म ता वृद्ध भयाको छु श्री नारायणको भक्ति अधिक लाग्या मेरो परमार्थ सप्रन्याछ. बहुत योग्य मर्जि गर्नुभयो. भनि विति गरि वडा हर्षसित श्री ५ महाराज रामसाह श्री प्रतापि नारामल राजा यथेच्छा कन्दमूलादि भोजन गरि वडा आनन्दपूर्वक श्री भगवानको गुणानुवादैले गरि रात्रि वितानुभयो. जव प्रातःकाल भयो प्रातःकृत्यादि स्नान तर्पण सन्ध्यावन्दनादि सकल कर्म समाप्ति गरिकन वाहां पर्वतदेषि दुवै जना पाउलाग्नुभयो र वाटामा श्री ५ महाराज रामसाहसित श्री प्रतापि नारामल राजाले केहि विति गर्नुभयो. कस्तो विति गर्नुभयो भन्या सबैलाई आनन्द हुन्या आफुले गरियाको काम सबैले मान्नुपर्न्या परसम्म रहन्या एस्तो स्थिति कल्पना गर्नुहवस् भनि विति गऱ्या. ताहांदेषि गलकोटका अम्बलमा पनि आइपुग्नुभयो र श्री प्रतापि नारामल राजाले अरू पांच राजाहरूलाई चिठि लेषि गलकोटैमा झिकाया पांचै राजा आया. श्री प्रतापि नारामल राजासमेत छ राजा भेला भया. ताहांदेषिन् अरू ढेरै ब्राह्मणहरू पनि निमंत्रणा गरि होमादि यज्ञ गरि पुरश्चरणको सांगता गरिसक्यापछि तेसै जग्यका अन्त्यमा श्री प्रतापि नारामल राजाले वरदान भयाको शब्द अरू राजाहरूलाई सुनाई छ राजा भै उई वरदान

भयाको शब्द उच्चारण गरि "जुमलेश्वर डिल्लेश्वर एकै गोर्षेश्वर" भनि विति गरि महाराजिको टिका चढाई हजुरले मुलुक नमान्या पनि हजुरलाई श्री देवताको वरदान हुनाले हजु लाई महाराजि हामिले मान्यु. अब उप्रान्त हजुरले राष्याको थिति परसम्म ठहर्‍याँ गरि वक्सनुहवस्. हामि सवै शिर चढाउछौं भनि विन्ति गरि राष्याथ्या. तेस्तै वेलामा गोर्षा दरवारबाट सब भारा पाचहेरू श्री ५ महाराज रामसाहलाई चलाउन पुग्या. तेसै वेलामा पाथि मानु तुलो एस्को स्थिति हुकुम् गर्नुभयो. क्या अर्थले एस्को स्थिति भन्या वासका ढुंग्रिले डालाले आह्रिले येस्तै तरहसित चलन गर्थ्या. तसर्थ दस मुठिको मानु. आठ मानाको पाथि. विस पाथिको मुरि, एस रितले चलन गर. तस्तै रितले वोडि पल विसौलि धार्नि एस्तै तरहले तुलाको पनि व्यवस्था वाधि चलन गर भनि हुकुम भयो. दामको दुनु अन्नको तिनु वोक्सीलाई वादि नदिनु. पध्याराको कुलाको कोलको ऋगडा नसुन्नु. दामको दुनु भन्याको क्या अर्थ भन्या अधि ता असामिले कर्जा लि दसौति व्याज तिर्न नसकि अतिसुकै वर्ष रह्या पनि वर्षैप्रतिको व्याज हिसाब गरि तिर्न सकन्या भयाका वेलामा लिदा ता कोहिले ता कैल्हे पनि साहुदेषिको छुट्टी नपाउन्या हुन्या भै मुलुक ढेरै ऋणग्राही हुन्या. तस्कारण दसवद्का हिसावले दस वर्षमा दोवर हुंछ दोवर लिनु, असामिले साउ पनि व्याज पनि तिर्न सकेन दस वर्षदेषि उभो जतिसुकै वर्ष तिर्न नसकि रह्यो भन्या पनि फेरि सकन्या भयाका वेलामा लिदा ता कोहिले ता कैल्हे पनि साहुदेषिको छुट्टि नपाउन्या हुन्या भै मुलुक ढेरै ऋणग्राही हुन्या. तस्कारण दसवत्का हिसावले दस वर्षमा दोवर हुन्छ दोवर लिनु. असामिले साउ पनि व्याज पनि तिर्न सकेन. दस वर्षदेखि उभो जतिसुकै वर्ष तिर्न नसकि रह्यो भन्या पनि फेरि सकन्या भई तिर्दाका वेलामा वर्षैप्रतिको व्याज साहुले नलिनु भन्या एस्तो स्थिति वाधिवक्सनुभयो. वोक्सिलाई वादि नदिनु भन्याको क्या अर्थ भन्या वोक्सिको वीगो जियसम्बन्धी हुनाले विगो वाधनु सकदिन र वादि पाउन्न. एकोहोरो न्याय दिनु र वोक्सिले जित्यो भन्या पाच रुपियांको पगरि दिनु. हारि भन्या गाउवाट निकालि दिनु. भन्या यस्तो स्थिति वाधिवक्सनुभयो. पध्याराको कोलको ऋगरा नसुन्नु भन्याको क्या अर्थ भन्या पध्यारामा वहुत स्त्रीजाति जान्या. ताहादेषि अरू कोहि चाकरवाकर जान्या. पानि नभै भन्या कसैको पनि काम नचल्न्या. तसर्थ जो अधि पानि लिन पध्यारामा पुक्यो तेसैले ल्याउनु. अर्कोले म लैजान्छु नभन्नु. तेसपछिकाले तेसैपछि लैजानु. एस्तै ऋतसित पानि ल्याउनु. तेस्मा पनि कोहि कसैले ऋगडा गर्‍यो भन्या कचहरि जोडि ऋगडा नसुन्नु. पध्याराको पनि एस्तै थिति वाधिवक्सनुभयो. कोलको पनि ढेरै घरको कोल एकै हुन्छ. आपना आपना पालाले पेलनु. तस्मा पनि ढेरै स्त्रीजाति अरू कोहि चाकरवाकर हुंछन्. कदाचित् केहि ऋगडा भयो भन्या कचहरिमा ल्याई ऋगडा नसुन्नु भनि थिति वाधिवक्सनुभयो. कुलाको पनि ऋगडा नसुन्नु भन्याको अर्थलाई कुलामा पनि वहुत वाधा कमारा चाकरै जान्छन्. तसर्थ आपना आपना षेतका हिसापमा आयाको पानि भाग पाला पालासित लाउनु तेस्मा पनि केहि गालि गोप्ता कुटपिट भयो भन्या कचहरि जोडि कुरा नसुन्नु भन्या कुलाको एस्तै थिति वाधिवक्सनुभयो. अधि ब्राह्मणलाई विर्ता दिदामा पनि फलानु डाडो फलानु षोलो फलानु पहरो किल्ला भित्रको जगा विर्ता दिन्यु भन्याको मात्र. येति मुरि येति षेत भन्या ठेगाना नहुनाले ब्राह्मणका विर्ताको र रैकर जगाको साधकिल्लाको वन्देज नभयाको देषदा यो थिति वाधिवक्नुभयो. श्री राजाको भूमि चौतरियाको ऋारि काजिको विन्ति ब्राह्मणको हात पाचको साध. कस्तो साध भन्या चार किल्ला गाडि येति मुरि येति शय भन्या साध गर्नु भनि हुकुम भयो. यस्ता तरहले दान गर्न्याले पनि दान गर्नु. दान लिन्याले पनि दान लिनु भन्या हुकुम भयो र श्री प्रतापि नारामल राजासमेत ६ राजा भै सोहि स्थितिबमोजिम कामकाज चलाउन लाग्या. ति ६ राजावाहेक अरू अरू राजाका मुलुकमा पनि श्री ५ महाराज रामसाहबाट वाधिवक्सनुभयाको स्थिति वडा आनन्द हुन्या सजिलैसित व्यवहार चलन चलन्या देषि अरू राजाहरू पनि येहि स्थितिले गरि कामकाज चलन गर्न लाग्या. ताहादेषि श्री ५ महाराज रामसाहवाट वाधिवक्सनुभयाको स्थिति र अरू अनरिति अनराह अन्याय गरि छोटो वडो प्रजा प्राणि जो हिडला तसलाई श्रीराजाले डण्ड गर्नु. ढुंगो छुवाउनु. त्यो ढुंगो छुवाउनु कस्तो हो भन्या श्री लक्ष्मीनारायणको प्रतिनिधि ढुंगो हो. सो जानि पान फुल द्रव्य तसै शिलामा चढाई अन्याय गर्‍याको पातक छुटन्या उपाय एहि हो भनि एसतो स्थिति वाधिवक्सनुभयो र सोहि स्थितिले गरि श्री प्रतापि नारामल राजाले पनि आफुले पादुका पायाको हुनाले पादुकाको अनुकरण कठपाउ वनाई तेह्रि कठपाउ छुवाई पापको विमुक्ति गराई तेसै रीतसंग काम चलाउन लागनुभयो. अरू कुरो त जुन स्थिति श्री ५ महाराज राम-

साहबाट बाधीवक्सनुभयाको स्थितिले सब कामकाज चलाउन लाग्या र तस्तो थिति श्री ५ महाराज रामसाहको स्थिति चलन लाग्याको देषतामा जुमला पर्वत पाल्पा र अरू अरू राजाहरूले केहि बात बोलन लाग्या. जुमलाका सिजापति राजाले पनि लुमुक ता ढेरै मान्याछन् स्थिति ता केहि बाधेनछन् मान्या मात्रै. श्री ५ महाराज रामसाहले मुलुक नमार्दै बाहाको स्थिति कस्तो भन्या सबैलाई चाहिन्या यस्तो स्थिति बाधीवक्सनुभयो र आनन्दपूर्वक सबैले तेहि स्थिति मानि काम गर्न लाग्या. तिसर्थ श्री ५ महाराज रामसाहका सन्तानको परिणाममा बाईसि चौबीसि राजाको मुलुक भोग होला भन्या जस्तो देखिन्छ भनि कुरा गर्न लाग्या र तेस्तो बाउ हूदा पर्वतका श्रीराजमल राजाका चित्तमा बहुत षेद पऱ्यो. किन भन्या श्री ५ महाराज रामसाह बडा महाराज हुनुहुन्या रहेछ. बाहालाई हामिले अनादर गर्न जान्यानछौ भनि बहुत षेद पऱ्यो. अरू जान्या जान्या मानिसहरूका चित्तमा पनि यस्तै पऱ्यो आपस आपसमा येस्तै कुरा गर्न लाग्या. ताहादेषिन् गोर्षाबाट चलाउन गयाका भारा पाचहरूले शुभ मुहुर्त हेरि उ छ राजाहरूलाई मर्जि हुन्या कुरो मर्जि भै श्रीप्रतापि नारामल राजासित बडा स्नेहपूर्वक करुणाको बात मर्जि भै श्री ५ महाराज रामसाह आफुलाई चलाउन गयाका भारा पाचहरू सब जनालाई लि गोर्षा पाउलाग्नुभयो. गोर्षादेषिन् पनि गोर्षाका सब पाच प्रजा प्राणिहरू सबैले आपना आपना जातले मंगल गरि हुन्या मंगल नृत्य गान बजान गरि बडा आनन्दपूर्वक बडा हर्षसित सिन्दुरजात्रा गर्दै दरबारमा चलाई शुभ मुहुर्तमा श्री ५ महाराज रामसाह दरबारमा प्रवेश हुनुभयो. ताहादेषि केहि दिनपछि जुमला पर्वत पाल्पा चौबिसी बाईसी ई सबै राजाहरूलाई आपना आपना देशमा हुन्या जुन जुन चिज हुन्छ सो चिज वस्तु लि ससौंगात तयार गरि गोर्षा श्री ५ महाराज रामसाहका हजुरमा वकिल पठाया. वकिल गोर्षा श्री ५ महाराज रामसाहका हजुमा आई ससौंगात षलितापत्र चढाई दर्शन गऱ्या केहि दिन रह्या. षलितापत्र नजर हुदा षलितापत्रमा लेष्याका कुरा. अघि अघिका बडा बडा राजाहरूले बाधन नसक्याको पछिका बडा राजाहरूलाई पनि सब प्रजा प्राणिको सबको व्यवहार चलाउनामा अति हित हुन्या. एस्तो स्थितिको बन्धान हजुरबाट बाधित्वक्सनुभयाको छ. तसर्थ हजुरको किर्ति अनोपमेय हुदो भयो. हजुरका स्थितिरूपि किर्तिले ढाक्तामा सकल राजा पशुप्राय भैगऱ्यू. परमपुरुषका चिह्नले चिह्नित भयाका ता हजुर मात्रै पैदा हुनुभयाको रहेछ. हामि सबै मनुष्यका आकृति मात्रै पाई जन्म्याका रह्याछौं भनि जति राजाबाट षलतारपत्र आयाका थिया. एस्तै एस्तै कुरा लेष्याको रहेछ नजर भयो. बाहादेषिन् जस्ता जस्ता राजा हुन् उनै उनैमाफिकको वकिललाई षिल्लत वक्सि ससौंगात तयार गरि बिदा वक्सनुभयो. आपना आपना देशमा वकिलहरू बिदा भै गया. ताहादेषिन् श्री ५ महाराज रामसाह गादिमा राज गर्नु भै गोर्षाका सब भारा पाच बटोलि जम्मा गरि आफुले बाध्याको स्थिति हुकुम गरि एहि स्थितिले व्यवहार कामकाज चलाउन लाग्या. श्री ५ महाराज रामसाहबाट फेरि हुकुम गर्नु भयो. अघि हाम्रा जिज्यु बुबाज्यु श्री ५ महाराज द्रव्य शाहलाई गोर्षाको तषतमा राज गऱ्याउन्याका छोरानातिलाई हुकुम गरि आजदेषि उप्रान्त तिम्रो पनि म बन्धान गरिदिन्छु भनि हुकुम भई पाडे पन्थ अर्याल षदाल राना बोहोरा तिमिहरू छ थर भयौं. तिमिहरूलाई छ थर बाध्याको क्या अर्थले हो भन्या चौतरिया काजी सर्दार ईप्रभृति अरू जोकोई अन्याय अनरितमा लागि गादिको र प्रजाको बिगार्मा पस्नन् भनि मेरो अंग तुल्याई छ थरको बन्ध्यान गऱ्याको कारन येहि हो. तिमिहरूले गादिको सोझो र प्रजाको हित गरिब्ज्याल हाम्रा सन्तान दरसन्तानले तिमिहरूका सन्तान दरसन्तानलाई नफेरनु भनि बन्ध्यानको हुकुम भयो. फेरि हुकुम गर्न लागनुभयो. श्री देवताको गुठि धर्मशालाको गुठि ब्राह्मणहरूलाई बिर्ता दान हुदामा संकल्प गर्दा चौतरियाको झारि भन्याको क्या अर्थ हो भन्या चौतरिया भन्याका आपना भाई. भाई भन्याका मुष्य अंग हुन्. अंग पुर्ण गरि दान गऱ्या आफुलाई यथोक्त फल हुन्छ. भनि चौतरियाको झारी भन्याको कारण यहि हो. काजिको बिन्ति भन्याको क्या अर्थले हो भन्या पन्पक्ष नगरि यथायोग्य विचार गरि काजिले बिन्ति गर्नु. काजिको बिन्ति भन्याको अर्थ यहि हो. पांचको सांध भन्याको क्या अर्थ हो भन्या छ थरप्रभृति अरू पांच सांघ भाई बसि यति मुरि यति बिस यति षेतको यति पाषो घड्यारि भनि निकासपैसार सन्धिसर्पनको विचार राषि चार किल्ला गाडी सांघ लाइदिनु. पांचको सांघ भन्याको अर्थ यति हो भनि बन्धान गरिवक्सनुभयो. यहि स्थितिले काम चलन लाग्यो. ताहांदेषि गौचरवन पंध्याराको वन बाटाको रूष यसको पनि स्थिति बाधिवक्सनुभयो. गौचर राषनु भन्याको क्या अर्थ भन्या गौब्राह्मणको रक्षा राजैबाट हुन्छ. गौचर नरह्या राजालाई प्रत्यवाय

लाग्छ भनि गाउं गाउं रिकासपैसारको चलदो मिलदो गरि गौचर राषनु भनि हुकुम भयो. धाटाको रूष राषनु भन्याको क्या अर्थ भन्या दु:षि गरिव कामकाज गरि थाकि आउन्या बोझा बोकि आउन्या अरू जोकोहि पनि हिडन्या मानिसहरूलाई गर्मि हुन्छ भनि वाटामा रूष पालनु. वाटाका रूष जो काटला उसलाई दण्ड गरि पांच रुपैआ लिनु भनि हुकुम भयो. पध्यारामा वन नभया जैल्हे कैल्हे पानि रहदैन सुक्छ. तसर्थ वन पालनु. पध्याराको वन जो काटला तसलाई पनि ५ रुपैआ दण्ड लिनु. वन पालनु भन्याको अर्थ क्या हो भन्या वन ढेरै फाडिया पैह्रो जान्छ. ढेरै पैह्रो गयाप्रान्त उपधा जान्छ. उपधाले षेत पनि लैजान्छ. वन नभया गृहस्थीको कौनै काम पनि चल्दैन भनि हुकुम भयो. चौतरिया भाइ गोतिया इनले जियसम्बन्धिको ठुलो विराउ गर्‍या भन्या विदेश गराउनु. ब्राह्मणले जिय-सम्बन्धि ठुलो विराउ गर्‍या भन्या मुडी विदेश गराउनु. सन्यासि वैरागि भाट् इनले पनि ठुलो विराउ गर्‍या भन्या मुडी देश निकाला गराउनु. भाई चौतरिया गोतियालाई विदेश गराउनु भन्याको क्या अर्थ भन्या जिउ मारिन्या बिराउ गर्‍यो. जिउ लिन्याको जिउ लिनु यो धर्मशास्त्रमा कहयाको छ. जिउ मारूं भन्या गोत्रहत्या लागन्या. नमारूं भन्या राजालाई प्रत्यवाय लागन्या. तसर्थ देश निकाला गर्नु पनि मार्‍यैको तुल्य छ भनि विदेश गराउनु भन्याको हो. ब्राह्मणलाई पनि मार्‍या ब्रह्महत्या लागन्या. नमार्‍या राजा-लाई प्रत्यवाय लाग्छ. तस्कारण मुडनु पनि मार्‍यै तुल्य छ भनि मुडि विदेश गराउनु भन्याको हो. वैरागि सन्यासि अवध्य छन् भेष लियाका हुनाले. भाट पनि ब्राह्मण जस्तै हुनाले अवध्य छन् भनि मुडि देश निकाला गर्नु भन्याको हो. षस मगरप्रभृति अरू सब जातमा जियसम्बन्धिको विराउ गर्‍या भ या जसले विरायाको छ विराउन्याको मात्रै जिउ मार्नु. जस्को पाप उस्को गर्धन भनि वन्ध्यान गरिवक्स-नुभयो. सुवर्णको गहना श्रीपटवन्दि महारानिले मात्रै पाउमा पैह्रनु. क्या अर्थले भन्या सुवर्ण भन्याको श्रीविष्णुको अंशा. राजा भन्याका पनि श्री विष्णुकै अंशा हुनाले पाट-वन्दि महारानि भन्याका श्री लक्ष्मीका अंशा हुनाले पाटवन्दि महारानिले सुवर्णको गहना पाउमा पैह्रनु. भाइ चौतरि-याका रानिहरूले ता महाराजा महारानीबाट वक्स्या पाउमा लाउनु. नवक्सि ता पाउमा वाहेक लाउनु. भाइ चौतरियाका रौतेला रौतेलिलाई वालकालमा मात्रै पाउमा लाउनु. ब्राह्मणप्रभृति षस मगर अरू जातिले त श्रीमहाराजवाट वक्स्या हातमा लाउनु. नवक्सि त हातवाहेक लाउनु भनि हुकुम भयो. फेरि श्री ५ महाराज रामसाहवाट अर्का रानि-तर्फ पैदा हुनुभयाका साहेब प्राणसाह नारायणसाह विक्रम-साह ई तिन आपना पुत्रलाई चौतरिया काजि सर्दार तुल्या-इवक्सनुभयो. तहांदेषिन् चार प्रोहित पनि तुल्याइवक्सनु-भयो. अर्याललाई अर्याला. होतु अचार्ज. वगाल्यालाई होतु विहान्यालाई अर्यालो अचार्ज खदाललाई ब्रह्मा भट्टराइलाइ गणेश भनि पुरोहित्याइको वन्ध्यान वाधिवक्सनुभयो. गोर्षा प्रवेश हुदामा पैल्हे तल्ला कोटमा गादि पन्याको हुनाले पांडेलाई पुरोहित्याई वक्सनुभयो. अवपर्यन्त तल्ला कोटमा पांडे पुरोहित छदैछन्. तल्ला कोटमा श्री देवता स्थापना नगरि वलिदान नगरि यहाँ दर्वारमा वलिदान नगर्नु. भनि हुकुम भयो. ग्राजा थापालाई ददांगि मान वक्सनुभयो. तरू कक्षाकि आले ग्राजा थापा ग्राजा राना ई तिन थरले आलो-पालो गरि षानु भनि कपर्दारि मान वक्सनुभयो. पांडे पन्थ अर्याल ई तिन थरलाई आलोपालो गरि षजानाको मान वक्सि षजानाको काम चलाउथ्या. धर्मअधिकार षरदारि भान्स्या एति मान काम पनि अर्याललाई वक्सनुभयो.

ताहांदेषिन् हाम्रा कुलदेव्वा इनै हुन् कि विचमा अदलवदल भयाका रह्याछन् भनि विचारलाइ छ थरका मानिस पनि षटाउनुहुदा तिनिहरूले कौन काम हो क्या तरहले बुझ्न्या हो भनि विन्ति गर्दा श्री ५ महाराजा रामसाहबाट हुकुम भयो तिमीहरू जाइ राणा राइठोर हाडा कछुवा चितौर उदैपुर जोतपुर कोटा बुंदि जयपुरमा जाइ अघि यहां पद्मिनी मैआका निमित्त हाम्रा राणा-हरूको श्रीवादशाहसित ठूलो लडाइ भै शाखावन्दि हुदा ठुला ठुला जो थिया लडाइमा पर्‍या, साना वालष गर्भवती रानिहरू पहाडमा पाउलाग्नुभै रहनुभयाको रहेछ र हामिले राजा थापि राष्याछौं. तसर्थ शाखावन्दि भयाको हो होइन भनि यस्तै तरहसित बुझि वसउठ गरि श्रीकुल-देवताको पनि निश्चय गरि अरू कामकाज बुझि आउनु भनि हुकुम भै षलितापत्र लेषि सर्वांग कस्तूरी चमर वाज चरससमेतको सखौंगात तयारी गरि विदा वक्सनुभयो. पछि श्री ५ महाराजा रामसाहवाट फेरि हुकुम गर्नु भयो. तिमिहरूलाई किन पठायाको हो भन्या तपस्या विद्याले हीनभयाका ब्राह्मण कटकले हीन भयाका राजा व्यापार विर्‍याको वनिआ षेति विर्‍याका शूद्र रैत प्रजा इ षराप जान्छन्. तसर्थ राजाले घा कटकको वषत चिह्नि घा गर्न्या

बेलामा घा. कटक गर्न्या बेलामा कटक गर्न्या राजाको सदा जयै हुन्छ. घा भन्याको अठार प्रकारको हुन्छ. द्रव्य लिनु दिनु गरिकन दोस्त बाधनु यो पनि एक प्रकारको घा हो. राजा भै देस देसका राजासित घा बाध्यप्रान्त आफुभन्दा ठुलो वैरि लडाइ गर्न आयो भन्या पनि सहाय पाइन्छ. आफुले पनि सहाय दिनुपर्छ. घा बाध्याको अरू राजाको भर आफुलाइ आपनो भर अरू राजालाइ गर्नु. यस्ता तरहले राजाको राज्य स्थिर हुन्छ भनि हुकुम भयो र दर्शन गरि विदा भै गया.

चितवरगढ उदैपुरमा गै ससौंगात षलितापत्र मेजमानि जस्ता तरहले हुन्या हो सो परिपाठ पारि सिसौतिया राणाजि महाराजसितको बैठक भै सरसौगात षलितापत्र नजर गराई मेजमान सब विस्तार हुदामा सिसौतिया श्रीराणाजी महाराज प्रसन्न भइ पुर्वविस्तार गरि पद्मिनी मैत्राका निमित्त श्रीबादशाहसितको ठूलो लडाइ भै शाखाबन्दि हुदामा हाम्रा भाइ बन्धु रानी रनिवा यत्रतत्र भयाको साचो हो. यहां नजिकमा भयका त सबै सामेल भञ्यूं. पहाडमा पनि २।३ रानी गर्भवती २।३ साना बालष साहेबहरू लाग्याका थिया. काहां छन् कस्ता तरहले रह्याका छन् भन्या हाम्रा चित्तमा अन्यसा थियो. पहाडमा हामीले राजा थापि राजा भै रहनुभयाको छ भनि तिमीहरूले विस्तार गर्दामा हामि बहुत आनन्द भञ्यूं भनि हुकुम गरि ति गयाका वकिलहरूलाइ वडो स्नेहपूर्वकको मेनमानी वक्सि केहि दिन ताहि रह्या. तहां रहुञ्ज्यालसम्म सिसौतिया श्रीराणाजि महाराजका कचहरिमा प्रतिदिन जाइ रहिकन एक दिन एकान्त विन्ति गर्दा एकान्त वक्सनुभयो र एकान्तमा हजुरहरूका श्रीकुलदेवता कुन हुन्. चिठिको प्रसस्ति कस्तो हो भनि विन्ति गर्या र श्रीकुलदेवता इनै हुन् भनि प्रशस्ति पनि यहि हो तर प्रशस्ति ता पाहाडमा राजा भयाका छन् केहि मोहडामा ता फेरनुपर्ला भनि हुकुम भयो. सिसौतिया श्रीराणाजि महाराजसित सोधन्या बुझ्न्या कुरो हाम्रा महाराजवाट हुकुम भयाको कुरो ता बुझिञ्यूं अब कचहरिको मर्यादा भाई चौतरिया भैयात गुरु पुरोहित भारादार अरू सेवक चाकर इ सबै कुराको मर्यादा व्यवस्था बुझि ताहांदेषिन् विदा विन्ति गर्या र सिसौतिया श्रीराणाजी महाराजवाट वकिलहरूलाई षिल्लत वक्सि सरसौगात तयार गरि विदा वक्सनुभयो.

वहादेषिन् हिड्यापछि ति वकिलहरूले केहि सल्लाह गर्या. सिसौतिया श्रीराजाजि महाराजले प्रशस्तिमा मोहडातरफ केहि फेरनुपर्ला भनि मर्जि भयो. तसर्थ डिल्ली जाउं र बादशाहसित गै यसको ठेगाना गर्न्या हो भनि सल्लाह बाधि पांडे पन्थ अर्ज्याल ई तिन थर प्रभृति अरू थर पनि डिल्ली जान तयार भया. षनाल राना वोहराप्रभृति अरू थरलाइ सल्लाहले भन्या. तिमीहेरूले हाम्रा श्रीमहाराजाका भाइहरू नुवाकोटप्रभृति सात टिका छन्. ताहां गै क्या मर्यादा रहेछ. क्या विस्तार क्या रहेछ बुझ्दै विचार गर्दै विस्तारसित पाहाड लाग. हामि पनि आइपुगुंला र सबै संग भै जाउला. भनि अह्राया र ति तिन थरप्रभृति अरू थर पनि स्थितिविति अरू राजारजौटाहरूको पनि बुझ्दै विचार गर्दै पहाडतर्फ लाग्या. तिन थर मुष्य भै जो गयाका दिल्लीमा पुग्या. पुग्याकै दिनमा श्रीबादशाहको सवारि हुन्या रहेछ र हामीले बादशाहसितको दर्शनपर्शन मुकाविला आजै हुन्या हो. यस्तो ठहराया र यतिमा देशी पक्की भाषा बोलन जो निपुण छ उसैले बोलनु सबैले नबोलनु भनि सल्लाह गरि सिसोतिया श्रीराणाजी महाराजबाट श्रीबादशाहलाइ लेषन्या षलितापत्रको व्यहोरा बुझाइ सिकाइ वक्सनुभयाको हुनाले षलितापत्रको पनि तैयारि गर्याको थियो. श्रीबादशाहलाइ सरसौगात लाउन्या पनि तयारि गर्या. यहां यस्तो श्रीबादशाहका तषत वडो सहर यस्ता हामि भन्या देशी धना ठोक्का लियाका ठाडी षुकुरि भि-याका ढाल षुडा बाध्याका यस्ता हामी अलग्गै छुट्टिनेछौं. रहन पनि हामी छुट्टै गरि रहुं र श्रीबादशाह अलवत सोधनन् भन्या तजविज गरि छुट्टा भै रह्याका थिया. श्रीबादशाहको सवारि भयो नजर पनि भयो. र यस्ता पैरन यस्तो डबलका मानिस ता यहां कैल्हे पनि देषियाका थियानन् ति कुन देशका मानिस रह्याछन्. क्या कामले आयाका रह्याछन् सोधबुझ गर भनि हुकुम भयो र सोध्या. हामी गोर्षेश्वर महाराजबाट आयाका वकिल हौ भनि विन्ति गर्या सरसौगात पनि चढाया. षलितापत्र पनि चढाया. हातमा भोल्टा लायाका धनु लियाका यस्ता देषतामा त्यो धनु कस तरहले हान्छौ. त्यसको मारू कस्तो हुन्छ भनि श्रीबादशाहबाट हुकुम भयो र धनु चढाइ टंकार गरि यस्ता तरहले हान्नुपर्छ भनि विन्ति गर्या र श्रीबादशाहबाट पनि आफ्ना तिरन्दाजीहरूलाइ बोलाइ हजारां तिरन्दाजि तयार भै तावाको निषाना राषि हान्न लाग्या. हजारामा १।२ ले निसाना मार्या र श्रीबादशाहबाट

गोर्षाका वकिललाइ तिमीहरू निसाना मार्न सक्छौ भनि हुकुम भयो र तावाको निसाना त हाम्रा जोकोहि पनि मार्छन् एस्को क्या महिमा छ. पटनाको निसाना थापि हाम्रो घनु हाम्राको तजविज नजर भयाजावस् भनि विन्ति गऱ्या र फेरि बादशाहबाट सोह्रो मात्रै हान्छौ कि साह्रो पनि हान्छौ भनि सोद्धा साह्रो पनि हान्छौं परीक्षा भयाजावस् भनि विन्ति गऱ्या र भैसि ल्याइ अघि आपना तिरन्दाजीहरूलाइ हान्न लाउंदा तीर अलि अलि गाडिन्या आफैं षसन्या गोर्षालिलाइ हान्न लाउदा ता कांड गडि सरसमेत गाडियो र श्रीबादणाहले सोह्रो पनि साह्रो पनि हान्याको नजर भयो र वहुत षुसी भै साल दोसालासमेत इनाम वक्सि सवारि फिरि श्रीबादशाह दरवारमा पाउलागनुभयो. वाहांपछि डेराडंडा गरि रह्या.

भोलिपल्ट श्री वादशाहबाट षोजि भै वोलाई श्री बादशाहका कचहरिमा लगि तिम्रो किमतदेषि म बहुत षुस भजा. तसर्थ तिमिहरू जाहिं वस तिमिहरूलाई जगाजमिन पनि दिन्छु दर्माहा पनि दिउला. मेरो दिनु तिम्रा राजा क्या दिनन् जाहिं वस भनि हुकुम हुदा गोर्षाका वकिलहरूले विन्ति गर्न लाग्या. निमकहरामि भै कसो गरि हजुरमा रहुँ. हजुरबाट पनि निमकहरामि भयाका मानिस कैल्हे पनि नराख्याजावस् निमषहरामको केहि प्रतित हुदैन. ऐल्हे ता हजुरबाट जगाजमिन रूपैया वक्सनुहोला बसुंला हजुरले भन्दा कुन ढेरै अर्कालि दियो भन्या फेरि उसैतर्फ जाउला एस्तो निमकहराम गर्न्या सेवक दुष पाउछ. यस्ता सेवक संग्रह गर्न्या षामिदको पनि विग्रन्छ. हामि ता जसको निमक षायाको छ उसका निमित्त जिउ धन सर्वस्व भया पनि सहनु छ निमक छोडि कदाचित् अर्कातर्फ जानु छैन भनि विन्ति गर्दा श्री बादशाह अति प्रसन्न भै तिमिहरू वडा निमषका सोह्रा रहयाछौ बुद्धिमान रहयाछौ तिम्रा राजाको मुलुक पनि ठूलै होला भन्या जस्तो लाग्छ कत्रो मुलुक छ भनि हुकुम भयो र बाह्र हजार छ भनि विन्ति गऱ्या. मुलुक ता सानु रह्याछ भनि श्री बादशाहबाट हुकुम हुदा ब्राह्मण क्षत्रिय आदि तेलि धोविपर्यन्त बाह्र बाह्र हजार हुनाले वाह्र हजारिया कहलायाका छन् भनि विन्ति गर्दा उसो भया ता ठुलो मुलुक रहेछ भनि श्री बादशाहबाट हुकुम भयो र तिमिहरू क्या काममा आयाथ्यौ भनि सोद्धा सिसोदिया श्री राणाजी महाराजा पहाडमा पाउलागनु भै श्री महाराज हुनुभयाको छ तसर्थ श्रीगोर्षेश्वर महाराजबाट हुकुम भै चित्तौरगढमा रह्याका श्रीराणाजी महाराजको प्रशस्ति कुन हो हामि पहाडमा आई राजा भयाका छौ. हाम्रो प्रशस्ति कस्तो हो श्रीवादशाहका हजुरमा जाइ विन्ति गरि श्री बादशाहका मुहारबाट निकासा गरि ल्याउ भनि हुकुम भयो र हामि आयाको हो भनि विन्ति गऱ्या र सिसौतिया श्रीराणाजी महाराजबाट पायाको प्रशस्ति पनि नजर गराया र श्रीबादशाहबाट पण्डितहरू वोलाई राणाजी महाराजबाट भयाको प्रशस्तिमा अगाडि मुहोडातर्फ फेर्न लगाउनुभयो "गिरिराजचक्रचूडामणि" येति मात्रै फेर्नाले हुन्छ भनि पण्डितहरूले विन्ति गऱ्या र यहि प्रशस्तिले श्रीबादशाहबाट "स्वस्ति श्रीगिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविधविरुदावलि विराजमानमानोन्नत श्रीमन्महाराजाधिराज श्रीपद्रामसाहदेवानां सदा समरविजयिनाम्" षलितापत्र लेषि सरसौगात तयार गरि वकिलहरूलाई षिल्लत वक्सि विदा वक्सनुभयो.

डिल्लीदेषिन् हिंड्या पाहाडमा उत्रि अघि आयाका मानिसहरूसित भेट भै सव जना जम्मा भै गोर्षा आइपुक्या र श्रीमहाराजा रामसाहका हजुरमा दाषिल भै दर्शन गऱ्या. सिसौतिया श्रीराणाजी महाराजसित कुलदेवता इनै हुन् भन्या निश्चय गरि ल्यायाको विस्तार श्रीबादशाहलाई रिझाई प्रशस्ति ल्यायाको विस्तार अरु राजारजौटाहरूसित को पनि हालसुरथ सव विस्तार विन्ति गऱ्या. श्री ५ महाराजा रामसाहबाट वडा हर्षपूर्वकले तिमिहरूलाई जानि कन छथर तुल्यायाछु भनि हुकुम भयो र तहादेषिन कचहरिको मर्यादा हुकुम भयो. श्रीमहाराजाबाट फलाना भनि हुकुम हुदा महाराजाधिराज भनि विन्ति गर्नु, साहेव चौतारालै फलाना भनि मर्जी हुदामा गरिप्रवर वन्दिनिअबाज भनि विन्ति गर्नु. बाबु, टाढाका भैयाद गोतियालाई साहेवसंग भनि विन्ति गर्नु. काजी सरदार भरभारदार भयाका ब्राह्मण षस मगर आदिहरूलाई देवान काजी मुषिया जिउ जिकारि आज्ञा भनि बोलनु. महाराजाका नजिक सनहेका मान्या चौतरिया साहेवले सलाम गर्दा गादिमा राज भयाका वेलामा श्रीमहाराजाबाट एक सलाम फिराईवक्सनु अन्यत्र ता दुई सलाम फिराईवक्सनु आपना भातभान्साका नगिचका चौतरिया काका बाज्या दाज्यू पर्न्याका रानीहरूलाई त श्रीमहाराजा श्रीमहारानीले पनि ढोगभेट गर्नु. श्रीमहाराजाका हजुरमा छदामा साहेब चौतरिया पाइ

लाग्नुभयो भन्या श्रीमहाराजासित विन्ति गरि वक्साई आसीर्वाद सलाम गर्नु. श्रीगुरुलाई श्रीमहाराजाले दर्शन गर्न्या वेलामा छ भन्या सवैले गुरुलाई दर्शन गर्नु अघिपछि ता विन्ति गरि बक्साई गुरुलाई दर्शन गर्नु. अरूले श्री ५ महाराजाका अगाडिमा बाबु बाज्या आया पनि ढोगभेट नगर्नु. श्रीमहाराजाले केही काम हुकुम हुदामा पछि पछि हटि श्रीमहाराजाका अदृष्ट भयापछि पिठ फिराइ जानु. नजर परिन्ज्याल आफ्नो पीठ नजर नगराउनु. कचहरिमा मोचताउ पनि नदिनु. उपरखुट्टि पनि नलाउनु, नगीचका भाई चौतरियालाई दाहिनातरफ चारपाटघामा. गुरुलाई अगाडिका चारपाटयामा. आफ्ना भाइ काजी भयाकालाइ वायातरफ चारपाटयामा वसाइदिनु. ब्राह्मण षस मगर अरु काजी भयाका छन् भन्या पाका बुढाहरूले हुकुमले बसनु जवान आलाकाचाले ता खडै रहनु. बुढापाकाले ता अरू भलादमिले पनि हुकुमले वसनु. श्री ५ महाराजा कचहरिमा एक्लै विराजमान भयाका वेलामा द्वाऱ्या नसाधि काजीले पनि नजानु द्वाऱ्या मान खानजादैले मात्र षानु. कचहरीको सकल मर्यादा एस्तै तरहले वाधिवक्सनुभयो.

तहांदेषिन् श्रीसाहेबज्यू पनि पैदा हुनुभयो. बडा हर्ष-पूर्वकले ब्राह्मणहरू निमंत्रण गरि यज्ञादि गरि नामकरण भै श्रीडम्बरसाह नाम राषनुभयो. तहांदेषिन् उप्रान्त कोहि एक दिनमा श्रीगोरषनाथबाट लषन थापा सिद्धलाई श्रीराम-साहको सहाय गर्न्यास भनि आज्ञा भयाको हुनाले श्री ५ महाराजा रामसाहका कचहरिमा लषन थापा आइ आफ्नो सिध्याइ प्रकाश गराउनुको निमित्त अकस्मात् उसै लषन थापा हास्या र श्री ५ महाराजा रामसाहबाट किन हासिस् लषन थापा भनि हुकुम भयो र उसै आल्याटाल्या गर्न लाग्या र त्यो हास्याको क्या कारणले हो विन्ति नगरि हुदैन भनि फेरि हुकुम हुदा लषन थापाले ऐल्हे पाल्पाका श्रीराजाका कचहरिमा नाच हुन लाग्याको थियो र त्यो नाचन्या पत्रिको सारी षुसक्यो र कचहरिमा रहन्या सबै हास्या र म पनि हास्याको हुं भनि विन्ति गर्‍या र यहां बसिकन पाल्पाको कचहरिको कुरो कसो गरि देषि हास्याको भनि हुकुम हुदा यो वात तहकित हो भनि विन्ति गर्‍या बुझ्याजावस्, यो कुरा त बुझ्नुपर्छ भनि उहि दिनको घडि वेला वषतमा तहां कसो भयाको हो भनि षत लेषि पठाउनुभयो र उस दिन उस वषतमा लषन थापा उहि रह्याछन्. लषन थापाले जो विन्ति गर्‍याको साचो रहेछ उतर आयो. फेरि अर्का दिन लषन थापा कचहरिमा थिया उसै अकस्मात् लषन थापा उठ्या र आफुले ओढ्याको षाष्टो निचोर्न लाग्या. चिसो भयाको षाष्टो निचोरियो. पानी निकालियो र श्री ५ महाराजलाई पनि अरु कचहरिका भरभारदार सब मानिसहरूलाइ बडो आश्चर्य भयो र श्री ५ महाराजा रामसाहबाट हुकुम भयो. यहि वस्याका थियौ क्या कारणले तिम्रा लुगा भिज्या र निचोर्‍यौ भनि हुकुम हुदा ऐले कृष्णागण्डकीमा डुंगा बुडघो र पनि डुंगामा थिया अरू मानिस पनि थिया सबै जना बुडघा र उनलाई पाषामा ठिकदा मेरा लुगा भिज्याका हुन् भनि विन्ति गर्‍या र यो पनि निश्चय गर्नु पर्छ भनि उस दिनको वेला घडि लेषिषठाउदा कृष्णागण्ड-कीमा रहन्या मानिस घटवारहरूले एस दिन एहि वेलामा डुंगा बुडि मानिस बुडघा र लषन थापाले बुडघाका मानि-सहरूलाइ पाषामा उतार्‍याथ्या भन्या अर्जि आयो र नजर भै साचो रहेछ. ई ता सामान्य पुरुष रहेनछन्. सिद्ध पुरुष रह्याछन् भनि चित्तले ठहराइ लषन थापालाइ एकान्तमा लगि वडा स्नेहपूर्वकले गरि तिमि ता वडा सिद्ध पुरुष रह्याछौ. तिमि कस्तरहले एस्ता सिद्ध भयाका हौ भनि हुकुम भयो र लषन थापाले म ता अरु मनुष्य जस्ता छन् तस्तै छु ममा ता केहि छैन भनि ढेरै तरहसित छलछाम गरि विन्ति गर्‍या र तिमि यस्ता वडा सिद्ध पुरुष भैकन छलछाम गर्नु योग्य छैन बडा करुणापूर्वकले मैले गर्‍याको प्रश्नको उत्तर तिम्रा मुषारविन्दले श्रवण गराउ भनि श्री ५ महाराज रामसाहवाट हुकुम भयो र वाहादेषिन् सिद्ध पुरुष लषन थापाले निष्केवल भै पूर्ववृत्तान्तले विस्तार श्रवण गराउन लाग्या. अघि आफुलाइ श्रीगोरक्षनाथबाट प्रसाद पाइ सिद्ध भयाको श्री ५ महाराजा रामसाहलाइ सहाय गर्न्यास् भनि आज्ञा भयाको बृतान्त सब विस्तार गर्‍या र श्री ५ महाराज रामसाह बहुत हर्ष मानि सिद्ध लषन थापासित मलाइ नेपालको मनसुवा छ नेपालको भोग हवस् भनि हुकुम हुदा नेपालको भोग ता हुन्याछ हजुरलाइ छैन हजुरका सन्तानलाई हुन्याछ. तर यो कुरा मसंग किन हुकुम हुन्छ. हजुरका श्रीमहारानी साक्षात् श्रीदेवीको अवतार हुनुहुन्छ वांहि हुकुम हवस् भनि लषन थापा सिद्धले विस्तार गर्दा श्री ५ महाराज रामसाहबाट मेरा महारानी त्यस्ता भया म केहि थाहा पाउन्या हु मलाई केहि थाहा छैन तिम्रो ता एक पटक हासदा र एक पटक लुगा निचोर्दामा केहि थाहा पाऱ्या वाहां ता जान्दिन

तिमिले कसों गरि जान्यौ यस कुराको विस्तार गर भनि हुकुम हुदा सिद्ध लषन थापाले विस्तार श्रवण गराउन लाग्या. श्रीदेवी महारानीका मुषारविन्दवाट सुन्याको केहि देष्याको म विन्ति गर्छु श्रवण भयाजावस, पैल्हे श्रीगोरष-नाथको र श्रीदेवी महारानीको वातचित भयाको विस्तार गर्छु केहि एक दिनमा श्रीमहारानीले हजुरलाइ ज्युनार गराउनालाइ भुजा रचि टक्याइ अरू तर्कारी टक्याउनु-लाइ अरू सरजाम लिन अरूतर्फ मुहार फिराइ सरजाम लि टक्याउन फिर्दामा ता भुजा तिहुन तर्कारी टक्याको सब थलिया कचौरा षालि भयाको नजर भयो र अरे कसो भयो क्याले षायो यहां ता कोहि आयाको छैन मैले विर्स्या कि भनि फेरि भुजा रचि टक्याउनुभयो. फेरि उस्तै भयो र क्या भयो यस्तो भनि आफुले आत्मज्ञानले विचार गर्दा श्रीगोरषनाथबाट भोजन गर्याको ठहराइ फेरि भुजा रचि कतैतर्फ मुहार नफिराइ सामने नजर भइ जिउनारको सबै सराजाम टक्याउनुभयो. श्रीगोरषनाथको जो स्वरूप हो सो स्वरूप प्रत्यक्ष हुदा श्रीमहारानीबाट मलाइ यस्तो छल किन गर्नुपर्‍यो. मलाइ यो कुरो चाहिन्छ भनि आज्ञा भया जो वस्तु भन्यो सो वस्तु दाषिल गर्न्या थियां भनि हुकुम गर्नुहुदा श्रीगोरक्षनाथबाट षानु-लाउनु दिनु लिनु भन्या हामिलाइ यो व्यवहार ता केहि थिएन. एउटा छल नगरि संवाद हुदैन भनि छल गर्याको हो क्या अर्थको संवाद भन्या मनुष्यको जन्म भयाको छ. मनुष्य हुं भन्या नठहरि-याजाबस् केबल श्रीकाली श्रीलक्ष्मी दुवैको अंशाले यहांको अवतार भयाको छ तसर्थ आफ्नो अंशा अवतार संझाउन मात्रै आयाको हुं संझायाको क्या निमित्त भन्या श्रीद्रव्य-साहलाइ मैले आसिर्वाद दियाको जो छ, त्यो चाडो फलित हवस् भनि मर्जि गर्नु हुदा श्रीईश्वरी महारानीबाट तहां श्रीशिव आफैंआफ साक्षात् शिवको अवतार हुनुहुन्छ. ताहा-को वरदान झूटो हुन्याछैन साफल्यै हुन्याछ. फेरि मबाट क्या भन्नुपर्‍यो भनि श्रीदेवी महारानीबाट हुकुम हुदा श्री गोरक्षनाथबाट फेरि आज्ञा गर्न लाग्नुभयो मैले दियाको वर झूटो हुन्याछैन सत्यै हुन्याछ. तथापि सकल जगत् संसारमा देहधारि जति ज्यावन्त छन्. ति भया अरू श्री देवताहरू जो छन् उनका पनि सामर्थको अधिष्ठात्रीस्वरूप शक्तिलाई कहिन्छ. तसर्थ मेरो वरदानको पूर्ति तांहिवाट गर्नुपर्छ भनि श्रीगोरक्षनाथबाट आज्ञा गर्नुहुदा श्रीदेवी महारानीबाट २।४ दिनपछि हामि सबै भेला भै मर्स्याङ्दी दरौदिका वेनीमा वातचित गरौला भनि हुकुम भयो र श्री गोरक्षनाथ आफ्नो स्वरूप छिपाइ अन्तरध्यान हुनुभएछ. यस्तो प्रवन्ध अघि भयाको रहेछ. पछि मलाइ श्री गुरु गोरक्षनाथबाट दरौदी मर्स्याङदीका वेनीमा श्री ५ महाराज रामसाहका रानि श्री देवी अरू देवता पनि म पनि ताहि भेला हुन्याछौं तं पनि पूजा सराजाम लि ताहि आयास् भनि श्री गोरक्षनाथबाट आज्ञा हुदा श्री देवी महारानी पनि कस्तो स्वरूप गरि कस्तो तरहले वैह्राउनुहुदो रहेछ भनि केहि अन्त्य पनि लिन्या तजविज चित्तमा ठहर्‍याइ आफ्नु स्वरूप छपाई देवी सामर्थ्या हुन्यालै मात्र देषिन्यां गरि पटांगिनीमा आइरह्याको थियां. श्री देवी महारानीको वैह्राउन्या वषत भएछ र वहांका गण रहेंछन् मैले ता केटी जस्ता मान्या परमेश्वरीको अन्त लिन खोज्याको ता मलाई उस घडिमा मोह भयो. वहांदेषिन् केटी जस्ता उ आएर कसको अन्त लिन हो आफ्नु सरूप छिपाई सिध्याई देषायाको भनि ललकारदा स्वप्नादेषिन् जाग्या जस्तो भयो र हेर्छु त केटी पनि नाहि कोहि पनि नाहि. त्यस्तो देषदा परमेश्वरीलाई मन वचनले हेईश्वरि मैले हजुरको अन्त्य लिन जानिन, श्री गुरु गोरक्षनाथबाट त पनि पूजाको सरा-जाम लि दरौदि मर्स्याङदिका वेनीमा आयास् भनि आज्ञा भयाको थियो र आयाको हुं. मेरो अपराध क्षमा गर्न्या-जावस् भनि दण्डवत् प्रणाम गर्याकछि दर्वारिका ढोकादेषि एक पुरुष निकल्यो पछिबाट दिव्य अतिसुन्दर एक स्त्री निस्कदामा एस्तो सुन्दर स्त्री ता याहा कैल्हे पनि देषिनथ्यां. भनि मनमा यस्तो चिन्तमा हुदा जुन काममा म आयाको थिया उ काम पनि विर्स्या अघिको श्री गोरक्षनाथको दर्शन नपाउदैको अतिमूढ बुद्धि जुन थियो सो बुद्धिले ढाक्या जस्तो हुदा इ महारानी त कस्का पछि गइन् यो पुरुष कुन हो. त्यसैलाई काटिदिउ र षामिदको सोझो यसै गर्न्या होला भन्या मनमा ठहराइ तरवार झिकि हातमा लि पछि लाग्यां र दौडि गै भेटदामा ता उइ पुरुष सिंह भयो र उहि सिंहमा श्री ईश्वरी महारानी सवार हुनुभयो. मैले त्यस्तो देषदामा यस्तो क्या कल्पना गर्‍यां भनि हात जोडि षडा भयां र हामि जस्ता पाजिले सिद्ध भयौ भनि सेषि गर्नु यो व्यर्थ रहेछ हजुरको अन्त लिन षोजन्या भयाको मेरो अभिप्राय बुझि मायाको छल दुई वषत हुदा मलाई भयाको दिव्य ज्ञान लोपै भया जस्तो भयो सिध्याइको पनि कोहि ठेगाना भएन तसर्थ हेईश्वरि ब्रह्मादि इद्रादि देवताहरू पनि हजुरको माया बुझि सकदैनन् भनि साष्टांग दण्डवत् गरि बहुत

तरहसित बक्साई क्षमापन गराया र श्री देवी महारानीबाट तं पनि अघि लाग हिड भनि हुकुम भयो र अघि अघि लागि गया. जादा वेनिमा पुग्यापछि श्री गुरु गोरषनाथ-प्रभृति सकल देवताको समागम तहां भइरहचाको रहेछ. उस्ता वषतमा श्री गुरु गोरक्षनाथबाट लषन थापा तैले ल्यायाको सामग्रीले यस्तो विधानसंग पूजा गर भनि सिकाइबक्सनुभयो र सोहि विधिले गरि अरू देवताहरूको पनि पूजा गर्‍यां. विशेष वडा विधानले गरि श्री ईश्वरी महारानीको पूजा हुदा श्री ईश्वरी महारानी प्रसन्न भै क्या निमित्त तैले पूजा गर्‍याको हो भनि हुकुम हुदा श्री ५ महाराज द्रव्यसाहलाई श्री गुरु गोरक्षनाथबाट जुन प्रवन्धसित वरदान बक्सनुभयाको थियो यस्ता प्रवन्धले जय हुन्या छ भनि हुकुम भयाजावस् भनि मैले विन्ति गर्‍यां र तहांदेषिन् श्री ईश्वरी महारानीबाट वेस विन्ति गरिस् त्यो संयोग पनि तैले पाइस्. जस्ता तरहले दिनुपर्न्या हो सो तरहसित वरदान दिउला भनि हुकुम भयो र तहादेषिन् फेरि श्रीमन: कामना देवी जो हुन् सो मै हूं. आजदेषि मेरो पूजा सदा-सर्वदा तैले तेरा सन्तान दरसन्तानले गर्नु भनि हुकुम भयो. वहादेषि श्री गुरु गोरक्षनाथबाट पनि मैले दियाको वरदान ताहिबाट चाडै पूर्ति भयाजावस् भनि आज्ञा हुदा श्रीदेवी महारानीले पनि हजुरबाट बक्सनुभयाको वरदानको पूर्ति म गरुला भनि हुकुम भयो र श्री गुरु गोरक्षनाथ अन्तरध्यान हुनुभयो. अरू अरू श्री देवताहरू पनि आफ्ना आफ्ना स्थानमा गया. श्रीदेवी महारानी सिहका सवार भै दरवारमा पाउलागनुभयो. वहां दरवारमा भित्रिनुभयापछि म पनि आफ्ना घर गयां. यो वर्षदिनअघि भयाको कुरा मैले विन्ति गर्‍यां. आजकाल पनि पर्व पर्वमा कैल्हे श्री काशी कैल्हे श्री विन्ध्यवासिनी कैल्हे अरू वडा वडा पीठमा सिहका सवार भै पाउलागनुहुन्छ म पनि पाउरषवारि जान्छु भनि विन्ति गर्दा श्री महाराज रामसाहले हुकुम गर्नु भयो. म पनि कस्ता तरहले भेट पाउला सो उपदेश मलाइ गर भनि हुकुम भयो र सिद्ध लषन थापाले विन्ति गर्‍या ८।९।१४ का रात्रिमा ४।५ घडि रात्री वाकी छदामा हजुर सुकुलादेषि जागु हुनु भै श्री देवी महारानीका गातमा बाहुलि लाउनुहोला र गात चिसो भयाको होला. तेसै वषतमा पनि हजुरबाट तिमि मसंगै सयन गर्‍याकि छौ तिम्रो अंग चिसो मेरो अंग तातो क्या कारणले हो भनि हुकुम होवस् र मेरो अंग पनि तातै छ भनि हुकुम हुन्याबित्तिकै तातो हवैजाला. तेति हजुरले परीक्षा गर्‍याजाबस् भनि विन्ति गर्‍या र फेरि आजका दुइ महिनापछि भौमाष्टमी पर्‍यापछि त्यस दिनमा श्री देवी महारानीको सात्विक कै वडो पूजा हुन्याछ पाउलागनु-हुन्याछ. त्यस दिनका रात्रीमा हजुर सुकलादेषि प्रहर रात वाकि छदामा जागु भै वाहिर पटांगिनीमा पाउलागनुभै रहनुहोला र प्रहर रात वाकि छदामा श्री काशी पुकि हामी यहां आइपुकन्याछौं. सिहका सवार भै श्री देवी महारानी-लाई पाउलागनुभयाको नजर होला र को हो यो भनि पक्कन तयार हुनुहोला र त्यस वेलामा श्री देवी महारानी वडो नम्र भई सुन्दर सुन्दर वाणिले गरी हजुरका पाउमा पर्न आउनुहुन्याछ त्यस वेलामा गुरु श्री गोरक्षनाथ पनि ताहि प्रकट हुनुहुन्याछ जो जो वरदानको इच्छा छ त्यसै वषतमा विन्ति गर्नुहोला भनि सिद्ध लषन थापाले विन्ति गर्‍या र श्री ५ महाराजा रामसाह वडा आनन्दसित विरा-जमान हुनुभयो. ताहाँदेषिन् जति जति परीक्षा विन्ति गर्‍याथ्या विचार गर्नुभयो ठिक पाउनुभयो. जउन दिनको कुरा विन्ति गर्‍याथ्या उस दिन आइपुग्यो र उस रात्रीमा प्रहर एक रात्री वाकि छदामा श्री ५ महाराज रामसाह वाहिर पटांगिनीमा पाउलागनुभै रहनुभयो. तेसै वेलामा श्री देवी महारानी काशी पुकि फिरि पटांगिनीमा आइपुग-नुभयो र श्री ५ महाराज रामसाहले सिहका सवार भयाको तडातड आउदी यस्ती नजर हुदा को होस् भनि पक्कन तयार हुदा श्री इश्वरी महारानी वडा नम्र भै सुन्दर सितल वाणि गरि पाउ पर्न लागनुभयो. श्री ५ महाराज रामसाहले मेरो पाउ पर्न पर्दैन मेरो ता रानी भै जन्म मात्रै लियाको रहेछ तिमि ता साक्षत् इश्वरीको अवतार रह्याछौ तसर्थ मेरो मेरा सन्तानको कस्ता तरहले कल्याणवृद्धि हुन्या हो सो तरहको वरदान हवस् भनि हुकुम भयाको थियो. त्यसै वषतमा श्री गुरु गोरषनाथ पनि प्रकट हुनुभयो. श्री गुरु गोरषनाथ लषन थापा सिद्ध दुवै जना भै श्री ५ महाराजा रामसाहको जस्ता तरहले जय हुन्छ सो पाठको वरदान बक्स्याजावस् भनि विन्ति गर्दा श्री देवी महारानीबाट श्री ५ महाराजा रामसाहलाई हजुरदेषि ७ तौ राजालाई नेपालको भोग होला हजुरका मेरा सन्तानलाई पूर्वदिसा पश्चिमदिसामा संग्राम गर्दा हाम्रा सन्तानको जय होला उत्तर दक्षिणतिर ज्यादा मनसुवा नगर्नु उत्तर दिसा घा गर्नाले जय होला भनि श्री देवी महारानीबाट वरदान बक्सनुभयापछि फेरि श्री गुरु गोरक्षनाथबाट म फेरि वरदान दिन्छु भनि तिम्रा सन्तानको डिल्लीका नगरा बजोस् भनि मर्जि गर्नुभयो र आफ्ना रानी श्री गुरु गोरक्षनाथबाट वरदान पाइ अति हर्ष

हुनुभयो. सिद्ध लषन थापा पनि विदा भै आपना घर गया. श्री ५ महाराजा श्री ५ महारानी भित्री हुनुभयो.

तहांदेषिन् चौविसि वाइसि राजाहरूका मुलुकमा वडा वडा गाह्रा गाह्रा कुगडा पऱ्या वहाँ कसैले छिन्न सक्यानन् तव गोर्षा श्री ५ महाराजा रामसाहका कचहरिमा जाउ भनि कुगडिया जोडि पठाइदिन लाग्या कुगडियाको चित्त बुझाइ सवको चित्त बुझाइ कुगडा तोडिवक्सनुहुदा "विद्या हराया काशी जानु, निसाफ हराया गोर्षा जानु" भन्या वोलिको निसाना जो छ त्यो पनि श्री ५ महाराजा रामसाहदेषिन् चल्दो भयो. वहांदेषिन् श्री ५ महाराजा रामसाहलाई मुलुक ता अति सानु भयो लडाई पनि गर्न्याहो मुलुक पनि वढाउन्या हो भन्या मनसुवा भयो र सकल भारा पंच राषि मतजत वातचित सल्लाहा गरि लडाइको उद्योग चल्दो भयो. तेस्तै वषतमा देशदेषिन् कोहि १ रजपूत आयो. वाना वनेटि वाक पट्टा छुरि विछुवा फरि गतका कटारको हात धना सकल इलममा कुशल भयाको रहेछ. तसलाई वर्ष दिन राषि श्री ५ महाराजा रामसाहले सकल इलम सिकि तयार हुनुभयो. ताहांदेषिन् मऊवासित तसल्ल गर्न लागनुभयो. लिगलिग श्री ५ महाराजा द्रव्यसाहले सर गर्नुभै गोर्षा पावलागनुभयाको हुनाले कायमै थियो. जता लिगलिग उतै हर्मि पनि कायमै थियो. अरू थुम त अघि भन्या लमजुङ मान्दा रह्याछन् पछि ता केहि वर्ष कसैलाइ पनि नमानि ठाडै रह्याका रह्याछन्. श्री ५ महाराज रामसाहवाट जाचवुझ गर्दामा तसल्ल गर्दामा ता कतै पनि नमानि रह्याका रह्याछन् भनि मानिस पठाइ तसल्ल गर्दामा ताहांका सव भला मानिसले राजा नमानि हुंदैन तसअर्थ हामिले गोर्षैलाई मान्या हो भनि ठहराया र गोर्षैलाइ माग्न आया र थुमको लगापात छुटघाइ एस थुमको लगापात एति. एति साधभित्रको फलानु थुम एस्तै एस्तै तरहसित थुम थुम छुटघाइवक्सनुभयो. लिगलिग थुम १ हर्मि थुम १ लकाङ थुम १ मिर्कोट थुम १ देउरालि थुम १ धुवाकोट थुम १ च्याङलि थुम १ ई सात थुममा पजनी गरि द्वाऱ्या उमरा मान वक्सि फलाना थुमका द्वाऱ्या उमराले हाम्रा काम पर्दामा एति षुढा एति वल तयारि सामेल हुनु भन्या थुम थुममाफिकको पजनी भयापछि आज र आपना आपना थुममा जाइ गढि भयाको थुममा गढि वलियो गरि कुर्नु गढि नभयाको थुममा आडप्याड वलियो गरि कुर्नु भनि हुकुम भयो र द्वाऱ्या उमराहरू आपना आपना थुममा गै कुर्नु लाग्या. एस्तै तरहसित मऊवा सर भयो वहांदेषिन् छथरलाई श्री ५ महाराज रामसाहले तिमिहरूले डिल्ली गै आठ हजारको मुलुकलाई वाह्र हजार भनि वादशाहसित वोल्याको कुरा पनि दैवले पुऱ्याइदिया. वाह्र हजारको मुलुक भयो भनि हुकुम हुदा छथरले हामिले वोल्याको ता वाह्र वाह्र हजार सवै जात छन् भन्या यस्तो वोल्याको हो यो वचन दैवले थामिदिया पो हाम्रो मनोरथ पूर्ण हुन्या थियो. भनि विन्ति गऱ्या र वाहादेषिन् मऊवासित तसल्ला गर्दा सहजै हात आयो. मऊवालिहरू गोर्षे माग्न लाग्या गोर्षैले अम्वल गऱ्या भनि लमजुङका राजाले थाहा पाया र अरू राजाहरूसित पनि मद्दत गरि भारि लस्कर तयार गरि लडाञि गर्न निमित्त आया. तिन मुष गऱ्या. एक मुष लिगलिगका मोहोडा गरि आयो. लिगलिगमा घेरा दि चढाउ गर्न लाग्यो. एक मुष च्याङलिको मोहोडा गरि ठाउं ठाउंमा घेरा दि तयार भयो. मिर्कोट एक मुष गरि आयो. मिर्कोटमा चढाउ गऱ्यो. लकाङमा घेरा दियो. लडाइ हुन लाग्याको थियो. यहां दर्वारमा त्यस वषतमा श्री ५ महाराजा रामसाहले वैरिको वल पनि ढेरै ठूलो थुम थुममा चढाउ गर्दै आयो अव कसो हुन्छ भन्या चिन्तना मनमा भया र ताहांदेषिन् आपना श्री ५ महारानीसित केहि हुकुम गर्न लागनुभयो. त्यो लमजुङका राजाले हाम्रा जिज्यूबुवालाई पनि बहुत दुष दियो. बुवालाई पनि बहुत दुष दिदै रह्यो. आज हामिलाइ ता झन आपना बलले पुकेन भनि अरू राजाहरूसित सल्लाह गरि बल मागि भारी लस्कर गरि लडाइ गर्न आयो. उसको बल भन्या ढेरै हाम्रो बल भन्या थोरै अव वडो कठिन वेला पऱ्यो कसो होला भनि हुकुम हुदा श्री ५ महारानीबाट यसमा केहि सन्देह नमान्नु होला हाम्रा उपर दैव सनाथै छन् उसमा पनि जसले धर्ममा चुकदैन उसलाइ ता कैल्हे पनि दैव करुणै राष्दछन्. तस्मात् लमजुङ्या ता धर्ममा चुक्याका छन् कस्तै बल लि आउनन् तापनि ई हार्न्याछन् हामिलाइ जित्न कदाचित् सकन्याछैनन् भनि श्री ५ महारानीबाट विन्ति गर्दा श्री ५ महाराज रामसाहवाट आपना हृदयले श्री ५ महारानीको सामर्थ्य बुझ्याको हुनाले वडा हर्षले आनन्दसित विराजमान भै रहनुभयो. वहां लकाङको लडाइमा पनि बाहुमा षड्ग लियाकी एक कन्या र फटिकको दर्लन लगायाका गेरुवा वस्त्र पैऱ्याका एक योगी ई दुइ जना अघि लाग्दामा गोर्षाका सिपाहि सब लस्करले वैरिको भय कत्ति नमानि अव कस्तै लस्कर करोडौं फौज आया पनि काटि काटि फत्य गरौंला. हाम्रा अगाडि को षपन सकलां भन्या यस्तो रणशूर चढ्यो

र भारि लडाइ हुन लाग्यो. गोर्षाका सिपाहिले हान्याको मर्मस्थान भेदन हुन्या. जहां लाग्यो वहां पार हुन्या. यस्तो हुन लाग्दा उनलाइ काफन्याइ हुन लाग्यो र उनले हान्याको ता मुख्य नल गन्या. लाग्ये तापनि साह्रो चोट नहुन्या. कपडा मात्रै छिचोलन्या अथवा ताहांदेषिन् साह्रो भयो भन्या छाला मात्र छेडन्या यस्तो हुदा गोर्षाका सिपाहिको ज्यादा मनसुवा वढ्यो र पचास जवान नांगी षुडा हातमा लि गढीदेषिन् वैठाइ कुडाका वैरिका गोलमा गइ कुमाकुम मार्न लाग्या. जस्तो स्याल मृगको लस्करमा सिंह फिर्दछ तस्तो ति पचास जवान फिर्न लाग्या. तिनिहरूले गर्धनमा हाति जव शिर गिड्यो तव कस्तो शोभा भयो भन्या इन्द्रका वज्रले पर्वतमा हान्दामा पर्वतको शिखर गिर्दामा जस्तो शोभा हुन्छ तस्तो शोभा हुन लाग्यो. ति पचास जवानले तेस्ता तरहसित मार्न लाग्याको देषतामा अरू सिपाहि पनि गढिदेषिन् वैठाइ सवै कुमाकुम हान्न लाग्या. कोहि तरवारले हान्छन् कोहि खुकुरिले हान्छन् कोहि धनुले हान्छन् ति कांढ वैरिका शरीरमा कस्ता तरहले प्रवेश हुन्छन् भन्या जस्तो सर्पले आपना विवरमा चाडै निःशंक भै प्रवेश गर्छ तस्तै तरहसित कांढ प्रवेश गर्न लाग्या. पत्थर जो मार्छन् उनले पनि कसैको शिर फोड्या कसैको पाउ तोड्या तस्तै तरहसित लडाइ हुदा हुदामा लकाडदेषि काटि कदल गरि वैरि धपाया. अरू थुममा पनि काट्दै धपाउदै गरि मर्स्यादी पार गराया. तस्ता वषतमा गोर्षाका सर्दार सिपाहिको कस्तो शोभा भयो भन्या जस्तो मेघले ढाक्याका श्री सूर्यलाइ वायुले मेघ फाटि प्रकाशमान भयाका श्री सूर्यको जो शोभा हुन्छ सो शोभा पाउदाभया. ताहांदेपिन् ति छथरप्रभृति सर्दार उमरा सिपाही सव दर्वारमा आइ श्री ५ महाराजा रामसाहलाइ प्रसाद पाति चढाइ आशीर्वाद कुर्णेस सेवा लाया. श्री ५ महाराज रामसाहवाट वड़ा हर्षले श्री ५ महारानीका हजुरमा प्रसाद पाति चह्राउनु भनि हुकुम भयो र छथरप्रभृति जो भित्रिया मानिसहरू श्री ५ महारानीका हजुरमा गई प्रसाद पाति चढाई दर्शन गर्या. श्री ५ महाराज श्री ५ महारानीवाट ति छथरप्रभृति भारादार सिपाहीहरूलाइ षिल्लत इनाम वक्सनुभयो.

ताहांदेषिन् गोर्षातरफ लमजुङ्याले कैल्हे पनि श्री ५ महाराजा रामसाहका पालासंम मनसुवा गर्न सक्यानन्. वारपाकमा मात्रै चाग्या सुर्तानसित लमजुङ्गया राजाले हामिले अरू राजा समेत उठाइ गोर्षा हान्न गयाथ्यू गोर्षाका प्रतापले ढाकतामा हान्नो केहि लागेन. तस्तै तिमिहरूलाइ पनि दुष दिन्यैछन. आफु वलियो हुन्या पाठ जस्ता तरहले हुन्छ जो पाठ गरि हुन्छ सो पाठ गर भनि यस्ता यस्ता तरहसित वारंवार मानिस पठाई चाग्या सुर्तानलाइ चमकाउन्या पाठ गर्न लाग्या. वाहांदेषिन् चाग्या सुर्तानले पनि लमजुङमा मानिस पठाइ वातचित हुदा लमजुङ्गया राजाले तिमिहरूसित वातचित आउनुजानु पनि छ. तिमिहरू नगिचमा पनि छौ. तसर्थ गोर्षामा मानिस पठाई थाहां राषि उनको छिचलो पातलो पन्याको वेला वषत बुझी छलले वलले जस्ता पाठले हुन्छ सो पाठसित गोर्षा हान्या पाठ गर गोर्षा वढत लाग्यो. आज नहान्या पछि तिमिलाइ पनि राषन्याछैन. हामिलाई पनि राषन्याछैन भनि कपट मद्दत दि जस्तो गरि हुन्छ सक्यासंम गोर्षे उडाउनु भयन भन्या पनि श्री ५ महाराज रामसाहलाइ मान्यो पाठ गर भनि लमजुङ्याले सल्लाह दिया र चाग्या सुर्तानका मानिस आइ चाग्या सुर्तानश्रित विस्तार गन्या र चाग्या सुर्तानले पनि आपना मानिस जान्या जान्या २।४ घलेहरूलाई तिमिहरूले गोर्षा श्री ५ महाराज रामसाहका हजुरमा गै वस्नु र उनको छिचलो पातलो पन्याको वषत बुझि हामिदेषि फुटि गयाका जस्तो पारि वषत वषतको समाचार लेषदै रहनु. हामि पनि १।२ पटक एक दुइ दिन विराइ मानिस पठाउदै रहुला. तिमिहरूकै भाइभतिजा तिमिहरूलाइ भेटन आया जस्तो पारि आउनन् भनि सल्लाहा दि मानिस पठाया. उनै मान्छे श्री ५ महाराज रामसाहका हजुरमा आई दर्शन गरि विन्ति गर्न लाग्या. हाम्रा राजाले हामिलाई विनिसापैमा वहुत दुष दिया. अन्यायैले हाम्रो धनमाल पनि लिया र हामिले सोको गर्दैमा हामिलाई यो हाल गराया पछि एस्ता लुलुकमा नवसु भनि हजुरको थिति न्याय निसाफ सुनि ताहां गया हाम्रो पालका होला भनि हजुरमा आयाका हुं भनि विन्ति गन्या र आयाछौ वेस हो. ५।७ दिनपछि तिमिहरूको ठेगाना होला भनि हुकुम भयो र डेराडण्डा गरि वस्या. वाहांपछि छथरप्रभृति सब भारा पांचहरू कचहरिमा थिया श्री ५ महाराज रामसाहवाट ई भोटमा वस्न्या जाति. इनका एस्तो निसाफ छ भनि देश देशमा षोजि बुझि आफ्नो मतोजतो फुटि आफ्ना जातनेषिन् अन्यत्रमा जान्या इनको यस्तो वेहोरा होइन. इनलाई ता कसैले चमकाइ उठायाको होला भन्या जस्तो पो मान्दछु भनि हुकुम हुदा छथरले वेस हुकुम भयो. विदेसि कोहि सेवक राषदामा ढरै तजविजसित बुझि जाचि राषनु भन्छन् सोमाफिक गरि राषन्या लायेकका भया रहनन्. राषन्या लायेकका नभया

जानन् भनि छ थरले विन्ति गर्दा श्री ५ महाराज रामसाहले वेस विन्ति गर्यौं. तिनिहरूको क्या डबल रहेछ बुझ्न्या विचार गर्न्या गर भनि हुकुम भयो र बुझ विचार गर्न लाग्याका थिया. केहि दिन भयापछि ति मानिसहरूले आफ्नु वेहोरा थाहा पायाहुन् भन्या जस्तो मानि अब हामि पक्रियूंला भनि संक्षेपले आफ्ना राजालाई हामिलाई ता चिवा जस्तो मान्या याहांका मानिस बहुत चतुर रहाछन् क्या डबल गर्न्या हो जो मर्जि भनि लेषि पठाया र चांग्या सुर्तानले तिमिहरू पनि ताहां नवस याहांवाट ८०।१०० मानिस पठायाका छन् सामेल हौ र वनमा सिकार तरुल भ्यागुर षोज्नया जस्तो भै वनमा पस. १।२ जना गोर्षा सहर दरवा का नगीचमा गई वेपारि जस्तो भै मागन्यै जस्तो भै राजाको हालसुरथ बुझनु र जव सिकार सयेल सपेटा होला तव तेर्स्त औसर पारि राजालाई मारेर आउनु भनि पठाया. अवि १००।८० जना मानिस पनि आया र वनमा पस्या. तेस्तै वेलामा एक दिन त श्री ५ महाराज रामसाहको पनि सिकारको मनसुवा भयो र वालुवावेसि-तरफ सिकारलाई पाउलागनुभयो. चांग्या सुर्तानका मानि-सले थाहा पाया र जंमा भै पैल्याउदै गया. सिकार षेलन्या ठाउमा पुग्यापछि फलानाले येतातिर वस्नु कति उता जानु भनि सिकारको तर्जुमा वाधि ठाउ ठाउ मानिस गया. आपना साथमा केटाहरू १०।१२ जना मात्रै रह्याका थिया. तस्तै वषतमा चांग्या सुर्तानले पठायाका डाकु वनदेषिन् निकल्या र धना काड लियाका घले गुरुङ जो थिया अल्गा अल्गा वडा वडा पाषुरा भयाका येस्ता निकलि मार्नाको मनसुवा गर्दा एस्तो नजर हुदा श्री ५ महाराज रामसाहले पनि मैले इलम सिक्याको काम लाउन्या वेला येहि हो. क्षत्रियको धर्म प्रनि येहि हो. भनि तस वषतमा वडो कठोर छाति गरि ढाल तरवार वाहुलिमा लि पट्टाको हाल चौमो-होडा गरि फेर्न लागनुभयो र कांडले हान्न लाग्या. जति जति काँड आउछन् कति तरवारले काटिवक्सनुभयो कति कांड ढालले छेकिवक्सनुभयो. ढुंगाले पनि हान्न लाग्या ढुंगा पनि ढालले छेकिवक्सनुभयो. तस्तै गरि जुद्ध हुंदा हुंदा नजिकै भेटियाका तरवारले हानि कतिका पञ्जा कटिया कतिका नाक काटिया. कतिका वाहुलि गिन्या र उस वष-तमा कस्तो शोभा पाउनुभयो भन्या जस्तो संसप्तकगणका विचमा अर्जुन फिर्वंध्या तस्तो शोभा पाउनुभयो. श्री ५ महाराज रामसाहका साथमा रह्याका केटाहरू पनि ४।५ जना जोध पन्या ४।५ जना आफ्ना लस्करलाई गुहार लाउन गयाका उ लस्कर पनि तेस वषतमा सामेल भया र चांग्या सुर्तानका मानिसलाई काट्न लाग्या र श्री ५ महा-राज रामसाहले इनलाई अैल्हे नमार पक्रन्या मात्रै गर भनि हुकुम भयो र सवैलाई पक्न्या र ताहांदेषिन् श्री ५ महाराज रामसाहवाट हुकुम गर्न लागनुभयो. ई त कि चोर हुन् कि हाम्रा शत्रु कसैले उठाइ आयाका हुन् चांग्या सुर्तानसित त हाम्रा वुवाजूवाट दोस्त वाध्याको हो. उ आफ्ना मनासिवले कदाचित् तोड्न्याछैनन्. तसर्थ इनलाइ षारषेर गर र आफ्ना मनासिवले आयाका डाकु रह्याछन् कि अरू कसैले हाम्रो दोस्त फोर्नानिमित्त उचाली पठायाका रह्याछन् सोध भनि छथरप्रभृति भारा पांचहरूलाइ हुकुम भयो र सोधदा षोजदा षारषेर गर्दा आफ्नो जिउ बचाउनानिमित्त कायेल भै लमजुग्याले चमकायाको सब वृत्तान्त वेहोरा विस्तार विन्ति गर्या र श्री ५ महाराज रामसाहवाट हुकुम भयो. अर्कोले षेड गर्दा एत्रो पाप ठानि यहांसंम गर्यौ तापनि अव पनि दोस्त रहिन्न्याल हामिले त दोस्त राष्न्यौंछौ फालन्या-छैनौ तिमिहरू क्या भन्छौ हामि हाम्रो राजासित गै जस्तो अघि दोस्त थियो अब पनि उस्तै दोस्त राषन्या पाठ गछौं भनि भन्छौ कि यो कुरो त हामि सकदैनौ भन्छौ भनि हुकुम हुदा यो कुरो हाम्रा राजासित गै अघि जस्तो दोस्त थियो अब पनि उस्तै दोस्त गराउला भनि विन्ति गर्या र छोडि-वक्सनुभयो. ति चांग्या सुर्तानका मानिस जति बाच्याका थिया उ वारपाक गया र आफ्नु राजासित सव विस्तार गर्या र चांग्या सुर्तानले उस्तो गरि आफ्नै पराक्रम वलले मानिस काढियाका सुन्दा ता भय पनि मान्या. उस्तो ढगा दि आफुलाई मार्न आट्याका मानिस पक्र्यापछि पनि अघिको दोस्त संझी अछै पनि दोस्तै राषन्या हो भनि छाड-दामा ता इ ता वडा दयावान् धर्मात्मा रह्याछन् अर्काका कुरा सुनि षेडपछि लागि इनसंग दोस्त फाल्न आट्याको जानियेनछ भनि चांग्या सुर्तानले षत लेषि सल्लाहको मानिस पठायो. कस्तो षत लेषेछ भन्या षेडाहाको षेड पर्नाले तेस्तो पर्न गयो. तहां वडा दयावान् धर्मात्मा महाराज हुनाले आफुलाई छल गरि मार्न आउन्यालाई पक्र्यापछि पनि हिजोको दोस्त संझि छाडिवक्सनुभएछ. तसर्थ कसैको षेड पनि नलाग्न्या कसैले वजाउन पनि नसकन्या एस्तो वलियो दोस्त वांधिन्या हजुरको हाम्रो मित्यारि लाउं र परसंम वढिया होला भनि लेष्याको रहेछ र नजर भयो र श्री ५ महाराज रामसाहवाट छथरप्रभृति सब भारादार पांचहरू

राषि चांग्या सुर्तानले लेष्याको कुरो हुकुम भयो र विन्ति गर्न लाग्या. चांग्या सुर्तानको त बल लस्कर पनि ढेरै छ जियका पनि बलिया छन् त्यसलाई एसै मार्न कठिन हुन्या थियो. तसल्ला आइ मित्यारि लाउ भनि विन्ति गरि पठाएछ. बहुत वेस कुरो विन्ति गरि पठाएछ. अब तेसलाई छल गरि मार्ला भनि विन्ति गऱ्या र श्री ५ महाराज रामसाहवाट परसंम ठहरन्या वेस कुरो लेष्याछौ. तसर्थ फलाना दिन तिमिहरू पनि हातहतियार नलि बालुवा-व्यासिमा आउ तिमि हामि सामेल भै मित्यारि लाउला भनि जवाफ पठाइवक्सनुभयो. तहांदेषि भोलि जानुछ भन्दा आजै गया र षुडा खुकुरी तरवार वालुवामा लुकाइ आया. जव जान्या दिन भयो सब जना सामेल भै एउटा मानिस चुहान भन्यालाई श्री ५ महाराज रामसाह जस्तो तुल्याई उसैलाई लि छथरप्रभृति सब भारादार पांचहरू आफ्नु तयारिसित श्री ५ महाराज रामसाहका हजुरमा सामेल भै दर्शन गरि सब लस्कर गया. बालुवाव्यासि पुग्या. चांग्या सुर्तान पनि हातहतियार नलि षालि लस्कर लि आयो. जुन जगामा आफ्ना हातहतियार लुकायाका थिया उहि अनुकूल पारि सामेल भै सब लस्कर वस्या र क्षेम कुशल वार्ता दुवैतर्फवाट भयो र मित्यारि लाउन लाग्या. घले भोट्याको जाति निशंकसित मित्यारिको तमाशा हेर्न लाग्या. तेसै वेलामा आफ्ना आफ्ना हतियार बालुवादेषि निकाल्या र चांग्या सुर्तानका उपर तरवार झाड्या र चांग्या मऱ्यो. सुर्तान भाग्यो अरू लस्कर काटियो केहि वाकि रह्याका १२।१५ लाइ पक्रि तिनलाई केहि भन्न लाग्या. तिम्रो राजा मरिगयो सब लस्कर पनि मरिगया. तिमिहरूलाई पक्रि राष्याछौं क्या भन्छौं भनि सोद्धा. अब हाम्रा राजा मरिगया हामि-लाइ एउटा राजा नमानि हुदैन मान्यै पर्दछ त हाम्रो राजा-को पनि भारादार ता हामिनै हौं वार्पाक स्यार्तान ता तिम्रो भयो अरू मुलुक त भयाको छैन. हामिलाई अघि सारि काम गऱ्या हामि सहजैमा अठारसयषोला फिकुंला भनि विस्तार गऱ्या र सो विस्तार विन्ति गरि श्री ५ महाराज रामसाहका हजुरमा पठाया र सब विस्तार श्रवण भै चांग्यालाइ मान्याछौ वार्पाक स्यार्तान अम्बल भयेछ. चांग्याका मानिसले वेस विन्ति गऱ्याछन् ति पनि सोझै सेवक हुनन् भन्या जस्ता रह्याछन्. अवदेषि हाम्रो सेवक भया तिनको ठेगाना म लाउला. तिनैलाइ अघि सारि अठार-सयेषोलो हात लाउन्या काम गर सुर्तानलाइ उम्कायाछौ तेसलाई चाडो षोज भनि हुकुम भै गयो र सो तरहसित ति चांग्या सुर्तानका मानिसलाई अघि लाइ वारपाक भौटमा गया वारपाक वहाल गऱ्या. स्यार्तान वहाल गऱ्या. वारपाक स्यार्तानका सव मानिस सामेल भया र मतजत गर्न लाग्या. अवदेषिन् हाम्रा सेवक भयौ भनि हुकुम भै आयो सो हुकुम हामिले सिर चढाइ श्री महाराज मान्यापछि षामिदको सोझो गर्नुपर्छ भनि सल्लाह गऱ्या र अठारसयषोलो पनि हामिले अम्बल गराउन्या हो भनि अठारसयषोलाका भला भला मानिससित बुझ गर्न लाग्या. गोर्षासित हामिले दोस्त पनि गऱ्यौं मेल पनि गऱ्यू लडाजि पनि गऱ्यौ कोनै जुक्तिले सक्यानौ लडाजि गर्दा हाम्रा राजा मारिदिया. कोनै पाठ गर्दा पनि हामिले मुलुक थामन सक्यानौ वारपाक स्यार्तान अम्बल गऱ्या अब तिमिलाई पनि राषन्याछौनन् तिमि पनि कसका आडले थामछौ कदाचित् षामन सकन्याछौन तसर्थ एउटा राजा नमानि हुदैन सोझो सामु भै मान्या पाठ गऱ्या वढिया होला भनि एस्ता तरहसित भन्दा अठारसयषोलाका मानिसहरूले पनि वढिया भन्या भन्न्या चितमा ठहराई मान्न आट्या र हाम्रो बल तिमि हौ तिमिले कोनै पाठ गर्दामा नसकि तिमिले मान्यापछि हामी कहां जाउला हामि मान्छौं. अब हाम्रो देशमा हुन्या चिज वस्तु षोजि सरसौगात तयारि गरि तिमि हामिसंग भै गोर्षाका भारा पांचसित सामेल भै श्री ५ महाराज रामसाहको दर्शन गर्न जान्छौं भनि साचो मर्दत दिया र आफ्ना आफ्ना गाउ घरमा गया. सरसौगात वलकपात तयारि गरि वारपाक स्यार्तान अठारसयषोलाका सब मानिस सरसौगात लि श्री ५ महाराज रामसाहको दर्शन गर्न आउनानिम्ति तयारि भै छथरप्रभृति भारा पांच-हरू रह्याका ठाउमा आइ सेवा सलाम लाइ सामेल भै गोर्षा आइ श्री ५ महाराज रामसाहका हजुरमा दाषिल भै छथर-प्रभृति भारादार पांचहरूले प्रसादपाति चढाइ दर्शन गऱ्या वारपाक स्यार्तान अठारसयषोलाका मानिसहरूले सर्वांग कस्तुरी चमर वाज अरू जो जो चिज सरसौगात ल्याया को थियो चढाइ हामि पनि हजुरका सेवक भयौ भनि विन्ति गरि दर्शन गऱ्या. छथरप्रभृति अरू मानिस जो जो भित्रिया थिया उनले सरसौगात लि श्री ५ महारानीका हजुरमा गइ सरसौगात प्रसादपाति चढाइ दर्शन गऱ्या. श्री ५ महा-राजा श्री ५ महारानीका हजुरमा लडाइ भयाको तसल्ल भयाको सव विस्तार विन्ति गऱ्या. ताहांदेषिन् केहि दिन-पछि श्री ५ महाराज रामसाहवाट छथरप्रभृति भारादार सब पांचहरू ति वारपाक स्यार्तान अठारसयषोलाका मानिस सब राषि कचहरि बक्सनुभयो र छथरप्रभृति भारादारहरूलाई

वारपाक मार्दामा इ अरू जगाका मानिस मान्न आया जगाको जाचबुझ वन्दवस्त केहि भयाको छैन तसर्थ जगाको जाचबुझ गर्नु थितिविति आफ्नु चलन चलाउनु आफ्ना कायममा नआउनेहरूलाइ कयेद गर्नु अम्बल नभयाको मुलुकमा तसल्लले आइन्ज्याल तसल्लले अम्बल गर्नु भयेन भन्या लडाञी गरि मुलुक हात गर्नु मुलुक हात भयापछि चाडै थितिवितिमा चलाउनु आफ्ना थितिवितिमा नचल्याको मुलुक कच्चा हुन्छ भनि हुकुम भयो र भवानी पाडलाइ र पिह्वर रानालाई सरदारीको मान वक्सि लस्कर तयारि गरि तिनि वारपाकका मानिसलाइ हुकुम भै वारपाकका मानिस साथ लि जाउ भनि हुकुम भयो र सरदार भवानी पाडे सरदार पिह्वर राना इ दुइ जना दलमुषि भै लस्कर तयारि गरि श्री ५ महाराज रामसाहका हजुरमा गइ दर्शन गरि विदा भै तिनै वारपाकका मानिस साथ लि गया. अठारसयषोलामा जो जो ठाडा रह्याका थिया तनलाइ कार्हि तसल्ल गरि तसल्लमा नमान्यालाइ वलले गरि आफ्ना कयदमा हालि रुद्रभोट सव सर गरि वाटो वनाउदै तहाको वन्दवस्त वाधदै आफ्ना थितिविति चलाउदै केरुङका दोसाधमा पुक्या. तसल्लामा आउछ कि भनि बुझ गर्न लाग्या र केरुङका भला मानिस आइ हामि गोर्षासित लडन सक्दैनौ मान्छौ भनि कपट बुद्धिले गरि मान्न आया. केरुङमा लस्कर गया वहाल गऱ्या. तहांदेषिन् लस्कर उठ्यो कुकुरघाटमा पुक्याका थिया तेस वषतमा केरुङका भोट्याले फेर उठ्या र लडाइ ग-या. कुकुरघाटमा ठुलो लडाञी भयो मानिस ढेरै पऱ्या भवानी पाडे पनि पऱ्या अरू लस्कर ढेरै मऱ्या पिह्वर राना पनि पऱ्या. तसको सिर काटि भोट्याले दिगर्चाको राजासित लग्यो. वाकि जो रह्याका लस्कर फिरि रोसिमा आया र वस्या. लडाइ भयाको अरू कामकुरा सव विस्तार अर्जि लेषि विन्ति गरि पठाया र श्री ५ महाराज रामसाहबाट अर्जि नजर भै ताहि आडपयाड वलियो गरि कुन्हु भनि हुकुम भै गयो र रोसिमा वलियो आड बनाई कुन्हे वस्या. यहा सुर्तानलाई पनि षोजदै थिया वस्याहारिमा आइ वडो घर वनाइ वस्याको रहेछ. सार्किहरूले पहिल्याई भेट्याछन् र फलाना ठाउमा छ भनि विन्ति गऱ्या र वहादेषिन् अब सल्यान पनि तहमा आएन हान्नुपर्छ. सल्यान हान्दैमा सुर्तानलाइ पनि मार्न्या पाठ गर्नुपर्छ भनि हुकुम भयो र छथरप्रभृति सव भारादार पंचहरूले विन्ति गर्न लाग्या. ई सल्यानी ता बल पनि ढेरै भयाका हुनाले शेषी पनि बहुत गर्न लाग्या. तसल्लमा आयानन् तसर्थ तिनको शेषी तोडि मुलुक लिन्या ढेरै बलको तयारि गरि गया कत्य होला भनि विन्ति गऱ्या र लस्कर पनि ढेरै तयारि भयो. अघि श्री ५ महाराज रामसाहको दुर्लभ जोसिले चिठा लगाइ वढाया्का रह्याछन् तिनै जोशीलाइ सायत हेराइ तिनैका साइतमा छथरप्रभृति भारादार सव लस्कर तयारि भै दुर्लभ जोशीलाई पनि लि श्री ५ महाराजको दर्शन गरि विदा भै सल्यान हान्नालाइ गया र गण्डीका तीरमा गया र सल्यानिले गोर्षासित तक्रार पर्न लाग्यो भनि अध्यारै डुंगा फिकेछ. त्यसै वषतमा दुर्लभ जोशीले हातमा कटार लि ठुलो ढुंगामा वस्या र छथरप्रभृति भारादार सव भारादारलाई भन्न लाग्या. तिमिहरू सव जना तैयार रहु. जव म यो कटार यस पत्थरमा गाडुंला कटार गाडियला तस वषतमा लौ सायत भयो हेलियौ पार उत्तर भनुला सवै लस्करले बुडुला भन्या भय कत्ति नमानि चाडै गण्डिमा पस्या र सहजैमा पार हुन्याछौ भनि भन्या र सव लस्कर तयार भै रह्या. दुर्लभ जोशी त्यसै पत्थरमा गणित गर्दै रह्या. जव मुहूर्त आइपुग्यो दुर्लभ जोशीले कटार पत्थरमा धस्या. सहजैमा सव कटार धसियो तव लौ शुभ सायत भयो गण्डि तर पारि हौ श्री ५ महाराज रामसाहको लडाइ फत्ये गरि आउनु भनि हेलिदिया र सव लस्कर हेलियो सव लस्कर गण्डी पार भयो. अरुपर्यन्त दुर्लभ जोशीले पत्थरमा कटार धस्याको छिद्र छदैछ. सल्यानको घलेराजासित लडाञी भयो. घलेराजा मारियो सल्यान सर भयो र सल्यान सर भयो भन्या अर्जि लेषि तहांका रैयत प्रजा कुशल मानिस पठाउदा हाम्रो सरसौगात तयार हो भनि भन्या र भारा लि गया र भारि साषि अर्जि चढाया. नजर भयो. सल्यान सर भयाको रह्याछ भनि हुकुम भयो. फुलपाति पर्छन वैढाउन्या वषत रहेछ र सल्यानको भारि भित्याइ फुलपाति पर्छन वैह्रायो र आजदेषिन् सल्यानका भार भित्याइ फुलपाति पर्छाडन वैढाउनु भन्या वन्धान व्राधिवक्सनुभयो. तहांदेषि अघि पैल्याउन्या सार्किलाई अगुवा तुल्याइ गया. सुर्तानि मार्या वस्याहारी आयो सर भयो. त्यस्तै क्रमले गरि षरि मैधिका घले मारि षरि मैधि पनि सर भयो. ताहांदेषिन् वढदै वढदै लस्कर चरङ्ग्या पुग्या र चरङ्ग्याको घलेराजाले लढाञी दियो केहि मानिस पनि मारिदियो. र घले आडभित्र वस्यो. धनाले हान्न लाग्यो ढुंगाले पनि हान्न लाग्यो. यस्तै तरहसित ढेरै दिन दुष पनि दियो अडियो र घेरा दि वन्द गऱ्या धान केहि पायानन् र गोरू भया भैसि भया मार्दै सिंगै सिंगै वोकदै लैजादै खादै गरि केहि दिन अडि दुष दियो र फेरि लडाञी गरि घले

लाई मारि चरङ्ग्या सर भयो. तस्तै तरहले गरि मुलुक मार्दै थितिविति वाधदै आफ्नु चलन चलाउदै गरि धादिङ पुग्या र धादिको घलेराजासित लडाजी भयो केहि मानिस पऱ्या केहि मानिस घाइते भया. धादि गढी अल्गो विकट जगा हुनाले ढेरै दुष दियो घेरा दि छेकि थुनि कयत गरि घलेराजालाई मान्या धादि सर भयो. ताहांदेथिन् धादिमा पनि थितिविति वाधि आफ्नो चलन चलाई लस्कर फिऱ्यो. लस्कर गोर्षा आइ छथरप्रभृति भारदार जो जो भित्रिया थिया सब पांचहरूले प्रसादपाति चढाइ श्री ५ महारानीका हजुरमा गइ प्रसादपाति चढाइ दर्शन गऱ्या.

तहांदेषिन् भोटमा कुर्ह रह्याका लस्करलाई पनि ताहांको वन्दवस्त वाधि सल्लाह राषि आउ भन्या बोलाहट गयो. रोसिमा कुर्हे लस्कर पनि आया सब सामेल भया र रुद्रभोटमा पनि छथरप्रभृति सब थरलाई वाह्र भाइ द्वारि गरिवक्सनुभयो तसै वाह्र भाइ द्वार्‌यामा एक भाइ वार-पाकिलाई द्वारि वक्सनुभयो रुद्रभोट्याको आंदानिमध्ये भेडा पाषि छषरप्रभृति सब थरलाई वाडिवक्सनुभयो र अवदेषिन् हुन्या नहुन्या छथरप्रभृति तेलि घोविपर्यन्तलाई एक एक पाषि दिनु भनि वन्धान वाधिवक्सनुभयो. अछपर्यन्त भेडा पाषि वाडिदैछन्. ताहांदेषिन् दुर्लभ जोशीलाई श्री ५ महा-राज रामसाहबाट हुकुम भयो तिमिले मेरो जन्मपत्रिका लायाको जो जो तिमिले लेष्याका छौ जस्ताको तस्तो पुग्यो तिमि वडा ज्योतिर्विद् रह्याछौ तिमिलाइ दक्षिणा पनि केहि दियाको थियन तिमिले एक दिनभर घुम्याको जगा वित्ती दिन्छु भनि हुकुम भयो दुर्लभ जोशी ताहि घुम्या र ताहि वित्ती साध लगाइबक्सनुभयो. यहांदेषिन् फेरि सायद हेरि गण्डिमा लस्कर हेलि पार उतार्‌याको रिऊ चुन्याटारमा साध लगाइबक्सनुभयो. नुन षानलाई भनि थमनभोट गाउ वक्सनुभयो. सुर्तानलाई पहिल्यायाको रिऊ सार्किलाई भालु-षोलाको सुवारा वन वक्सनुभयो सार्किहरू अछपर्यन्त षादै-छन्. वहांदेषिन् त्यस्तै तरहले वडो धर्मपूर्वकको नीतिथिति मर्यादा निसाप चलाइ जस्तो त्रेतायुगमा श्री रामचन्द्रले रजाइं गर्नुभयथ्यो त्यस्तै तरहसित सकल प्रजालाई औरस-पुत्रवत् गरि पालना गर्नुहुदोभयो श्री ५ महाराज रामसाहको कीर्ति स्थिति मर्यादा अपूर्व देषनाले देश देशका राजाहरूले आफ्ना देशमा जौन अपूर्व चिज हुन्थ्यो यो चिज ता श्री ५ महाराज रामसाहलायकको रहेछ भनि सरसौगात चढाइ पठाया का हुन्थ्या. श्री ५ महाराज रामसाहबाट २।४ घडी दिन बाकि छदामा पटांगिनिमा पावलागनुभै नजर हुदा जसको घरबाट धुवा आएन त्यसका घरमा धुवा किन आएन पकाउन्या कुरो केहि हवैन तब त्यसकहा आगो फुकेन भनि यस्तो विचार राषि घरघरमा मानिस पठाइ बुझि अन्नपानि नभयाको भया उसका जहानअनुसार उसका जागिरबाट भयो षेतिवाट भयो जुन वृत्तिले आउन्याछ आउन्या ताकसम्मलाई पुगन्या गरि अन्नपानि वक्सनुहुन्थ्यो. कसैका घरमा दुषनु पीरनु भयो केहि सावकासले षेति लाउन षेत रोपन ढिलायो सकेन भन्या उइ छिम्याकका मानिसलाई आज त्यसलाई गाह्रो पऱ्यो भोलि अर्कालाई पर्ला गाउ-घरमा त्यसो गरि हुदैन गाउंघरको सन्धिसर्पन गाउंछिम्या-कले उतारनुपर्छ भनि हुकुम भइ गुहारि लाइवक्सनुहुन्थ्यो. यस्तै तरहसित जुन कुराको सन्धिसर्पन पऱ्यो उहिमाफिक गरि उस दुषको निवारण गरिवक्सनुहुन्थ्यो. त्यस्ता तरहले सकल प्रजालाई पालना गरिवक्सनुहुदा सकल प्रजाहरूले पनि माता पिताभन्दा पनि अधिक गरि मान्दथ्या. श्री ५ महाराज रामसाहका पालासम्म शत्रुको भय पनि भएन दुर्भिक्ष आदि गऱ्याका नाना तरहका उपद्रव पनि भयानन् त्यस्ता तरहले राज्य भोग गर्दामा श्री ५ महाराज राम-साहको कस्तो शोभा भयो भन्या अजातशत्रुवत् होइजानु-भयो. त्यस्तै तरहले रहदा कालको वशमा जगत् पर्दो रहेछ त्यस्तै तरहले राज्य भोग हुदै थियो कोहि एक दिनमा श्री ५ महाराज रामसाहलाई स्वप्नामा श्रीगुरु गोरक्षनाथले अब तिम्रो राज्य भोग गरिसक्यौ धर्मकर्म गर्नालाई ढिल नगर भनि संक्षेप गरि आज्ञा गरि जानुभयो र निद्रादेषि जागु हुनुभयो. जब प्रातःकाल भयो स्वप्नामा यस्तो देष्यां अब मैले दानपुण्य गर्न्या हो भनि चित्तमा ठहराइ श्री ५ महारानीसंग स्वप्नाको विस्तार हुकुम भयो र श्री ५ महा-रानीबाट आज हजुरलाइ विचार भयो मैले ता अध्यारै विचार पायाको थियो. तसर्थ अब हाम्रा पुत्र श्री डम्बर-साहलाई अति शिक्षा जो वक्सनुपर्न्या हो सो शिक्षा वक्स्या-जावस् भनि विन्ति गर्नुभयो र श्री ५ महाराज रामसाहबाट श्रीनायक डम्बरसाह उहांका रानी बुहारिसमेत बोलाइ श्री ५ महाराज रामसाह श्री ५ महारानी भै आफुलाई श्री देवता सिद्ध सकलबाट जो जो वरदान भयाको थियो सो वृत्तान्त सुनाइ यस्ता तरहले राज्य गर्नु भनि सकल नीतिथिति बुझाइसक्नुभयापछि सकल गोर्षाका भला भला मानिस आफ्ना जो जो प्रीतिपात्र थिया उनका घरमा आफै श्री ५ महाराज पाउलागनुभइ वातचित हुन लाग्दामा सबै

गोर्षाका भला मानिसहरूले सदा ता दर्वारमा हामी जान्थ्यौं जो परिआयाको कामकुरो हुकुम हुन्थ्यो आजकाल घरघरमा पाउलागनुभइ वातचित हुन लाग्यो. यो क्या अर्थ हो भनि वडा आश्चर्य सव कोहि मान्न लाग्या. वहांदेषिन् श्री ५ महाराज रामसाह श्री ५ महारानीबाट भूमिदान गौदान अन्नदानादि एस्ता धर्मकर्म पनि सदाभन्दा अधिक हुदो भयो र संसारको मोह अधिक हुदो रहेछ र कलत्र पुत्र गृह सकल प्रजा इष्टमित्रमा मेरै हुन् इनसंग ता कैल्हे छुटनुपर्न्याछैन भन्या जस्तो मानि निरन्तर लागिरह्याको मन हुनाले संसारको माया जनाउंदै गरि श्री ५ महाराज रामसाह श्री ५ महारानी इ दुवै श्री ईश्व तुल्यै जस्ता हुनुहुन्थ्यो तापनि दुवै राज गर्नुहुदा र सुकला गर्नुहुदामा भयो वातचित गर्दामा भयो स्वभाव वेगलै हुदो भयो. मुषारविन्द मलिन हुदो भयो. गोर्षाका थरघर भारा पाचहरू स्वप्ना पनि घटिया देषन लाग्या. तेस्ताकमा सकल मानिसहरूको मन पनि उदास मात्रै हुन लाग्यो. त्यस्तै भैरह्याको वेलामा श्री ५ महाराज रामसाहबाट म ता मर्स्याङदि दरौदिका वेनीमा जान्छु भनि हुकुम भयो र पाउलाग्नुभयो. थरघर भारादार सव पाचहरू पाउरषवारि गया. वेनिमा पाउलागनुभै जव स्नान गर्न लागनुभयो अकस्मात्मा सर्वांगमा शूल हुदो भयो र मलाई ता सर्वांगमा शूल हुन लाग्यो भनि हुकुम भयो र पाउरश्वारिमा आयाका थरघर भारा पाचहरू वडो षलवल गरि औषधिको तयारि गर्न लाग्या र श्री ५ महाराज रामसाहबाट अव मलाई औषधिको काम छैन अव मेरो कलेवर छाडन्या वषत भयो भनि हुकुम भयो र सदा सर्वदा रामरक्षा कवच पाठ गर्नुहुन्थ्यो सोहि पाठ गर्न लागनुभयो. रामरक्षा कवच पाठ गर्दागर्दैमा प्राण पनि ब्रह्माण्ड भेदन गरि प्राणत्याग जव भयो वहादेषि थरघर भारा पांच सव आकुलव्याकुल गरि बडो कोलाहल शव्द गरि रुन लाग्या. केहि वषतपछि आज हामिलाई यस्तै पर्न्या रहेछ प्रन्यो. अव रोइकन मात्र हुदैन दर्वारमा श्री ५ महारानीका हजुरमा जानुपर्छ भनि थरघर भला मानिस दर्वारमा आइ श्री ५ महारानीका हजुरमा विन्ति गर्न लागदामा वाहां अध्यारै थाहा भएछ र श्री ५ महाराज स्वर्गे हुनुभयो भनि हुकुम भै सहगमन हुनाको मनसुवा गर्नुभयो. त्यो समाचार सव पांचले सुन्या र सकल प्रजाहरू एस्ता महाराज महारानी हामि कहां पाउला भनि छाति ठोकि माथ पिटि पिटि रुदै घरघर देषिन् आउन लाग्या. वडो कोलाहल शव्द भयो. ताहांदेषिन् श्री ५ महारानी सहगमनका रीतले पटांगिनिमा वैह्राइ सकल पांचहरूलाई दर्शन वक्सि श्री गुरु गोरक्षनाथको पूजा एसै गुफामा नित्य पूजा गर्नु भनि वन्धान वाधिवक्सनुभयो र पाउलाग्नुभयो. जहा श्री ५ महाराज रामसाहको कलेवर थियो तांहि पाउलाग्नुभै सहगमनको विधान भैसकियो र चितामा पाउलाग्नुभयो र चितामा राज गर्नुभै श्री ५ महारानीबाट छथरप्रभृति सव भारा पाचहरूलाई हुकुम भयो. आजदेषिन् श्री ५ महाराज डम्बरसाह भया. म टीका दिन्छु भनि हुकुम भै सिन्दूरको टीका लाईवक्सनुभयो. थरघर भारा पाचहरू वोलदामा वचन पनि प्रव्यक्त नभइ विन्ति गर्न लाग्या गाइले छाड्याका वाछा जस्ता भव्यूं अर्जि शिक्षा वक्स्याजावस् भनि विन्ति गर्या र तिमिहरू सब वातमा प्रविणै छौ निमषदारै छौ तिमिहरूलाई जयै हुन्याछ श्री ५ महाराज डम्बरसाहको सोझो जसो गरि हुन्छ गर्या. तिमिहरूलाई क्या अति दिनुपर्छ भनि हुकुम भयो र श्री ५ महाराज डम्बरसाहलाई काषमा लि हेर्बाबा डम्बरसाह तिमि पनि जान्यै बुझ्यै भयाका छौ. तिम्रा बुबाज्यूबाट जो शिक्षा भयाको छ सोही पाठसित राजकाज गर्या. म पनि २।४ वात अति दिन्छु सुन वडालाई नघटाउनु छोटालाई नवढाउनु. अर्काको ठट्टा गिल्ला पनि बहुधा नगर्नु. अर्काको मर्म भेदन हुन्या वचन पनि वहुधा नगर्नु. राजाले सदा साधु भैकन पनि पुग्दैन जुन वेलामा जस्तो भै काम गर्नुपर्छ उस्तै भै काम गर्नु. अनविश्वासि पापि कपटि यस्ताको सोवद राजाले कैले पनि नगर्नु. राजाले मुष्य मानिसलाई नचिह्नाउनु चिह्नाचिह्न भयापछि चाडै त्याग गर्नु. एस्मा पनि मुष्य कुरो म तिमिलाई भन्छु सुन सवै भन्दा ठुलो दैव छ दैवका वशमा सकल जगत् छ आफुभन्दा उभो दैव देषि काम गर्या धर्म सत्य इन्को मार्ग कैले पनि नछाड्या. शरीरधारि यावन्तलाई मर्नु जन्मनु लाग्याकै छ तसर्थ मर्नु आवश्यकै लाग्यैको छ भनि ठहराइ काम गर्या. हेबाबा डम्बरसाह तिमिलगायत सन्तान दरसन्तानका टिकाधारि राजाहरूले वुन्वोट पगरि नवाधनु मलमल चिरि पगरि वनाई वांधनु. बेतले वुन्याका षटिया मेच मचिया वेतको वुनोट भयाको आसनमा शयन पनि नगर्नु वस्ता पनि नवस्नु. दर्वारमा कमेरो पनि नलाउनु. एकमुष्या चुलो पनि नवनाउनु भनि वन्धान वाधिवक्सनुभयो. श्री इष्टदेवता श्री कुलदेवता आफ्ना कुलायनमा जो चलिआयाको छ जुन पद्धति जुन विधि जुन आचरणले पूजा गर्नु पर्न्या हो गृहस्थि छञ्ज्याल त्यो मत पनि त्याग नगर्नु भनि हुकुम भयो र अग्निप्रवेशको छल दुनियालाई देषाई श्री ५

महाराज रामसाहको कलेवर श्री ५ महारानीको कलेवर अलप हुदो भयो. चितामा षालि काठ मात्रै जल्याको सकल प्रजा पांचहरूले देष्या र वडो आश्चर्य मान्या. तेसै वषतमा सिद्ध लषम थापा पनि अलप भयाछन्. श्री ५ महाराज श्री ५ महारानीको क्रियाकाम सकियो वर्ष २७ राज्य भोग भयो. ताहांदेषिन् शुभ दिन शुभ मुहूर्तमा छथरप्रभृति भारा-द्वार सब पाचहरू वसि ब्राह्मणवरण दीप गणेश कलश पूजा-दि यज्ञ गरि सकल मङ्गलपूर्वकले टिका चढाई श्री ५ महा-राज डम्बरसाह गादिमा राज गर्नुभयो. केहि दिन त्यस्तै तरहले राज गर्नुहुदै थियो केहि एक दिनमा श्री ५ महा-राज डम्बरसाहले मनमा वडो विचार गर्न लाग्नुभयो. कस्तो विचार भन्या जो उतम छोरा हुन्छन् आफ्ना बाज्या बाबुले भन्दा पनि जस किर्ति बढाउछन् जो मध्यम छोरा हुन्छन् आफ्ना बाज्या बाबुले गरिआयाको काम थाम्नन् जो अधम छोरा हुन्छन् आफ्ना बाज्या बाबुले गरिआयाको काम जस कीर्तिको नाश गर्छन्. तसर्थ म ता जियको पनि विर्वलियो भयां. अनि श्री देवताबाट जो वरदान भयाको मेरा पालामा ता केहि फल नलागन्या यस्तो सुनिदा ता आयुर्दा पनि मेरै ढेरै होला भन्या जस्तो लागदैन भनि साहस त वडो नलागन्या हुदा अब मैले बुबाबाट गरिवक्सनु-भयाको थितिविति मात्रै थामि श्री देवताहरूको आराधना गर्न्या हो भनि मनमा निश्चय गरि जप पाठ पूजामा ज्यादा चित्त दि राज गर्नुहुदो भयो. यहादेषिन् चतुर्मासामा पनि पूजो गरिवक्सनुभयापछि पूजैका आसनमा राज गर्नुभै सप्त-शतीको पुस्तक लेषि ब्राह्मणलाई दान वक्सनुभै ज्यूनार हुन्थ्यो. चतुर्मासाभर यस्तै व्रत नियम गरि विताउनुभयो. श्री गुरु गोरषनाथ श्री मनकामनाको पनि विशेष गरि श्री ५ महाराज डम्बरसाह श्री ५ महारानीबाट पूजा पाठ ज्यादा गरि गर्न लागनुभयो. यस्तै तरहले केहि दिन वित्याका थिया श्री ५ जेठा महारानीमा श्री ५ नायक कृष्णसाह श्री पीताम्बरसाह श्री शंकरसाह श्री बलभद्रसाह चार पुत्र पैदा हुदा भया. अरू तिन श्री ५ महारानीमा केहि भयानन्. त्यतै तरहसित राज गरिरहनुभयाको थियो. केहि एक दिनका अर्धरामा श्री ५ महाराज डम्बरसाहलाई निद्रा महुदामा श्री कुलदेवताको सुमरन गरिरहनुभयाको त्यस्ता वषतमा "अरे डम्बर" भनि शब्द भयो र मेरो नाम पुकारि बोलाउन्या को हो भनि पूर्वतर्फका झ्यालमा चाडै पाउ-लागनुभै नजर हुदा वडा उच्चा फटिकका दर्शन लगायाका जटाधारि यस्ता बाबाजिलाई देषनुभयो र हे ता श्री गुरु गोरक्षनाथ हुन् भनि मनमा ठहराइ भन्याङबाट वल्लि दर्शन गर्न जाउ भनि भन्याङतिर पाउलागनुभयो र श्री गुरु गोर-क्षनाथबाट "अरे अभागी" भनि आज्ञा भै अन्तरध्यान हुनु-भयो. वहादेषिन् श्री ५ महाराज डम्बरसाहका मनमा बहुत षेद हुदो भयो. छोराले वषत चिह्न नसक्या ढेरै कुराको वैत्याहास पर्न जादो रहेछ भनि मनमा ठान्नुभयो. साक्षात् श्री गुरु गोरक्षनाथको दर्शन पायापछि मैले झ्यालैबाट वल्लि दर्शन गर्न्या हो भन्याङ षोजन लागन्या होइन भनि वषत चिह्न सकिन भनि वडो पश्चात्ताप मान्नुभयो. तस्तै तरहले राज्य भोग गरि ९ वर्ष भोग भयापछि श्री ५ महाराज डम्बरसाह परमधाम हुनुभयो.

क्रियादि काम गरिसक्यापछि शुभ दिन शुभ मुहूतमा छथरप्रभृति भारा पाचहरू वसि दिप गणेश कलश पूजन गरि ब्राह्मण निमन्त्रण गरि टिका चढाइ श्री ५ महाराज कृष्णसाह गादिमा राज यर्नुभयो. श्री ५ महाराज कृष्णसाह वहुत शान्तशील स्वभाव सत्यधर्ममा रहि आफ्ना बुबाज्यूबाट गरिआयाको थितिविति चलाइ राज गर्नुभयो. श्री ५ महा-राज कृष्णसाहका दुइ रानीमा एक रानी श्री मनःकामना देवताको ध्यान जप पाठ पूजा गर्दै गर्दै श्री मनःकामना देवताको दर्शन पाइ श्री मनःकामना देवता जस्तो हुनुभयो यो कसैलाइ थाहा भयेन. जो राजकाजमा जो अथवा परि-आउथ्यो श्री ५ महारानीबाट निपटाइबक्सनुहुन्थ्यो. त्यस्तै तरहले राजकाज चल्दो हुन्थ्यो. श्री ५ जेठामहारानीमा श्री साहेव रुद्रसाह पैदा हुनुभयो. श्री ५ कान्छीमहारानी अलप हुनुभयो. एस्तै तरहसित १६ वर्ष भोग गरि परमधाम हुनुभयो. श्री ५ महाराज कृष्णसाहको क्रियाकाम गरिसक्या-पछि शुभ दिन शुभ मुहूर्तमा छथरप्रभृति भारा पांचहरू वसि दीप गर्णेश पूजन ब्राह्मण निमन्त्रण गरि टिका चढाया.

श्री ५ महाराज रुद्रसाह गादिमा राज गनु भयो. ताहां देषिन् बुबाज्यूबाट जस्ता तरहले राज्य गरिरहनुभयाको हो सोहि तरहले राज्य थामि प्रजा पालना गरिरहनुहुदो भयो. केहि दिनपछि श्री ५ जेठामहारानीतरफ श्री ५ नायक पृथ्वीपतिसाह श्री मधुकरसाह श्री अतिबलसाह श्री जयन्त-साह श्री ५ कान्छामहारानीतरफ श्री चतुर्भुजसाह गरि पांच साहेवज्यू पैदा हुनुभयो. जेठा श्री ५ महारानी अति बुद्धि-मती हुनुहुदो रहेछ र श्री ५ महाराज रुद्रसाह पनि श्री ५ महारानीसित सब वातमा सल्लाह सम्बत गरि उहांका उप-देशले राजकाज सब गर्नुहुन्थ्यो. वडाको यस्तो स्वभाव

हुन्छ कि छोटो वडो जोसुकै होवोस् तापनि सवसंग वसउठ गरि को कस्तो रहेछ कस्को क्या बुद्धि कस्तो अकल रहेछ कि रहेनछ भनि आदमीको बात वेवस्ता बहुतै जाचबुझ गरि ग्रहण गर्नुहुदो भयो. जस्ता तरहसित भ्रमरले नानातरहका फुलको रस झिक्दछ तस्तै तरहले पैंचि आफुमा धारणा गर्नुहुन्थ्यो जस्तो पृथ्वीमा वडा वडा चिजविच अष्टधातुप्रभृति नवरत्नादि नानातरहका रत्न सकल तिर्थ आदि गन्याका वडा वडा धाम सकल अन्नादि फलफुल जति यावन्त छ उसो भन्या मलमूत्रादि पनि पृथ्वीकै आधारमा रहन्छन्. त्यस्तै सकलको आधारपात्र हुनु पनि यो ठुलो गुण हो भनि सोहि स्वभाव धारण गर्न लागनुभयो. वडो बुद्धि बल पराक्रम भयाको भया पनि पक्षपात हीन भयाको भया त्यस्ता आदमिलाई षानु वेहोर्नु हुदो रहेनछ. बुद्धि बल पराक्रम कत्ति नभयाकाको पनि पक्षपात अधिक भयाका त्यस्ता मानिसलाई षानु वेहोर्नु परिपूर्ण हुदो रहेछ गुणि पक्ष नहुन्या निर्गुणि पक्ष हुन्या गुणि निर्गुणि पक्ष हुन्या नहुन्या एस्ताको परीक्षा गरि विवेक राषि निगाहा रहन्थ्यो. एस्ता तरहले अधि जति आजियाको मुलुक थामि राज्य भोग गरिरहनुहुदो भयो. त्यस्तै तरहले ११ एघार वर्ष राज्य भोग गरि श्री ५ महाराज रुद्रसाह परमधाम हुनुभयो. वाहांको काजक्रिया भैसक्यापछि शुभ दिन शुभ मुहूर्तमा छथरप्रभृति भारा पांचहरू वसि दीप गणेश कलश पूजन ब्राह्मण निमन्त्रण गरि सकल मंगलपुर्वक टिका चढाई श्री ५ महाराज पृथ्वीपतिसाह गादिमा राज गर्नुभयो.

(श्री कालीको स्थापना १
श्री पशुपतिको स्थापना १
चौधराभित्रका श्री देवता स्थापना १
चौधराबाहिरका साना देवालयका देवता स्थापना १
श्री हनूमान्को स्थापना १
श्री गुरु गोरक्षनाथका गुफामा निजका पादुका स्थापना १
हनूमान्भंज्याङमाथिका वनमा श्री गुरु गोरक्षनाथका पादुका स्थापना १
पोषरिथौकमा पोषरि वनायाको १
श्री गणेश स्थापना १
श्री विष्णु स्थापना १
श्री महादेव स्थापना १
श्री मनःकामनादेवीको देवालय १
श्री चक्रेश्वर महादेवको स्थापना १

एति देवताको स्थापना भयाको देवालय वनायाको गुठ रह्याको पूजा चलायाको दशैंघर वनायाको श्री ५ महारानीबाट वनायाका पौवा ३ इनको गुठ राष्याको पोषरिथोकमा नसिद्धियाको आधा देवालय इनिहरूको केहि कुराको मात्रै याद छ. इदमित्थे सवै कुराको याद नहुनाले ताहां लेषि चढायाको छैन सर्कारबाट सोधि षोजि इदमित्थे गरिवक्स्याजावस्.)

तहांदेषिन् अधिको थितिविति न्यायले काम चलाइ राज्य भोग गरि विवाह भै छ महारानीमा एक महारानीतरफ श्री ५ नायक वीरभद्रसाह श्री रणदुल्लभसाह अर्की श्री ५ महारानीतरफ श्री दलसाह श्री भूपेन्द्रसाह अर्की श्री ५ महारानीतरफ श्री उद्योतसाह श्री चन्द्ररूपसाह अर्की श्री ५ महारानीतरफ श्री संग्रामसाह श्री नृसिहसाह श्री सुर्तानसाह अर्की श्री ५ महारानीतरफ श्री वीरकुमारसाह श्री वीरवर्णसाह श्री शान्तरूपसाह वाह्र साहेव पैदा हुनुभयो. भक्तकुमारि चक्रेषा २ दुइ मैयांसाहेव पैदा हुनुभयो. एक महारानीतरफ केहि भएनन्. वहांदेषिन् आफ्ना भाइ श्री मधुकरसाहलाई चौतरिया मान वक्सनुभयो. श्री अतिबलसाहलाई कजाइ षाउ भनि हुकुम हुदा जैल्हे आफ्नु षुवि पुरुषार्थ देषाइ रिझाउन सकुला उसै वषतमा मलाई फलानु मान वक्सनुहवस् भनि विन्ति गरुंला भनि विन्ति गर्नुभयो र केहि पनि नषाइ वसनुभयो कजाइं १ श्री जयन्तसाहलाई वक्सनुभयो १ कजाइं विराज थापा मगरलाई वक्सनुभयो. सरदारि मान पांडे पन्तलाई पालो गरि वक्सनुभयो. श्री ५ महाराज पृथ्वीपतिसाहमा ज्यादा धर्मकर्म सद्वृत्तिमा बहुधा चित्त लाग्याको हुनाले शान्त तेज मात्र प्रकाश हुदो भयो. राजा भै क्रूर हुन्या वेलामा क्रूर तेज गर्नुपर्न्या वेलामा प्रचण्ड तेज शान्त हुनुपर्न्या वेलामा शान्त हुनु यस्ता प्रवन्धमा निपुण भया शत्रु दुष्टादि आफुमाथि घटिया चिन्तना गर्न्या जो कोहि भया पनि इनिहरू ठुलो भया पनि हट्दछन्. आफ्ना इष्टमित्र आफ्नो भलो चिताउन्या प्रजा प्राणि जो कोहि वडो साधार मानि जयैको चिन्तना गर्छन्. तसर्थ जस्तो राजा भया तस्तै प्रजा हुन्छन्. राजाको जस्तो स्वभाव हुन्छ त्यस्तै प्रजाको पनि स्वभाव हुन्छ. श्री ५ पृथ्वीपतिसाह महाराजको शान्त स्वभाव हुनाले सकल प्रजाहरू पनि शान्तै देषिया. वैरिहरू पनि साधु छन् भनि लडाञी गर्नाको तयारि गर्न लाग्या. ताहांदेषि लमजुंग्या राजाले वाईसी चौवीसी राजाहरूसित बल मागि लड़ाञी गर्न आया र लिगलिगमा

चढ्या. लंकाङ भिर्कोट धुवाकोट घोरालिमा पनि चढ्या. मछुवा सबै अम्बल गऱ्या र दरौंदिको साध लगाइ लिगलिग कुर्ह्रे भारि लस्कर वस्यो ९ वर्षसम अम्बल गऱ्यो. नौ वर्षमा ११ लडाञ्जी गोर्षाबाट दिदा वैरि हटाउन सकिएन र श्री ५ महाराज पृथ्वीपतिसाहका मनमा चौवीसीसित सल्लाह बाधि उनको बलसमेत लि हामिसित लडाञ्जी गरि दरौंदिको साध लगाइ मछुवा लमजुंग्या राजाले षायांपछि हाम्रो राज्य कति दिन रहला भनि वडो षेद गर्नु भयो. छथरप्रभृति सबै थर भारा पांचहरूका मनमा पनि अघि हाम्रा बाबु बराज्यूले उस्ता वषतमा पनि जुन काम हुकुम हुन्थ्यो कस्तै काम भया पनि फत्ये गर्दथ्या. कती काम गरि आया कति मुलुकु आर्या. चौविसि बाईसि उठाइ पनि छल गरि पनि लमजुंग्या राजा आउदै थिया त्यस्ता वैरिलाई काट्दै धपाउदै थिया. आज हामिले नौ वर्षसम्ममा एघार लडाञ्जी गर्दामा पनि इ लमजुंग्यालाई पनि काटि लगारन सक्यानौ हामिकन पनि धिक्कार छ भनि छथरप्रभृति सब भारा पांचहरू एक गट्टा भइ वाह्र वर्षदेषि उभो असी वर्षदेषि उधोका मानिसले कसैले घर नवसनु. वैरि हान्न जाउ भन्या सल्लाह बाधि सबै सामेल भै रात्रिमा जाउं र हानु भन्या मंत्र गरि श्री ५ महाराज पृथ्वीपतिसाहका हजुरमा जाइ विन्ति गर्‍या र श्री ५ महाराज पृथ्वीपतिसाहबाट चौविसि बाईसिका बल पाइ आयाको ढेरै बल भयाको वैरि नौ वर्षसम्म अडियाको लडाइ गर्दामा पनि नसक्याको वैरि आज कसो गरि सकौला अब ता छत्रभंग गराउनु मात्रै छ. यस्ता वषतमा लडैयाको मननुवा नरोष भनि हुकुम भयो र छत्रभंग होला भन्या सन्देह हजुरमा नरह्याजाओस्. हुकुम मात्रै भयाजाओस् त्यस वैरिलाई हामि काटि काटि लगाछौं भनि सब जमा भै विस्तारले विन्ति गर्दा उसोभया तिमिहरू जान्ये छौ जसो गरि मुलुक थामिन्छ सो पाठ गर भनि हुकुम भयो र वढिया आफनु जय हुन्या सायत हेरि वाह्र वर्ष उभो असि वर्ष उधोका गोर्षामा मानिस जति थिया सबैले हातहतियार लि आफनु तैयारि गरि श्री ५ महाराज पृथ्वीपतिसाहका हजुरमा विदा भै लस्कर हिड्या. ताहांदेषिन् श्री ५ महाराज पृथ्वीपतिसाह र श्री ५ महारानीहरू ढुंगालमा पाउलागनुभै कसो हुन्छ भनि ताप भनि राज गरि रहनुभयो. जब लस्कर लिगलिगमा पुकि गढीमा आगो लाया गढी जलन लाग्याको याहां श्री ५ महाराज पृथ्वीपति साह श्री ५ महारानिबाट नजर भयो. अलिक आधार मान्नु भयो. वहां जब रात्रिविचमा आगो लाग्दा जति वाहिर निस्कन्छन् उनलाई एक एक गरि काट्छन् कति डढिगया १।२ भागन पायाका भाग्या. लिगलिग गढिमा रह्याको वैरि जब मारियो अरू अरू थुमा अलि अलि कुर्ह्रे रह्याका उ पनि सबै भाग्या. चेप्या मर्स्याङदि तऱ्या. जब विहान भयो वैरि धपाउ्यू चेप्या मर्स्याङदि ताऱ्यू. मछुवा हाम्रो भयो भनि विन्ति गरि पठाया र श्री ५ महाराज पृथ्वीपति साह बहुत हर्ष भै केही लस्कर ताहि गढि कुर्ह्रे रहु अरू लस्कर आउनु भन्या हुकुम भइगयो र वहां कुर्या लस्कर रह्यो फिरन्या लस्कर फिऱ्यो. चेलवासमा लस्कर आइपुग्याको थियो यहां दर्वारमा श्री ५ महाराज श्री ५ महारानिहरूबाट बहुत प्रसन्न भै वैरि काटि धपाइ आफनु मुलुक थामि आउन्या हाम्रा छथरप्रभृति सब थर भारा पांचहरूलाई सिन्दूरयात्रा गर्दै वडा आनन्दसित ल्याउ भनि हुकुम भइ वाहां रह्याका मानिसहरू पठाइवक्स नुभयो. सोहि तरहसित आया. श्री ५ महाराजा पृथ्वीपति साहका हजुरमा आइ दर्शन गऱ्या. श्री ५ महाराज श्री ५ महारानिहरूबाट बहुत प्रसन्न भै मिहिनेत गर्न्या मानिसहरू हेरि षिल्लत वक्सनुभयो. त्यस्तै तरहसित ५।६ वर्ष राज काज गर्नु भयो. ताहांदेषिन् फेरि चौविसी राजालाई उठाइ भारि लस्कर गरि लमजुंग्या राजा बलैले केहि पनि नमानि मिच्दै आया. लिगलिग गढीमा ठुलो लडाञ्जी भयो. उनका पनि ढेरै मानिस काटिया यहांका पनि ढेरै मानिस षेद पऱ्या. बलैले पुगेन जो बांकि रह्याका मानिस गढी छोडि गोर्षा आया लमजुंग्या राजाले सबै मछुवा अम्बल गऱ्या. दरौंदिको साध लाइ षान लाग्या. लिगलिगमा कुर्ह्रे भारि लस्कर लि लमजुंग्या साहेब बस्या. ताहांदेषिन् श्री ५ महाराजा पृथ्वीपति साहका चित्तमा यस्तो भयो. वारम्बार लमजुंग्या राजाले अरू ढेरै राजासित दोस्त बाधि हात गरि सबै राजा धुरिदै लडाञ्जी गर्न लाग्या. हामि भन्यौं एकलै हाम्रो सहाय गर्न्या पनि कोहि छैनन् अब छत्रभंग हुन लाग्यो. तसर्थ अघिका वडा वडा राजाहरू पनि योगी भै परमार्थपछि लागि राज्य छोडि जांदा रह्याछन्. अब मैले पनि परमार्थपछि लागन्या हो भन्या यस्तो चित्तमा ठहराइ आपना श्री ५ महारानीहरू भाइहरू पुवहरूलाई राषि येहि विस्तार हुकुम भयो र कान्छा साहेबबाट विन्ति गर्न लागनुभयो. आपत्ति भन्याको वडैलाई पर्छ आपत्ति पऱ्यो भनि हिक्मत हार्नु हुदैन वैरि पनि धपाउला मुलुक पनि थामुला. यस्मा कत्ति सन्देह नमान्याजाओस्. केहि जुक्ति गर्नु पर्छ कस्तो जुक्ति भन्या हजुरका भाइछोरा जति छौं कत्ति

माया नराख्या जस्तो गरि हामि सबैलाइ निकाला गरि-बक्सनुहुवस् र हामि यत्रतत्र लाग्छौं र शत्रुमित्रसंग पसनु निस्कनु गरि हात लि आफ्नो कार्य सिद्ध गरौंला. तसर्थ मलाई साथि गौरेश्वर पन्थ बलि पाध्या कडरिया इ सब काममा निपुण छन् निमेषका सोझा छन् इनलाई बक्सनुहुवोस् र इ दुवै जनालाई लि लमजुंग्या साहेब लिग-लिगमा छन् तिनैसित गै हेलमेल गरि कार्य साध्य गरौंला भनि विन्ति गर्नुभयो र मंजुर पर्‍यो र सबै भाइ छोराहरूलाई निकाला गरिबक्सनुभयो. कान्छा साहेब गौरेश्वर पन्थ बलि पाध्या कडरियालाई लि लिगलिग पाउलागनुभयो. लिगलिग पुर्वक लमजुंग्या साहेबसित भेटघाट भयो परस्पर क्षेमकुशल वार्ता भयो र यहांपछि लमजुंग्या साहेबले पक्षनाको मनसुवा गर्‍या र साहेबज्युबाट हाम्रा ता बुबालाई वर्या विपरीत बुद्धिले छोयो र हामि भाइ छोरा जति थिज्यू सबैलाई निकाला गरिबक्सनुभयो र बडालाई बुद्धिले छाडेपछि आफ्नु विरानु चिह्न छाड्दा रह्याछन् तसर्थ हाम्रो ता जेठो घर जाहि हो आफ्नै घर जानि निश्चय गरि हजुरमा शरण पिछा पर्न आयाको हुं जो करुणा भनि यस्तै तरहका वात-चित गरि लमजुंग्या साहेबका चित्तमा निशंक गराउदा लमजुंग्या साहेबले इनका कुरा साचा हुन् कि होइनन् भनि गोर्षा बुझ्न पठाउदा सब साहेबहरू निकालियाको सुन्दा साचै रहेछ भनि प्रतित मान्या र आफ्नै भाइ भैवातलाई गर्न्या जो मर्ज्यादा हो सो मर्ज्यादासित राष्या. गौरेश्वर पन्थ बलि पाध्या कडरियालाई यहां जुन मर्यादा थियो सोहि मर्यादासित राष्या. त्यस्तै तरहले ५।७ महीना भयापछि सब वातमा प्रतीत पार्‍या र एक दिन ता श्री साहेबले लमजुंग्या साहेबलाई हजुरले यहां किन राज गर्नुपर्छ अब ता यहांको काम थामनुसंमलाई ता म पनि सकन्यैछु. यहां-लाई सन्देह छैन. हजुर दरवारमा पाउलागनुहवस् भनि विस्तार गर्दा लमजुंग्या साहेबले दरवारमा साधि पठाया र लमजुंग्या राजाले अघि पनि धर्म गर्दा हामिबाट धर्म चुकि फाटो पर्‍याको हो. तिनदेषि हवैन, गोर्षालीले धर्म भन्यापछि धर्म फालदैनन् धर्म दिन्छन् भन्या धरोधर्म गरि तहां तिन-लाई कुन्हे राषि आउ भन्या जवाफ आयो र लमजुंग्या साहेबले कान्छा साहेबलाई गौरेश्वर पन्थ बलि पाध्या कड-रियालाई तिमिहरू धर्म दिन सक्छौ भनि भन्या र आफु तिन जना वसि संवाद गर्‍या र साहेबज्यूबाट मैले ता बुबा-ज्यूका निमित्तमा जिउ धर्म दिनुपर्‍या हो दिन्छु भनि मंजि भयो, गौरेश्वर पन्थ बलि पाध्या कडरियाले पनि हजुरको निमषमानिले बर्‍याको यो शरीर हजुरैका काममा लाउनु पाया दुवै लोक सप्रन्याछ भनि विन्ति भर्‍या र श्री साहेब-ज्यूबाट वेस विन्ति गर्‍यौ तर धर्म ता ममात्र दिन्छु. तिमि-हरू ब्राह्मण हौ ब्राह्मणको धर्म नष्ट गराएपछि हाम्रो जय कताबाट होला. तसर्थ इनलाई साथ पानसिंम मात्रै गर्नु भनि मंजि भयो र श्री साहेबज्यूलाई लमजुंग्या साहेबबाट जुन धर्म गरि माग्याथ्या सोहि धर्मपत्र गरिबक्सनुभयो र लमजुंग्या साहेबको चित्त बुझि वहांको काजकाम अह्राइ सिकाइ साहेबज्यू गौरेश्वर पन्थ बलि पाध्या कडरियालाइ मढी कुन्हे राषि साहेबज्यू लमजुंगमा गया. उसका २।३ दिनपछि यहां मलाई मालिक तुल्याइ लमजुंग्या साहेब लमजुंग गया. हाम्रो लस्कर चाडो गरि पठाइबक्सनुहवस् भन्या संकेत गरि पठाउनुभयो र गोर्षाबाट सब लस्कर सामेल भै हातहतियार लि तैयारि भै गया, रातिको विष-यमा गढीभित्र पस्या र बतिलाई पक्रन्या कतिलाई मार्न्या गर्दामा १।२ भागि गया त्यति गरि चार वर्ष अकलि पाया को मछुवा आफ्नु हात भयो ताहांदेषि लिगलिग कुन्हेलाई मारि

लस्कर राषि श्री साहेबज्यू गौरेश्वर पन्थ बलि पाध्या कड-रिया पछि गयाको लस्कर लि पाउलागनुभयो. गोर्षा पाउ-लाग्नुभई आफ्ना बुबाज्यू श्री ५ महाराजा पृथ्वीपतिसाहको दर्शन गर्नुभयो. श्री ५ महारानीहरूको दर्शन गर्नुभयो. श्री ५ महाराज श्री ५ महारानीहरूबाट तिमि हाम्रा कुलमा वडा बुद्धिमान् पराक्रमी पैदा भयाका रह्याछौं. तिम्रो जस सर्वत्रैमा होला भनि हुकुम हुदा साहेबले काम ता मैले गर्‍यां. यो पापले क्या गर्छ कुन गतिमा पुग्छु भनि विन्ति गर्नुभयो. वाहांदेषि जति भाइ छोरा थिया उ पनि सामेल भया. वाहांदेषिन् ति भाइ छोरा पनि एकचाहि एक जान्या एक पराक्रमी अति शूरा पूरा वडा तेजस्वी भै निस्कदा भया. तेस्तो हुदामा जति जति पटक लमजुंग्या आउथ्या काटदै धपाउदै गर्न लाग्या. त्यस्ता तरहले जव वैरि हटाउन लाग्या तब श्री ५ पृथ्वीपतिसाहका मनमा यस्तो ठहराउ भयो. आफ्ना भाई छोरा सब एकगट्टा भया आफ्नु घर बलियो हुदो रहेछ. आफ्नु गोलवोल सबै एकचित्त भै बाटुलो भयादेषिन् वैरिले पनि छिद्र पाउन्या रहेनछन्. छिद्र नपाया कसैले आटन पनि सकदो रहेनछ भनि आफ्ना भाइ छोरा-लाई एकचित्त गराइ बडा आनन्दसित राषिबक्सनुहुदो भयो. केहि दिन त्यसै तरहसित रहदा त्यस्ता बषतमा मकवानि-सित नवाफको इतराजी परेछ र मकवानपुरको तराइमा नवाफको लस्कर चडदा मकवानी राजाले एस बषतमा बल

कससित मागन्या हो भनि तजविज गर्दा आजकाल बडो प्रचण्ड तेज भयाका राजा ता गोर्षे छन्. चौविसी वाइसी राजा मिलि एक पटक नौ वर्ष एक पटक चार वर्ष षांदा फगत एकलै गोर्षाले काटि काटि धपाइ आफ्नु मुलुक थाम्या. एस्ता साह्रा छन्. भाइ छोरा पनि प्रचण्ड तेज भयाका एक-चित्त गरि मिल्याका भरभारादार पनि तरवारका बहादुर मन्त्रणामा पनि बहुत प्रवीण सिपाहि पनि बडा पानिदार तेजि बहाँ बल माग्या ह्याम्रो कार्य सिद्ध होला भन्या एस्तो ठहराइ बल मागि पठाया. मकवानिका मानिस गोर्षा आइ श्री ५ महाराज पृथ्वीपति साहका हजुरमा आइ सरसौगात षलितापत्र चढाइ दर्शन गऱ्या. मोहजमान विस्तार विन्ति गऱ्या. षलतापत्र नजर हुदा बल माग्याको कुरो रहेछ. सो विस्तार बुझि आफ्ना भाइ भतिजा छोरा छथरप्रभृति सब भारा पांहरूसित सल्लाह हुदामा मकवानि भन्याका हिन्दु-पति राजा भन्छन् तिनले बल मागि पठायापछि हामिले बल दिनैपर्छ. हामि गुहारि भै नवाफ काटि धपाउन सक्या गोर्षाको ठूलो धाक चलन्याछ. पराक्रमको निसाना राषन्या बषत यहि हो भन्या ठहराइ अतिबल साह हरिचरण पाडे दलमुषि भै बलिया शूरा छाटि छाटि एघारविस जवान सिपाहि साथ लि तयार भै बिदा हुन लागदामा श्री ५ महा-राज पृथ्वीपति साहबाट हुकुम गर्न लागनुभयो. हामि भन्याका सिसौदिया राणा हौं अघि बादशाहसित लडाइ हुदामा साषाबन्दि गर्न्या पनि हामि हौं तसर्थ आफ्नु बल पराक्रम देषाइ गोर्षाको नाम राषि आउनु भनि हुकुम हुदामा श्री अतिबल साहले विन्ति गर्नु भयो रजपुतको रज-पुत्याइ देषाउन कैले पाउला भन्थ्यां दैवले यहि वषतमा पाऱ्या. बषत नचुकि छातिको ढाल गरि आफ्नु बल पराक्रम देषाइ हजुरको परसंम रहन्या निसाना जसो गरि होला गर्न्यैछु. निमषको सोझो जसो गरि हुन्या हो सो काम गरि नजर गराउला भनि विन्ति गर्नु हुदो भयो. हरिचरण पांडे-लाई पनि गणेश पांडेको नाम संझि हामिलाई जस आउन्या काम गऱ्या भनि हुकुम भयो. सोहि तरहले विन्ति गऱ्या र विदा भै गया.

क्रमशः

ऐतिहासिक पत्रस्तम्भ

नं. ३७०

अर्जि — — — — — — — — —

उप्रान्त आश्विन बदी १४ रोज ५ का मितिमा बक्सि पठाया गयाको लालमोहर रजिडन्ट साहवलाई सौपियाका याददास्तका नकल २ लाठसाहववाट गयाका षरिताका तर्जुमाको नकलसमेत आश्वीन शुदि ८ रोज १ का दिन डाकमार्फत पाई सिर चह्राञा आह्रा वातचितको प्रसंग चल्दा हुकुम भयावमोजिमको आसए लि जवाफ दिन्या पाठ गरुला आजकाल दसै आउनाले कौसल दफदर्षना वन्द छ षुल्यापछि रजिडन्टवाट आयाका कागजपत्रको हवाल बुझि पायाका षैषवरसमेत विन्ति चह्राइ पठाउला एहि सुदि ७ रोज ६ का दिन टारन्साहव एक्टं सिक्रिटरिकाहां दफदरषानाको मामूलि दर्वार हुदा दर्वारको षैर वाफिषत सोध्या सव तर्हसित षैर वाफिपत्छ भनि जवाफ दिञा मेडाकसाहव दफदर्षानाका सिक्रटरि विराम भै हावा षान भनि गयाका थिया आजकाल्मा आउछन् भन्या षवर्छ कन्दहार्का दषिन वलुचिस्तानका मुलुकमा कलात्को किल्ला कन्दहार काबुल अमल भयापछि अंरेजहरूले अमल गऱ्याको थियो अंरेजहरूसित लडि फेरि उहांका पैठानहरूले अमल गऱ्या भन्या षवर अषवार्का कागजमा देषि हजुर्मा विन्ति चह्राइ पठायाको छ इति सम्वत् १८९७ साल मिति आश्वीन शुदि १० रोज ३ मोकाम कल्कत्ता चितपुर शुभम्— — — — —

सेवक लोकरमणोपाध्यायको वेदोक्त पुराणोक्त कोटि कोटि सुभासीर्वाद शुभम् — — — — — —

—०—

नं. ३३

स्वस्ति श्री सर्वोपमानोपमेयशौर्योदार्यादि सकल सद्गुणगणालंकृतराजराजित राजभारोद्धरण सामर्थ श्री ३ प्राइम्-मिनिष्टर यान कम्याण्डर इन चिफ जनरल मातवरसिंह थापा कलाबहादुर महाशयेषु इतः बालाशंकरका सहस्र शुभाशिषपूर्वक विन्तिपत्रम् । अत्रकुशलं तत्र श्रीमतां कुशलं वान्छामि । उप्रान्त गरीवपर्वर मेरे वेशाष सुदी १४ रोज ३ मे लिषी अर्जी वन्देकी डाक अंरेजिके मार्फत हजूरके मुलाहिजेमे गुजरी होगी । वाद मुलाहेजे अर्जीके बन्दा हजूरके धर्मद्वारसे क्रिपापूर्वक अर्जीके पहोंचनामेका और माफिक आज्ञा हजूरजे अपनी तलव तनष्वाहका उम्मैदवार था इस अर्सेमै वतौर अफुवेके और पर्चै अषवार अंग्रेजीसे यहां षवर हजूरका बेतौर सुन्नेमे आयाहेके के मजमून उस्का जो अर्जी १—— के चरणोमे भेजी है उस्मे मुन्दर्ज है वाद मुलाहेजें मजमून अर्जीके उम्मेद रषता हूँ के अगर येह षवर झूठ है तो वास्ते तलल्सोके आज्ञापत्र हजूरका मै मोहर षासके वन्देके हालपर इनायत हावे अगर येह षवर सत्य है तो मुष्त्यार हालको षिदमतमे अरज रषता हूँ अर्जी मेरी ...१... के चरणोमे गुजरानकर एक हुकुमनामामै लालमोहरके...१... से निकासा कर्के और आज्ञापत्र अपने हजूरसे मै मोहरके षासके मेरे हालपर इनायत होवे के माफिक हुकुमके बन्दा अपनी अर्जी...१... के चरणोमे चढाय भेजता रहे ज्यादा अरज ये है के इस षवरके झूठ सत्यका हाल सिवाय अषवार अंगरेजीके बन्देको नहीं मालूम हुवा जैसा षवर सुननेमे आया था सो हजूरके चरणोमे अरज कियागया झूठ सत्यका बात ईश्वर जाने जान अजान कुसूर माफ होवे सं. १९०२ जेष्ठ वदी १३ रोज २ मुकाम दिल्ली शुभम् — — — — — — — — —

अर्जी बालाशंकर ब्राह्मणकी

—०—

नं. ४०२

श्री ५ सर्कार

१

स्वस्ति श्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविधविरुदावली विराजमानमानोन्नत श्री मन्महाराजाधिराज श्रीश्रीश्रीश्रीश्री महाराज राजेन्द्रविक्रम शाह बहादुर शंशेरजंग देवानां सदा समरविजयेषु इतः बालाशंकरका कोटि कटि शुभाशिषपूर्वकविन्तीपत्रम् अत्र कुशलं तत्र श्रीमतां कुशलं वान्छामि उप्रान्त गरीवपर्वर मेरे मार्गशिर वदी ९ रोज ६ मे लिपी अर्जी ब्रन्देको डाक अंगरेजीके मार्फत...१... के मुलाहेजेमे गुजरीहोगी वाद मुलाहेजा कर्ने अर्जीके वन्दा हजूरके धर्मद्वारसे क्रिपापूर्वक परवरशनामेका उम्मैदवार है फर्द २ दिल्लीके अषवारके...१... के चरणोमे हाजर कर्ता हूँ सो मुलाहेजेमे गुजरे मार्गशिर वदि १४ रोज ५ मे जनरल मातवरसिंह थापा दिल्लीसे कूंच कर्के बरस्ते लषनऊके वरसवील डाक सुतरके गोरषपुरको रवाना हुवे वास्ते इत्तिलाहके अरज रषता हूँ बन्दा हजूरके दर्वारसे नेक नजरका और परवरशका उम्मैदवार है और जो कारषिदमत मेरे लायक हजूरसे हुकुम होवे सोमाफिक वन्दा वजालावे ज्यादा क्या विन्ती करूं...१... सर्वज्ञ है जान अजान कुसूर माफ होवे संवत् १८९९ मार्गशिर शुदि ८ रोज ७ मु-दिल्ली—

अर्जी बालाशंकर ब्राह्मणकी

—०—

नं. ३५८

श्री ५ सर्कार

१

अर्जि — — — — — — — — — —

उप्रान्त गरिप्रवर ब्रह्मदेउमंडीका कुरालाई कार्तिकको पुर्नमासिदेषि मंडिको कां चल्दो रहेछ...१... को पैसा टुट्न जाला भनि मंडिको ठेका साविकवमोजियको कवोल गराई कवोलियतनामा लि मंडि उठाउन्या काम गन्या किस्तावंदिमा रुपैया...१... मा दाषिल होला जाचका नापवन्दिका अर्थलाई र कोहि जगा घट्न जान्या कोहि जगा वढन जान्या हुन लागिरहेछ ताहाका भलाआदमिलाई सोद्धा बुझ्दा घटैन भनि भन्छन् पछि ज्मावन्दिमा क्या ठहर्छ ज्मावंदि भयापछि विति गरि पठाउला र जाहेर होला काम गर्दा केहि कुरामा चुकन जायींछ षामिदवाद मेहेरमानगि सेवकउपर रहोस्

ठुलघाटतर्फ टांगो लि नापवंदिमा जान्या ज्मादारले कुमाउतर्फ मानिस पठाई हालसुरत बुझी मलाई लेषि पठायाको वेहोरा उतारि चह्राई पठायाको छ नजर भै जाहेर होला विज्ञवर प्रभूचरणारविन्देषु अलमधिकं इति सम्वत् १८९८ साल मिति अधिक आश्विन वदी ५ रोज ३ मुकाम डोटि सिलगढि शुभम् — — — — — — — — —

ईत सेवक बुद्धरंजन साहिको कोटि कोटि साष्टांग डंडवत सेवा कुर्णेज शुभम् — — — — — —

—०—

नं. १२१

अर्जि — — — — — — — — — —

उप्रान्त देसवाट पवर ल्यायाको लषनौका समाचारका अर्थ बुढा जहांपना मन्यापछि तिनैका छोरा सुरैयान जाहांपनाले ९ करवर रुपैया फिरंगिलाई दि गादिमा वस्याछन् मुन्नायान भंन्या गादिमा वस्ता राजा दर्सनसिको मामला पनि विग्रन्या अरू अरू मिर उमरावहरूलाई पनि फिरंगिसित पनि मुन्नायान गादिमा वस्यापछि षलवल पार्ला भंनानिमित्या सुरैयान जाहांपनालाई गादिमा वसायाछन् राजा दर्सनसिले पनि षिल्लत पाया राजावावुहरूको अजसंम वन्दवस्त भयाको छैन लाठसाहेव पनि ९२ पल्टन लि इरान जान भनि गयो भंन्या गलवा सुनिन्छ इ कुरा हो होइन हजूरमा जाहेर भयाकै होला सेवकले सुन्याका कुरा विति गर्न्या हो भनि विति गन्याको हो सर अपसर माफ भयाजाला अर्जि चह्राइ पठाउंछौं हुकुम कैल्हे आउदैन सेवकपर निगाह रह्याजावस् इति सम्वत १८९९ साल मिति ज्येष्ठ सुदि १४ रोज ३ मोकाम सल्यान शुभम् — — — — — — —

इत सेवक दरियावसिंह वस्न्यातको कुर्नस डंडवत् सेवा ३ शुभन्— — — — — — — —

—०—

नं. ३७९

अर्जि — — — — — — — — —

उप्रान्त गरिपरवर आश्विन वदि ३० रोज ३ मा लेषि पठाइवक्सनुभयाको कृपापत्र यै शुदि ९ रोज ३ मा आईपुग्यो हरप पढि विस्तार मालुम गरि सिर चह्रायां मर्जि भई आयावमोजिम हुवा सिपाहिहरूलाई दस्कत सौंपि

कुगरियाहरू सर्दारका जिम्वा लगाइ जाउ भनि अह्राइदिन्या काम गऱ्यां भोटतरपको सहि समाचारका अर्थलाई कुंभेदान दलपति गुरुबाट संपूर्न वेहोरा बुझि आयाका हुं चरणमा विस्तार विति गऱ्याहुन् मैले पनि संछेप अर्जि लेष्याको हो चरणमा दाखिल भयोहोला याहांको वेहोरा वन्दालाई ताहिसंम मात्र थाहा छ बाकि सर्दार दरियाउहिं वस्न्यातले हाम्रा मानिस भोटतिर जादा सर्दार हस्तविर साहिले ई मानिस त चोर हुन् ई मानिसका कुरा नपत्याउनु भनि देवालाई चिठि पनि लेपेछ हाम्रा मानिसलाई प्यादा पनि लायेछ भंन्या कुराको चुक्ति ...१... मा लेष्याछन् भोटघा-लाई सिषले लपेट्याको वेला छ येस वेलामा केहि गोहार दिन सक्यौं भन्या हामिले भन्याको काम पुग्दोहो भन्या कुरा पनि लेष्याछ उसै कुराको प्रतितले २०० जवान र ३ तौप षटाउनु भंन्या मोहर भइ आ।ाको होला भन्या जस्तो लाग्छ लस्कर आयो भंन्या समाचार भोट्याले सुन्यापछि हामिलाई गोहार दिन पनि पर्दैन भनि उस्ले लेष्यापछि लस्कर पठाउ-दामा केहि फिक्का पनि पर्ला घा पनि विग्रन जाला सिषले थाहा पायो भन्या भोटघासंग आवतजावत गऱ्याको पनि सुन्याकै होला अघि कांगडामा भयाको वेहोराले गोर्खालि येस्ता छन् भनि ठहरायाकै होला लस्कर पठाउदामा दुवैतिर चमक पर्न जाला कि भन्या जस्तो लाग्छ तसर्थ वेहोरा पारिकन ...१... मा अर्जि लेषिबक्सनुभया सवैलाई सुष हुदोहो जो मर्जि लस्कर ताहांवाट हिड्याको भया पनि केहि दिन अछांपुंढो अलमलिरह्या वेस होला कि भन्या जस्तो लाग्छ जो मर्जि सो सहि म पनि टिकाको साइत गरि नेपालतिर जान्या काम गऱ्यां इति सम्वत १८९९ साल मिति आश्वीन सुदि ११ रोज ६ मोकाम जुम्ला छिनासिम शुभम् — — — — — — — — —

सेवक कर्णवीरज्यूको कोटि कोटि सेवापूर्वक कोर्णेस शुभम् — — — — — — — — —

—०—

नं. ११९

अर्जि — — — — — — — —

उप्रान्त ताहा ईलाम फाकफोकका रैयत अधिदेषि दुर्जलिङमा वेपार गर्न जादै आउदै रह्याछन् सुषीमको इलाका नागरि भन्याका जगामा अधि जगात रह्याको रहेनछ १९०० साल-देषि सुषीमबाट जगात लिनु भनि लापच्या जगाति राख्याका रह्याछन् येस सालका पुसमा घिउ मास कपराका दस वेधार भारि लि दुर्लालिङमा वेपार गर्न ताहा ईलामका भोटघा गयाका रह्याछन् नागरिका जगातदेषि वरै जगातमा पुग्न नपाई लाप्च्याहरूले जगात देउ भनि माग्याछन् र ताहा दिया हामिलाई दोहोरो तिर्नुपर्छ जगातमा हिड र जो लाग्दछ वाहिं चुक्ति गरि दिउला भनि भोटघाहरूले भन्दा लाप्च्याहरूले ताहिं दिनुपर्छ भन्याछन् र तक्रार गरि कुटा-कुट गऱ्याछन् कुटाकुट गर्दा लाप्च्या साह्रै कुटियेछ र जो लग्याका भारि मिल्काई आफु भागि आयाछन् भोटघाहरुले नागरिमा लाप्च्यासंग कुटाकुट गरि आया भंन्या षवर सुन्या र यो कुरा कसो रहेछ भनि बुझ्न पठाउदा कुटाकुट भयाको पनि साचो रहेछ कुटियाका लाग्च्या पनि येक जाना दस बाह्र दिनपछि मरेछ छाडि आयाका भारि पनि सुषिम्या लाप्च्याहरूले षायाछन् भंन्या षवर ल्याया सुषीमबाट भन्या ताहा केहि भनि पठायाको छैन येस्तो वेहोरा भयेछ भनि ताहा केहि लेषि पठाया भन्या जो षवर आउला षवर आयाबमोजिमको वेहोरा लेषि चह्राई पठाउन्या काम गरुला कुटाकुट गरि आउन्या भोटघाहरू र आफ्ना आफ्ना घर आई वसिरह्याछन् ज्यादा हरफमा कम ज्यादा भयाको माफ गरिबक्स्याजाला ईति सम्वत १९०१ साल चैत्र सुदि १२ रोज २ मुकाम ईलाम छाउनी शुभम् — — — —

कप्तान दलमर्दन थापाको कोटि कोटि सेवा — —

—०—

श्रीमानांक मुद्रा–एक अध्ययन

–हरिराम जोशी

उत्तर प्राचीन कालीन नेपालका सर्वप्राचीन मुद्राका रूपमा श्रीमानांक अभिलेख अंकित मुद्रालाई लिइन्छ । यसको प्रचलन भट्टारक महाराज श्री मानदेवले गरेका थिए । थस कुराको पत्ता यस मुद्राको पृष्ठभागमा श्री भोगिनी अभिलेख अकित गरेको देखिनु औ संवत् ४२७ को पशुपति सूर्यघाटको अभिलेखमा श्री भोगिनीलाई राजा मानदेवकी रानी भन्ने कुरा स्पष्ट अंकित गरिएबाट हुन्छ । यसका अतिरिक्त यस मुद्रामा उत्कीर्ण लिपिको समय निरूपणबाट पनि उक्त तथ्यको प्रामाणिकता निर्णीत हुन्छ ।

प्रस्तुत मुद्रामा राजा मानदेवले आफ्नो नाम अंकित गराउनाको बदला उपाधिसूचक खालि श्रीमानांक अभिलेख उत्कीर्ण गराउन लगाएको छ । मान शब्द पराक्रमको बोधक छ । पूर्वका रजौटाहरूको विद्रोहलाई दबाई जगर फिजाएको सिह जस्तै भई यिनी पश्चिमतिर लागे भन्ने उक्तिमा यिनको पराक्रम स्पष्ट परिलक्षित हुन्छ । यसरी आफ्नो पराक्रमद्वारा साम्राज्यलाई सुस्थिर एवं सुदृढ गराउन सकेको हुंदा यिनले आफ्नो मुद्रामा आफ्नो नाम उत्कीर्ण गराउनाको बदला आफ्नो पराक्रमसूचक मान शब्दको अंकनद्वारा शत्रुका हृदयमा भय. आतंक तथा प्रभाव स्थापन गरेको हुनु धेरै सम्भव छ । उत्तर प्राचीन कालीन गुण एवं अयक्षिक अंकित मुद्राहरूको प्राप्तिले पनि यस तथ्यलाई टेवा मिल्छ । उक्त मुद्राहरूमा उत्कीर्ण लिपिको समय नेपालमा कुनै गुण, अयक्षिक आदि नाम आउने राजाहरूको अस्तित्व कायम भएको कुरा पुरातात्विक आधारमा प्रकाशमा नआएकोले उक्त तर्कको पुष्टि गर्दछ ।

अर्को, पांचौं शताब्दी ई. मा मानांक नामक राष्ट्रकूट-वंशी एक प्रख्यात राजा भएका थिए । तिनले अनेकौं राज्य-हरू जितेका थिए । डण्डिकवाटिका दान तथा पाण्डुरंगपल्ली दानबाट तिनका उक्त विजयका बारेमा चाल पाइन्छ । अनि विजिगीषु सिद्धान्तका अनुरूप भने जस्तै भर्खर भर्खर मात्र गुप्तसम्राट्हरूका प्रभावबाट मुक्त भएका नेपालका लिच्छवि राजा श्री मानदेव प्रथमले दुइ अर्थ आउने गरी एकातिर आफ्नो पराक्रमसूचक मान शब्द औ अर्कातिर उक्त मानांक राजाको नाम पनि आउने श्री मानांक अभिलेख अंकित गरेर मुद्रा निकालेको देखिन्छ । सातौं शताब्दी ई. मा तिब्बतका हाउले मगधसम्राट् हर्षवर्धनबाट नेपालको स्वतन्त्रतालाई जोगाए जस्तै भट्टारक महाराज श्री मानदेवले पनि पं. बिष्णुशर्मप्रणीत पंचतन्त्रको

व्यपदेशेन महतां सिद्धिः संजायते परा ।
शशिनो व्यपदेशेन वसन्ति शशकाः सुखम् ।
(पंचतन्त्रे काकोलूकीय)

उक्तिअनुरूप श्रीमानांक शब्दको उत्कीर्णनका साथै मुद्रा निकाली गुप्तहरूको साम्राज्यप्रसारबाट मुक्त गराई राख्न सफल भएका थिए । उत्तर प्राचीन कालमा नेपालको संपर्क दक्षिण भारतीय राज्यहरूसित पनि थियो भन्ने कुरा संवत् १५७ को पशुपतिको अभिलेखका पंक्तिको अध्ययनबाट स्पष्टतः जानिन्छ । त्यसै समयदेखि नेपालमा दक्षिण भारतीयहरूको बसोवास पनि भइसकेको थियो । यस कुराको पत्तो नवौं शताब्दी ई. को पूर्वार्द्धमा नेपालमा आउने आद्य शंकराचार्यले भगवान् श्री पशुपतिनाथका मन्दिरमा पुजारीका रूपमा दक्षिण भारतीय अर्थात् कर्णाटकी, महाराष्ट्री, आन्ध्र औ द्रविडजातीय ब्राह्मणहरूको व्यवस्था मिलाएको वृत्तान्तबाट विदित हुन्छ । तिनताक यहां पहिलेदेखिनै बसोबास गरिरहेका दक्षिण भारतीयहरूको संख्या अत्यधिक मात्रामा नरहेको भए तिनद्वारा उक्त प्रकारको व्यवस्था

गरिनु संभव थिएन । यी आधारहरूले भट्टारक महाराज श्री मानदेवद्वारा आफ्नो मुद्रामा श्रीमानांक अभिलेख उत्कीर्ण गरिनाको उपरोक्त अनुमान पनि सम्भवतः पुग्याएको प्रतीत हुन्छ ।

श्रीमानांक मुद्राको पूरा भागमा सिंहको आकृति उत्कीर्ण छ । जसको आधारमा राजा मानदेवलाई शक्तिपूजक रहेको अनुमान गर्नेहरू पनि छन् । किनभने दुर्गा भगवतीको वाहनका रूपमा सिंहलाई लिइन्छ । डा. ए. एस्. अल्टेकरले लिच्छविहरूको इष्टदेवीका रूपमा दुर्गालाई मानेको छ । गोपालवंशावलिअनुसार राजा मानदेवले मानेश्वरी स्थापना गरेका थिए । तर, राजा मानदेवले मानेश्वरी स्थापना गरेको कुरा सत्यप्रद छ जस्तो लाग्दैन । किनकि चौध्रौं शताब्दी ई. मा लिखित गोपालवंशावलिको उत्तर प्राचीन कालीन विवरण समकालीन नहुंदा पुरातात्विक आधारमा प्रमाणित मात्र नसकिने कुरा सिद्ध छ । अर्को, त्यस वंशावलिको विवरणलाइ प्रमाणित मानेमा राजा मानदेव पितृघातकका साथै विश्वदेवका छोरा मान्नुपर्ने हुन्छ जुन कुरा तत्कालीन अभिलेखका आधारमा यथार्थतः असत्य प्रमाणित भइसकेको छ । फेरि, उत्तर प्राचीन कालीन कुनै पनि अभिलेखमा मानेश्वरीको प्रतिष्ठापनबारे कतै उल्लेख भएको अहसम्म देखिएको छैन । यो निश्चय छ, नक्साल नारायण-चौरको अभिलेखमा मानेश्वर नामले महादेवको उल्लेख भएको छ । संवत् ३२ को हाँडीगाउँको अभिलेखमा मानेश्वरीका नामको सर्वथा अभाव रहेको छ । यदि मानेश्वरी राजा मानदेवद्वारा प्रतिष्ठापित लिच्छविहरूका इष्टदेवी रहेकी भए अवश्य तिनका लागि पनि केही रकम त्यस अभिलेखमा तोकिने थियो । उक्त हाँडीगाउँको अभिलेखमा धारामानेश्वर, मानेश्वर आदि देवताहरूको नाम उत्कीर्ण गरेर गोपालवंशावलिअनुसार राजा मानदेवद्वारा प्रतिष्ठापित मानेश्वरीको कुनै उल्लेख नहुनुले उक्त वंशावलिको वर्णनमा कुनै ओज नभएको कुरा सिद्ध छ । बरु अभिलेख एवं मूर्तिका आधारमा एकाध अपवादबाहेक राजा मानदेवले वैष्णव देवताहरूकै प्रतिष्ठापन गर्ने जस्ता कार्यहरू गरेका देखिएका छन् जसले उनी वैष्णवधर्मावलम्बी राजा भएको कुरा प्रकट हुन्छ । शत्रुको संहार गर्न अभियानबाट फर्केर आई उनले चांगुमा विष्णुको स्तुतिसाथ राखेको संवत् ३८६ को विजय स्तम्भलेख वीर रसले ओतप्रोत एक सुन्दर रचना मानिन्छ । यसका अतिरिक्त विष्णुले सुरको रक्षार्थ असुरको संहार गरेको उपाख्यानमा आधारित त्रिविक्रम विष्णुका मूर्तिहरू संवत् ३८९ मा उनले पशुपति तिलगंगा र लाजिमपाटमा स्थापना गरेका थिए । यी कार्यहरूले उनको रोम-रोममा वीरत्वको भावना सञ्चारित भएको कुरा विदित हुन्छ । उनले चांगुको अभिलेखमा जगत फिजाएको सिंह जस्तै भई उनले पश्चिमतिर जाइलागेको कुरा वर्णन गरिएको तथा ऋग्वेदमा पराक्रमको लागि उदाहरण दिंदा सिंहको उपमा दिने चलन देखिएकोले सिंह पराक्रमको सूचक हुंदा उनका मुद्रामा सिंहको आकृति राखेको हो भन्ने कुरा स्पष्ट थाहा हुन्छ । पछि सिंहलाई पनि वशमा गर्नेका रूपमा राजालाई लिइन लागेको थियो । राजाको आसनलाई सिंहासन भनिने गरेको पनि छ । फेरि गुप्तकालीन भारतको चन्द्रगुप्त-कुमारदेवी अभिलेख अंकित एक प्रकारको मुद्रामा सिंहमा आरूढ लक्ष्मीको मूर्ति उत्कीर्ण गरेको देखाइएबाट पनि राजा मानदेवले आफ्नो मुद्रामा सिंहको आकृति दुर्गा भगवतीलाई आराध्यदेवी मान्ने हुंदा उत्कीर्ण गराएको हो भन्ने अनुमानमा कुनै ओज नभै असत्यतिर परिलक्षित गर्दै माथि वर्णित तर्कको पुष्टि हुन्छ ।

प्रस्तुत मुद्राका पृष्ठभागमा श्री भोगिनी लेख अंकित गरिनाका अतिरिक्त पद्मासनमा अवस्थित एक स्त्रीमूर्तिको आकृति पनि उत्कीर्ण छ । यस मुद्रामा राजा मानदेवले आफ्नी रानी श्री भोगिनीको नाम किन उत्कीर्ण गराए भन्ने कुरा विचारणीय छ । मुद्राहरूमा राजाका साथै रानीहरूका पनि नाम उत्कीर्ण गराउने चलन प्राचीन कालदेखि नभएको होइन । इन्डोबैक्ट्रियन रजतमुद्राहरूमा राजा एवं राजमाता दुवैका नाम अंकित छन् तापनि त्यसमा राजाको बदला राजमाताको मात्र मूर्ति उत्कीर्ण छ । गुप्तसम्राट् चन्द्रगुप्त प्रथमका मुद्रामा उनकी रानी कुमारदेवीको नाम पनि अंकित गरिएको छ । तर, ती मुद्राहरू र राजा मानदेवद्वारा प्रचारित मुद्रामा एक खास प्रकारको भेद स्पष्ट देखिन्छ । ती मुद्राहरूमा राजारानी दुवैका नाम अंकित छन्, तर मानांक मुद्रामा खालि रानीको नाम मात्र उत्कीर्ण छ । यही नै राजा मानदेवद्वारा प्रचारित मुद्राको खास विशेषता रहेको छ ।

राजा मानदेवले चलाएका मुद्रामा राजाको नाम अंकित नभै रानीको नाम मात्र अंकित गरिएको छ । तर, त्यसमा राजाको नाम अंकित नगरिए तापनि आफ्नो पराक्रम द्वारा

साम्राज्यलक्ष्मीलाई सुदृढ तथा सुस्थिर गराउन सकेका हुंदा राजा मानदेवले पराक्रमको प्रतीकको रूपमा रहेको सिंहको आकृति उत्कीर्ण गराई त्यस सिंहले कुनै मुद्रामा कमलपुष्प समातेको औं कुनैमा राष्ट्रध्वजलाई अभिवादन गरेको दर्शाएको छ । पराक्रमको प्रतीक सिंहले राष्ट्रध्वजको अभिवादन गरेको तथा कमलपुष्प समातेको देखाइएबाट त्यो सिंहाकृति तिनताका राष्ट्रिय चिह्नको रूपमा मानिएको कुरा स्पष्ट थाहा हुन्छ । कमलमै भगवान् अवस्थित हुने कुरा वैदिक समयदेखिनै मान्य हुँदै आएको औ लक्ष्मीको आसन कमल मानिनाका अतिरिक्त लक्ष्मीले कमलनै समाते गरेको कुरा अंशुमद्भेदागम, शिल्परत्न आदि ग्रन्थहरूमा वर्णित हुनाका साथै मूर्तिहरूमा स्पष्टरूपले देखिनाको अतिरिक्त अमरकोशअनुसार लक्ष्मीका विभिन्न नामहरूमा पद्मा, कमला, रमा आदि नाम पनि देखिएबाट राजा मानदेवले सिंहद्वारा कमलपुष्प समातिराखेको देखाइएको कुराको तात्पर्य खुलस्त हुन्छ । त्यो कमल पनि लक्ष्मीकै प्रतीकको रूपमा मानिएर त्यसले सांच्चै भन्ने हो भने राज्यलक्ष्मीलाई शत्रुबाट जोगाई राजा मानदेवले आफूले रक्षा गर्न सकेको कुराको खुलासा गरेको छ । फेरि, राजा मानदेव वैष्णव हिन्दूधर्मावलम्बी भएको कुरा उनैद्वारा प्रतिष्ठापित अभिलेख एवं मूर्तिहरूबाट थाहा हुन आएकोले उनमा पौराणिक उपाख्यानहरूको खास प्रभाव पर्नु स्वाभाविक छ । पौराणिक उपाख्यानअनुसार समुद्रमथनबाट निस्केकी लक्ष्मीलाई असुरहरूको कब्जामा जानाबाट रोकी रक्षा गर्ने कार्य विष्णुबाटै संभव भएको थियो । ई. सन् ६७२ को अपसद अभिलेख तथा पचतन्त्रमा पनि लक्ष्मी ससुद्रमथनबाट निस्केको कुरा उल्लेख छ । अमरकोशअनुसार लक्ष्मीको एक नाम 'क्षीरसागरकन्यका' पनि हो । यसरी विष्णुले लक्ष्मीको रक्षा गरेको उपरोक्त उपाख्यानकै स्पष्ट प्रभाव राजा मानदेवद्वारा प्रचारित मुद्रामा परेको छ भन्दा कुनै अत्युक्ति हुंदैन । अनि राजा मानदेवले आफ्नो नामको बदला आफ्नो पराक्रमद्वारा अभिप्राणित व्यक्तित्वको छाप राष्ट्रको प्रतिविम्बस्वरूप मुद्राको एकातिर स्पष्ट दर्शाएको छ ।

राजा मानदेवले आफ्नो मुद्राको पृष्ठभागमा आफ्नी रानी श्री भोगिनीको नाम उत्कीर्ण गराएकोमा पनि खास कारण भएको कुरा प्रतीत हुन्छ । कतिपय विद्वान्हरू श्री भोगिनीलाई संवत् ४२७ को पशुपति सूर्यघाटको अभिलेखमा देवी भनिएको कुरालाई आधार मानी राजा मानदेवकी बडामहारानी भएकी हुंदा उनको नाम राजा मानदेवले आफ्नो मुद्रामा उत्कीर्ण गराएको कुराको अनुमान गर्दछन् । हो, अमरकोशअनुसार देवी शब्दले पट्टमहिषी बुझाउंछ यसमा कुनै शंका छैन । तर, अमरकोशको यस उल्लेखबाट हामी पूर्णरूपले सम्मत हुन सक्तैनौं, किनभने भोगिनी राजाकी भित्रिनीको नाम हो । यसरी एउटी रखौटी स्त्री स्मृति, धर्मशास्त्रका अनुसार शासन गर्ने राजाकी बडामहारानी कसरी घोषित भइन् भन्दै कुरा विचारणीय छ । राजा मानदेवकै छोरी राजकुमारी विजयवतीले मानदेवकै राज्यकालमा राखेको शिलालेखमा "श्री भोगिनीति कथितास्य बभूव देवी" भनी उल्लेख गरेकालाई अविश्वास गर्न पनि गाह्रै पर्छ । बडामहारानी नभएकीलाई बडामहारानी भनी उल्लेख गर्नु सम्भव होला भन्न सकिंदैन । बरु यसले यस तथ्यको संभाव्यतालाई स्पष्टरूपमा अगाडि ल्याइदिएको छ- उत्तर प्राचीन कालीन समाजमा ल्याइते ब्याइतेमा कुनै भेदभाव थिएन यसै कारण राजा मानदेवले श्री भोगिनीलाई भट्टमहिषीको रूपमा आसीन गराएका थिए । सम्राट चन्द्रगुप्त द्वितीयले पनि आफ्ना दाज्यू रामगुप्तलाई मारी आफ्नी विधवा भाउजू ध्रुवस्वामिनीसित बिहा गर्नाका साथै उनैलाई राजमहिषी (बडामहारानी) का रूपमा आसीन गराएका थिए । यसबाट पनि उक्त तथ्यलाई पुष्टि मिल्दछ । उपरोक्त सबै आधारहरूबाट उत्तर प्राचीन कालीन प्रचलित सामाजिक नियमका अनुरूप राजा मानदेवले आफ्नी रखौटी रानीलाईनै पट्टमहिषी, संभवतः ज्येष्ठताको आधारमा स्वीकार गरेका थिए । राजा मानदेवको राज्यकालमै उनकी भोगिनीतरफकी छोरी राजकुमारी विजयवती चतुःषष्ठी कलामा प्रवीण हुनाका साथै विवाहिता पनि भइसकेको कुरा उपरोक्त सूर्यघाटको अभिलेखबाट बुझिन्छ र उक्त अनुमानको पुष्टि भएको संझिन्छ । उपरोक्त तथ्यहरूमा श्रीमानांक मुद्राहरूमा श्री भोगिनी नाम किन अंकित गरियो भन्ने कुराको आधार स्पष्टरूपले भेटिन्छ ।

राजा मानदेवका अरू रानीहरू शिक्षित थिए । तर भोगिनी पढेलेखेकी नहुंदा उनको चित्तशान्तिका निति अरू रानीहरूको जस्तै उनको नाम पनि अमर गराउनाका लागि राजा मानदेवले आफ्नो मुद्रामा उनको नाम उत्कीर्ण गराएका थिए । श्री भोगिनी पढेलेखेकी थिइनन् भन्ने कुरा उनकै छोरी राजकुमारी विजयवतीले राखेको संवत् ५२७ को अभिलेखमा उनको चरित्रको वर्णनक्रममा उनलाई

शिक्षित नारीको रूपमा वर्णन नगरेबाट जानिन्छ । उत्तर प्राचीन कालमा यस प्रकारको चलन रहेको कुरा राजा मानदेवले पहिलेदेखि कुनै कीर्ति स्थापना गर्दा विशेषत: दिवंगतहरूको लागि भनी उल्लेख गर्ने परम्पराअनुसार आफ्ना दिवंगत बाबुको कुनै उल्लेख नगरी आफ्नी जीवित आमाको पुण्यवृद्धिका लागि भनेर संवत् ३८९ मा त्रिविक्रम विष्णुका दुइवटा मूर्ति प्रतिष्ठापन गरेबाट जानिन्छ । यसरी तिनताका आफ्ना औंधी मन परेकाहरूको नाम अमर गरा-उनाका लागि मानिसहरू प्रयत्नशील हुन्थे भन्ने कुराको अनुमान हुन्छ । सातौं शताब्दी ई. मा तिब्बती राजा स्रोङ चन गम्पोले आफ्नी दुइ रानीहरूमध्ये नेपालकी छोरी भृकुटीले आफूसंगै तिब्बतमा लगेका विभिन्न बौद्धमूर्तिहरूलाई अर्थाभावले मन्दिर निर्माण गरी प्रतिष्ठापन गर्न नसक्दा राजा स्वयम्लेनै तिनका लागि मन्दिर निर्माण गर्न लगाई ती मूर्तिहरू प्रतिष्ठापन गराएका थिए, उता चीनी राजकुमारीले भने आफ्नै दाइजोले त्यहाँ मन्दिरहरू निर्माण गराउन लगाएकी थिइन् । फेरि, नवौं एवं बाह्रौं शताब्दी ई. मा वाचस्पति मिश्र तथा भास्कराचार्यले क्रमैसंग आफ्नी स्वास्नी र छोरीको नामलाई अमरत्व दिलाउने इच्छा लिई आफ्ना प्रख्यात ग्रन्थहरूको नामकरण उनीहरूकै नामबाट राखेका थिए । वाचस्पति मिश्रले ब्रह्मसूत्र शांकरभाष्यको आफ्नो टीकाको नाम 'भामती' राखे भने भास्कराचार्यले गणित विषयक आफ्नो प्रख्यात ग्रन्थको नाम 'लीलावती' राखे । यी उदाहरणहरूले लिच्छवि राजा मानदेवले आफ्नो मुद्रामा आफ्नी रानी श्री भोगिनीको नामलाई किन अंकित गराए भन्ने कुरा स्पष्ट हुन्छ ।

राजा मानदेवले चलाएको श्रीमानांक मुद्राको पृष्ठ-भागमा पद्मासनमा अवस्थित एक नारीमूर्ति छ । त्यस मूर्तिका बारेमा विद्वान्हरूका विभिन्न मत छन् तापनि यसमा उत्कीर्ण मूर्तिको अध्ययनमा उक्त मूर्ति लक्ष्मीको रहेको कुरा सिद्ध हुन्छ । अंशुमद्भेदागम, रूपमण्डन, विष्णुधर्मोत्तर तथा शिल्परत्न आदि ग्रन्थहरूमा वर्णित लक्ष्मीप्रतिमा लक्षण-अनुसार लक्ष्मी अष्टपत्रदलयुत पद्मासनमा अवस्थित हुनाका साथै दायां हातले कमल समातेको हुन्छ । प्रस्तुत मुद्रामा रहेको दायां हातका माथि कमल स्पष्टरूपले दृष्टिगत हुन्छ । यसकारण उक्त आकृति लक्ष्मीकै भएको कुरा प्रमाणित हुन्छ । उत्तर प्राचीन कालीन नेपालका अभिलेख तथा मूर्तिहरूका आधारमा राजा मानदेव सांचो मानेमा वैष्णव हिन्दूधर्मावलम्बी राजा रहेको कुरा ज्ञात भएबाट पनि उक्त तर्कको पुष्टि हुन्छ । फेरि, देवताहरूको पांतीमा लक्ष्मीको अभ्युदयपछि धनका अधिपति कुबेरको पहिलेको प्रतिष्ठा खतम भई धनकी अधिष्ठात्री देवी लक्ष्मीनै मानिन लागेकी थिइन् । धनका विभिन्न नामहरूमध्ये 'लक्ष्मी' पनि एक भएको कुरा अमरकोषबाट स्पष्टतया जानिन्छ । यसबाट पनि उक्त मूर्ति लक्ष्मीकै हो भन्नेतिर निर्दिष्ट हुन्छ । तर, यसो भन्दैमा कुबेरलाई धनका मालिकको रूपमा मात्र पछि पूर्णतया छोडियो भन्ने कुरा भने होइन । कुबेरका धनपति, धनाधिपति, धनेश, वैश्रवण आदि विभिन्न नामहरू पछि पनि प्रचलितनै रहेका थिए । उत्तर प्राचीन कालीन नेपालको एक प्रकारको मुद्रामा कुबेरको एक नाम वैश्रवण अंकित गरिनाका अतिरिक्त कुबेरको आकृति पनि उत्कीर्ण छ । यद्यपि यो निश्चय छ, ती मूर्ति कुबेरका प्रतिमालक्षण-सित पूर्णरूपले मेल खान्छन् भन्न सकिदैन । शास्त्रीय नियम-अनुसार कुबेरका तीन खुट्टा हुनु जरूरी छ । उक्त मुद्रामा उत्कीर्ण आकृतिमा खालि दुइ खुट्टा मात्र देखिन्छ । कलाकार-हरूले मूर्ति निर्माण गर्दा सधैंभरी शास्त्रीय नियमकै मात्र परिपालन गर्छन् भन्ने होइन । उनीहरू आफ्नै स्वविवेकमा पनि कतिपय मूर्तिहरू निर्माण गर्दछन् । खजुराहोका विश्व-प्रसिद्ध मूर्तिहरू यसका लागि उदाहरणस्वरूप छन् । यसरी धनकी अधिष्ठात्री देवीका रूपमा लक्ष्मीलाई मान्नाका अति-रिक्त कुबेरलाई पनि धनपतिका रूपमा मान्ने गरी आउनाको कारण लक्ष्मीलाई कहिले कहिले कुबेरकी पत्नीका रूपमा मान्ने गरेको हुन पनि असंभव छैन ।

विभाति यस्यां ललितालकायां
मनोहरा वैश्रवणस्य लक्ष्मी:
(भामिनीविलास २.१०)

राजा मानदेवले चलाएको मुद्रामा भारतीय मुद्राको प्रभाव पनि केही मात्रामा विद्यमान रहेको देख्न सकिन्छ । कुशान, यौधेय, गुप्तमुद्राहरूका अनुरूप केही अपवादबाहेक श्रीमानांक मुद्राको चारैतिर घेरामा विन्दुहरू राखिएका छन् । श्रीमानांक मुद्राको पृष्ठभागमा कमलासनमा अवस्थित लक्ष्मीमूर्तिको सामंजस्यता गुप्तकालीन भारतको एक प्रकार-को मुद्राको पृष्ठभागको लक्ष्मीमूर्तिसित छ । उक्त दुवै मुद्रामा पद्मासनमा बसेकी लक्ष्मीले एक हात कमरमा अड्याई दोस्रो हात केही माथि उठाइराखेको छ । कुशान,

यौधेय मुद्राहरूमा पनि एक हात कमरमा अड्याई दोस्रो हात केही उठाइराखेका मनुष्याकृतिहरू अंकित गरिएको देखिएकोले उक्त प्रकारको मुद्राको अंकनशैली कुशान काल-देखि प्रचलित भएको देखिएर श्रीमानांक मुद्रामा भारतीय मुद्राको प्रभाव स्पष्टरूपले दृष्टिगोचर हुन्छ । तर, यसरी भन्दैमा यस तथ्यलाई पनि बिर्सन हुंदैन, श्रीमानांक मुद्रामा आफ्नै विशेषताहरू पनि रहेका छन् । राजाको नाम उत्कीर्ण नगरी खालि राजमहिषीको नाम मात्र उत्कीर्ण गरेर राजा मानदेवले मौद्रिकपरम्परामा एक नयाँ अध्याय शुरु गरेका थिए । तत्कालीन भारतका मुद्राहरूमा राजाका साथै रानीका नामहरू अवश्य उत्कीर्ण गरिएका छन् । तर, राजाको नाम उल्लेखनै नगरी खालि रानीको नाम उल्लेख गरिएका मुद्राहरू पाइएका छैनन् । अर्कातिर, राजा मान-देवले दुइ अर्थ आउने गरी सिंहले पद्म समातेर उठाइरहेको आकृति मुद्रामा उत्कीर्ण गरिएको छ । उक्त आकृतिको उत्कीर्णनले समुद्रबाट निस्केकी लक्ष्मीलाई दानवहरूको कब्जाबाट रक्षा गरी आफ्नो साथमा विष्णुले राखेको पौरा-णिक उपाख्यानअनुरूप राजा मानदेवले आफ्नो पराक्रमले साम्राज्यलक्ष्मीलाई रक्षा गर्न सकेको दर्शाइएको छ भने अर्कातिर राजा मानदेव यस आधारबाट पनि वैष्णवमार्गी भएका कुराको पुष्टि हुन्छ । फेरि, राजा मानदेवका केही मुद्रामा सिंहले राष्ट्रध्वजको प्रतीकस्वरूप रहेको झण्डालाई अभिवादन गरिरहेको देखाइएको छ । झण्डालाई अभिवादन गरिरहेको सिंहको आकृति उत्कीर्ण श्रीमानांक मुद्राको प्राप्ति तथा महाराजाधिराज श्री अंशुवर्माको मुद्रामा पनि सिंहले झण्डा समातेको देखाइएबाट उत्तर प्राचीन कालीन राष्ट्रध्वजका बारेमा थाहा पाइने महत्वपूर्ण सामग्री प्रस्तुत हुन आएको छ ।

राजा मानदेवले आफ्नो मुद्रा सर्वप्रथम कहिले प्रचलनमा ल्याए भन्ने प्रश्न उठ्न सक्दछ । मानदेव ज्यादै ठूला मातृ-भक्त शासक थिए । उनका शिलालेखहरूको अध्ययनबाट उनका मातृभक्तिको असीमता झल्किन्छ । तर, उनले आफ्नी आमाको नाम उल्लेख नगरी आफ्नी रानीको नाम मात्र उत्कीर्ण गरी मुद्रा निकालेको देखिएबाट यिनका मुद्राको प्रचलनसमयसम्म राजमाता राज्यमतीको मृत्यु भइसकेको कुराको अनुमान हुन्छ । किनभने यदि तिनी तिनताकासम्म जीवितनै रहेकी भए मुद्रामा तिनको नाम पनि राजा मान-देवले अवश्य उत्कीर्ण गर्ने थिए । प्रथम शताब्दी ई. पू. स्ट्रैटो प्रथमका रजतमुद्राहरूमा राजमाता अगाथाक्लियाको नाम पनि उत्कीर्ण गरिएको छ । मध्यकालीन नेपालका मुद्राहरूमा पनि यस्तै उदाहरणहरू भेटिन्छन् । ललितपुरका राजा श्री लोकप्रकाशका मुद्रामा उनकी आमा योगमतीको नाम पनि उत्कीर्ण छ ।

राजा मानदेवले प्रचलनमा ल्याएको मुद्रामा उनकी रानीको नाम श्री भोगिनी उत्कीर्ण गरेको पाइएकोले सम्भ-वतः भोगिनीसितको उनको विवाहको सम्मरणमा उक्त अभिलेख अंकित मुद्रा राजा मानदेवले प्रचलनमा ल्याएका कुराको अनुमान हुन्छ । राजा मानदेवकी अर्की रानी क्षेम-सुन्दरीको संवत ३९९ को अभिलेख पाइएको तथा संवत् ४२७ को सूर्यघाटको अभिलेख राजा मानदेवकी भोगिनी-तर्फकी चौसट्टी कलामा निपुण विवाहिता छोरी राजकुमारी विजयवतीद्वारा प्रतिष्ठापित देखिन आएकोले राजा मानदे-वको भोगिनीसितको विवाह कमसे कम संवत् ३९० देखि ३९६ को बीच कुनै समय भएको हुनामा सम्भावनाको आधिक्य रही सोही समयमा श्रीमानांक मुद्रा प्रचलनमा आएको कुरा देखिन्छ । संवत् ४०२ को काठमाडौं टेबहालको सूर्यको पाठपीठलेख पनि उक्त तर्कको पुष्ट्याइंका लागि सहायकस्वरूप छ । त्यस अभिलेखको "वणिजां सार्थवाहेन" पंक्तिले उत्तर प्राचीन कालीन नेपालमा व्यापारिक संस्था-हरूको अस्तित्व विद्यमान रहेको दर्शाउनाका अतिरिक्त व्यापारको अभिवृद्धि प्रचुरमात्रामा भएको कुरा प्रकटित हुन्छ । महाराजाधिराज श्री अंशुवर्माकालीन संवत् ३१ को तिष्टुङ, भट्टुवाल तथा तिष्टुङ ग्रामका अभिलेखहरूमा नेपा-लबाट भारतमा निकासी हुने विभिन्न बस्तुहरूका नाम दिइएका छन् जसले राजा मानदेवकालीन उपरोक्त अभि-लेखको आशयलाई अझ बढी स्पष्ट पारेको छ । फेरि, हिन्दू एवं बौद्ध ग्रन्थ तथा भारतीय अभिलेखहरूका अध्ययनमा सार्थवाह शब्दले व्यापारीहरूका नायक भन्ने कुरा बुझाउंछ । अमरकोषअनुसार आर्थवाह शब्द व्यापारीका विभिन्न नाम-हरूमध्ये एक रहेको छ । महाभारतअनुसार यक्ष मणिभद्र खास गरी बेपारीहरूद्वारा पूजित हुनाका अतिरिक्त बेपारी-हरूका नायकका रूपमा मानिन्थे । महाभारतको यस कथन-लाई प्रथम शताब्दी ई. पू. को कोसम शिलालेखको "नमो भगवतो सथवाहस मानिभदस" पंक्तिले पुष्टि गर्दै सार्थवाह शब्द व्यापारीहरूका नायकका रूपमा व्यवहृत थियो भन्ने कुरा सिद्ध हुन्छ । यात्रा गर्ने पथिकहरूको समूहलाई सार्थ

औ बाहिरी देशहरूसित व्यापार गर्नेहरूका नेता सार्थवाह नामले पुकारिन्थे । "पान्थान् वहति सार्थवाहः"(अमरकोष ३।९।८८) । गुप्त संवत् १२४ को दामोदरपुर ताम्रपत्राभिलेखमा सार्थवाह बन्धुमित्रको उल्लेख भएको छ । यसरी संवत् ४०२ को अभिलेखले त्यस समयसम्म नेपालको बेपार यथेष्ट मात्रामा अभिवृद्धि भइसकेको बुझिएकोले बेपारको लागि अत्यावश्यक मुद्राको प्रचलन त्यस समयसंम अवश्य प्रचलित भइसकेको हुनुपर्दछ । यसले पनि माथि व्यक्त गरिएका अवधिमा राजा मानदेवले आफ्नो मुद्रा प्रचलनमा ल्याइसकेका थिए भन्ने कुरामा सजिलैसित विश्वास गर्न सकिन्छ ।

—०—

नेपालका केही महत्वपूर्ण भित्ते चित्रहरू

–साफल्य अमात्य

मानव सभ्यताको प्राचीन उपलब्धिहरू मध्ये चित्रकला पनि एक हो । चित्रकलाका विभिन्न अंगहरू मध्ये भित्ते-चित्र पनि एक हो । चित्रकलाको जन्म हजारौं वर्ष-अघि गुफामा बस्ने ती प्राचीन मानिसहरू जो कांचो मासु खान्थे, पत्थरका हतियार तथा औजारहरू प्रयोग गर्थे, निर्वस्त्र हिड्थे तिनीहरू संगसंगै भएको थियो । शायद ती प्राचीन मानिसहरू फुर्सदको वेलामा कुनै ठोस वस्तु जस्तै पत्थर वा फलामका औजारहरूद्वारा आफ्ना गुफाका भित्ता-हरूमा रेखाचित्रहरू कोर्ने गर्थे । यसरी करीब पन्ध्र हजार वर्षअगाडि दक्षिण, पश्चिम फ्रान्सको एउटा घना जंगलको गुफाभित्र कोरिएका रेखाचित्रहरू पुरातत्वविद्हरूले पत्ता लगाएका छन् । उक्त रेखाचित्रमा केही युवकहरू हातमा भाला जस्ता हतियारहरू लिएर मृगको शिकार गर्न दौडि-रहेको दृश्य अंकित गरिएको छ । बडो अचम्मको कुरो छ, यसरी हजारौं वर्षपछि पनि मानवसभ्यताको उदाहरण बन्ने फ्रान्सको त्यो ठाउं, जहां कैयौं पटक घना जंगलहरू बने होलान्, हिउंले ढाके होलान्, तर प्राचीन मानवका देन-स्वरूप रहिआएका ती भित्तेचित्र अथवा रेखाचित्र भने आज पनि जस्ताको त्यस्तै छन् । यसरी प्रकृतिको अनौठो रूपमा आफूलाई समय, समयमा समर्पित गर्दै आजका बीसौं शताब्दीका सभ्य कहलिएका मानिसहरूलाई तिनका पूर्खा-हरूले एउटा अनकंटार जंगलभित्र गुफामा छोडेर गएका र अहिलेसम्म पत्तालाएकोमा सबैभन्दा प्राचीन चित्रकला अथवा रेखाकलाको एउटा ज्वलन्त उदाहरण आज पनि हाम्रो सामुमा छ । (१)

मानिस सम्पूर्ण प्राणीहरू मध्ये सर्वश्रेष्ठ जीव हो । खान र बस्नको समस्या र चिन्ताबाट फुर्सद पायो कि उ आफूलाई अतिनै सुखी ठान्दछ । उसको स्वभावनै यस्तो छ र यसै सुखको अनौठो अनुभवबाट उसको मस्तिष्कमा कलाको जन्म भएको हुन सक्दछ, किनभने सुखको अनुभव गर्दागर्दै उसले हांस्न, कुरा गर्न, नाच्न र केही लेख्न अथवा कोर्न सिक्यो । यसरी नै आजभन्दा पन्ध्र हजार वर्षअगाडि फ्रान्सको त्यो गुफामा बस्ने प्राचीन मानवले पनि यस्तै सुखको अनुभव गरी आफ्नो गुफाका भित्ताहरूमा फुर्सदको वेलामा चित्रहरू कोर्न थाले होलान् । यसरी नै पछि गएर ती प्राचीन मानवहरूले आफ्नो जीवनसंग सम्बन्धित अथवा आफ्नो जीवनमा घटित कुनै पनि महत्वपूर्ण घटनाहरूलाई संझन अथवा ती घटनाहरूको संझनार्थ ती घटनाहरूबाट प्रभावित भएर नै ती घटित दृश्यहरूलाई आफ्ना गुफाका भित्ताहरूमा अंकित गर्न थाले होलान् । (२)

यसरी मानव अभिव्यक्तिको स्वयं एक पूर्ण विशिष्ट साधनको रूपमा चित्रकलाले सभ्यताको अरुणोदयदेखिनै मानवजीवनको साथ दिदै आएको देखिन्छ । ३) भित्तामा लेखिएका, कोरिएका अथवा खोपिएका जस्तोसुकै चित्रलाई पनि भित्तेचित्र भन्न सकिन्छ तर साधारणतया भित्तेचित्र भन्नाले घर वा अरू कुनै पनि स्मारक आदिको भित्तामा कुनै रंगको माध्यमद्वारा चित्रित चित्रहरूलाईनै लिन सकिन्छ । आजभन्दा करीब पांच हजार वर्षअघिदेखिनै प्राचीन मिश्रवासीहरूले आफ्ना इष्टदेव, देवीका मन्दिरहरू, राजप्रासादहरू र राजाहरूका चिहानहरू सुन्दर एवं आक-र्षक बनाउन ती स्मारकहरूका सेता प्लास्टर लगाएका भित्ताहरूमा स्थानीय कलाकार तथा स्थानीय रंगको मदत-बाट भित्तेचित्रहरू लेख्ने अथवा कोर्ने गर्दथे । ती प्राचीन भित्तेचित्रहरूका ज्वलन्त नमूनाहरू अझै मिश्रका सबैजसो मन्दिर तथा राजाहरूका चिहानहरूमा पाइन्छन् । जस्तै राजा सेति प्रथमको चिहानमा इशी देवताकी पत्नी औसी-

रीस आफ्ना दुबै हात पखेटासरी फैलाई अतिसुन्दर मुद्रामा बसिरहेका चित्र, नखट नामक एक मिश्रको भलादमीको चिहानमा गायिका र नर्तकीहरूका हूल अंकित चित्र र भोजको तैयारी आदि विषयहरूलाई लिएर चित्रित गरिएका दृश्यचित्रहरू आदि (४) प्राचीन मिश्रमा मात्र हैन, संसारका अरू प्राचीन तथा सभ्य मुलुकहरूमा पनि प्राचीन काल-देखिनै भित्तेचित्रहरू उपयोग गरेका देखिन्छन् । जस्तै भारतमा आजभन्दा लगभग १५०० वर्ष अघिका अजन्ताका गुफाहरूभित्र पनि प्राचीन मिश्रमा जस्तै अति सुन्दर बौद्ध-जीवनसंग सम्बन्धित भित्तेचित्रहरू बनाइए । यसरी ईशाको दोस्रो शताब्दीदेखि लिएर ईशाको सातौं शताब्दीसम्म अजन्ताको गुफाभित्र निकै भित्तेचित्रहरू बनेका थिए । जसमध्ये नंबर एक गुफामा रहेको किस्ती समातेकी एउटी सुन्दरी युवति, गुफा नम्बर सत्रमा रहेको उडिरहेको देवराज इन्द्र र बौद्ध भिक्षुहरूको हूल, दरबारको दृश्य आदि विशेष उल्लेखनीय छन् । (५) भारतमा जस्तै मेक्सिकोमा (दक्षिणी अमेरिका) पनि प्राचीन भित्तेचित्रहरू पाइएका छन् । मायासंस्कृतिसंग सम्बन्धित यी भित्तेचित्रहरू बोनामपाकका एक प्राचीन मायाको मन्दिरभित्र पाइएका हुन् । मायासंस्कृतिसंग सम्बन्धित यी भित्तेचित्रहरूले मायाजीवन-संग सम्बन्धित परम्पराहरूबारे धेरै कुरा बुझ्न साजलो पारिदिएको छ । यी भित्तेचित्रहरूमा मायाजातिको लडाईंको दृश्य, यात्रा र पर्वको दृश्य आदि विशेष उल्लेखनीय छन् । यस्तै चीन, इरान, ग्रीस, रोम आदि मुलुकहरूका प्राचीन भित्तेचित्रका नमूना तथा अवशेषहरू पनि विशेष उल्लेखनीय छन् । (६)

चित्रकलाको क्षेत्रमा नेपाल पनि एक प्राचीन मुलुक मान्न सकिन्छ । गगनचुम्बी हिमशिखरहरू र ती हिमशिखर-हरूका विशाल विशाल छातीहरूबाट निरन्तर बहने दुग्ध-धाराका प्रवाहहरू र स्वर्गीय प्रकृतिले भरिपूर्ण यस देशमा चित्रकलाको विकाश अरू देशहरूमा झैं पत्थर अथवा मूर्ति-कलासंगसंगै भएको हुनुपर्दछ । किनभने विद्वान्हरूको भनाइ छ मूर्तिकला र चित्रकलाको जन्म एकैसाथ भएको थियो । जब ईशापूर्वका मूर्तिहरू नेपाल अधिराज्यभित्र पाइन्छन् भने त्यसै समयदेखि नेपालले चित्रकलामा पनि विकास गरेको धेरै संभव सिद्ध हुन्छ । तर बडो दुर्भाग्यको कुरो छ आजसम्म ती प्राचीन सम्पदाहरू वा तिनका अवशेषहरूसम्म पनि हामीले फेला पार्न सकेका छैनौं । नेपालका प्राचीन शाक्यहरूको राजप्रसाद धार्तराष्ट्र, किरातहरूका राजप्रसाद-हरू, लिच्छवी राजप्रसादहरूमा "कैलासकूट भवन" मानगृह आदि सबैजसो राज प्रासादहरू भित्तेचित्रहरूले पनि सजि-एका हुनुपर्दछ । तर बडो दुःखको कुरा छ हाम्रा यी प्राचीन राजप्रासाद अथवा स्मारकहरूमा बडो सजधजका साथ चित्रित गरिएका भित्तेचित्रहरूको कुनै पनि नमूना अथवा अवशेष आज हाम्रा सामु छैनन् । चित्रकलालाई नेपाली कलाकारहरूले प्राचीन हस्तलिखित ग्रन्थहरूमा, पौवामा र अरू यस्तै वस्तुहरूमा मूर्त गरेका पनि हामी पाउंदछौं । अहिलेसम्म नेपाल भूभागमा सबैभन्दा प्राचीन रेखाचित्रमा काठमाडौं विशाल नगरको टुंडालदेवीको मन्दिरनिर रहेको प्रस्तरमा कोरिएको बोधिसत्वको रेखाचित्र नै हो । तर यो रेखाचित्र यति प्राचीन हो भनी कसैले पनि किटान गरेर भन्न सकेको छैन । (७) प्राध्यापक श्री रामनिवास पाण्डेले उक्त रेखाचित्रलाई मल्लकालभन्दा केही अघिको (यानै ईशाको एघारौं, बाह्रौं शताब्दीको) हो भनी भन्नुभएको छ । (८) नेपाली चित्रकलाको प्राचीनताबारे खोज गर्दा-गर्दै नेपाली कलाका एक सुप्रसिद्ध विदुषी सुश्री स्टिला क्रामारिशले भन्नुभएको छ— "बौद्ध परम्पराका नेपाली चित्रकलाहरू एघारौं शताब्दीदेखिका छन् ।" (९) प्रसिद्ध नेपाली कलाविद् श्री लैनसिंह बांगदेलको भनाइअनुसार स्टेनको संग्रहमा रहेको अवलोकितेश्वर, बज्रपाणि र बोधि-सत्वका चित्रहरू ईशाका दशौं शताब्दीतिरका हुन् । शायद हालसम्म प्राप्त नेपाली चित्रकलाका सबैभन्दा प्राचीन नमू-नाहरू यीनै हुन् । (१०) यसरीनै नेपालका प्राचीन हस्त-लिखित ग्रन्थहरूमा राष्ट्रिय अभिलेखालयमा संग्रहित चित्र-हरू पनि करीब एघारौं बाह्रौं शताब्दीदेखिका प्रशस्तै पाइन्छन् । (११) भित्तेचित्रहरूमा नेपाल अधिराज्यभर हालसम्म थाइ पाइएकोमा सबैभन्दा प्राचीन चाहिं भक्त-पुरको तलेजू भवानीको मन्दिरको भित्रीकोठाहरूमा रहेका चित्रहरू नै हुन् । वंशावलिहरूअनुसार ईशाको चौधौं शताब्दीमा भारतका कर्नाटक वंशका राजाहरूसंगसंगै तलेजू भवानीको परम्परा नेपालभित्र पसेको थियो । हाल उक्त तलेजू मन्दिरभित्र रहेका भित्तेचित्रहरूमध्ये केही चित्रहरू चांहि प्रसिद्ध मल्ल राजाहरू जयस्थिति मल्ल, यक्ष लल्ल र ज्योति मल्लका समयमा बनेका देखिन्छन् । (१२) पन्ध्रौं शताब्दीतिर बनेको यस मन्दिरभित्र पन्ध्रौं शताब्दीदेखि अठारौं शताब्दीसम्म धेरै भित्तेचित्रहरू अंकित भए जसमध्ये पन्ध्रौं शताब्दीको सतीको दृश्य, सत्रौं

शताब्दीको शुंभ र निशुंभको चित्र, भैरवीको चित्र, नाचिरहेको विष्णुको चित्र र यस्तै अरू थानसाना चित्रहरूमा कर्कोटकनाग र नागिनीको चित्र, लोकपाल हात्तीको चित्र, नाचिरहेको गणेश र अरू पौराणिक जीवजन्तुहरूको चित्र आकर्षक एवं उल्लेखनीय छन् । सोही स्थानमा रहेको अठारौं शताब्दीको भित्तेचित्रहरूमध्ये ध्यानी, विनीत मुद्रामा राजा भूपतीन्द्र मल्लको जीवलेख्य विशेष उल्लेखनीय छ । भक्तपुरको दरबारभित्र रहेका भित्तेचित्रहरूलाई बढी प्रोत्साहित गर्ने राजाहरूमा राय मल्ल, जगत्प्रकाश मल्ल, जितामित्र मल्ल र भूपतीन्द्र मल्ल पनि हुन् । यसै समयमा अर्थात सत्रौं शताब्दीको आधाआधीमा पंचम दलाई लामाको निमन्त्रणामा नेपाली कलाकारहरू तिब्बत गएका थिए । तिनीहरूमध्ये देसे, भान सिद्धि, मंगल, जयसिंह, अमरजित आदि कलाकारहरूका नाम विशेष उल्लेखनीय छन् । माथि उल्लिखित तिनै राजाहरूको राज्यकालमा प्राचीन दरबारको मूलचोक र सदाशिवचोक रहेका भागहरूमा भित्तेचित्रहरू चित्रित गरिएका देखिन्छन् । (१३) वंशावलिहरूमा राजा जितामित्र मल्लले आफ्नो दरबार सिंगार्न पन्ध्रौं वर्ष लगाएका थिए भनी उल्लेख गरेको छ । उनले निर्माण अथवा जिर्णोद्धार गरेको दरबारको भागलाई थंथुदरबार भन्दथे । नेपालीकलाका एक अनुसन्धाता श्री मनवज्र बज्राचार्यको भनाइअनुसार ऐतिहासिक दृष्टिकोणले विचार गर्दा यी भित्तेचित्रहरू भएका चोकहरू प्राचीन थंथुदरबारभित्रकै अंगहरू हुन् ।(१४)

भक्तपुरमा अर्का महत्वपूर्ण भित्तेचित्रहरू प्रख्यात पचपन्ने कुचाल भएको प्राचीन दरबारको बैठककोठामा पनि छ । श्री ५ को सरकार तथा भारतको संयुक्त सहयोगबाट रासायनिक प्रक्रियाद्वारा संरक्षित यी भित्तेचित्रहरू राजा भूपतीन्द्र मल्लका समयका हुन् । ती भित्तेचित्रहरूमा एक राजपरिवारको जीवनी र एउटा युद्धसम्बन्धी घटनालाई लिएर चित्रित गरे झैं प्रतीत हुन्छ । युद्धमा जब हातहतियारले सुसज्जित सैनिकहरू र युद्धमा जान लागेको एक राजकुमारको बिछोडमा विलाप गरिरहेका स्त्रीहरूका चित्रहरू प्रस्टै देखिन्छन् । भित्तेचित्रहरूको ठीक बीचमा विश्वरूपको भयंकर चित्र छ र साथै ठाउं ठाउंमा "महाभारत" संग सम्बन्धित घटनाहरू पनि चित्रित गरिएका छन् । जस्तै–श्री कृष्णको गोपिनीहरूसंगको रासलीलाको दृश्य आदि ।(१५)

भक्तपुरलाई छोडेर उपत्यकाभित्र काठमाडौं वसन्तपुर दरबार, कुमारीघर र स्वयंभूको शान्तिपुरभित्रका भित्तेचित्रहरू पनि विशेष उल्लेखनीय छन् । वसन्तपुर दरबारका मल्लकालीन भाग, मोहनकालीचोक र शाहकालीन भाग नासलचोक यी दुवै स्थानमा भित्तेचित्रहरू छन् । मोहनकालीचोकमा चित्रित भित्तेचित्रहरू राजा प्रताप मल्लका समयका हुनु धेरै संभव छ, मोहनकालीचोकभित्रको कोठाहरूमा अंकित भित्तेचित्रहरू सानसाना पंक्तिहरूमा चित्रित गरेका छन् र धेरैजसो चित्रहरू रामायण र महाभारतसंग सम्बन्धित घटनालाई लिएर लेखिएका छन् । भित्तेचित्र भएको नासलचोकको दरबार श्री ५ सुरेन्द्र वीर विक्रम शाहको पालामा बनेको हनुमान्ढोका दरबारको नयाँ खण्ड हो । शायद् तत्कालीन शाहराजाहरूका यी पूजा कोठाहरू थिए होलान् । दरबारका उक्त कोठाहरूका सम्पूर्ण भित्तानै ढाक्ने गरी ठूलठूला भित्तेचित्रहरू चित्रित गरिएका छन्, तिनीहरूमध्ये शेषशायी विष्णु, समुद्रमथन आदिका दृश्यहरू बडो आकर्षक छन् ।

हाल मुद्रासंग्रहालय रहेको ठूलो बैठककोठामा पनि शाहकालीन भित्तेचित्रहरू छन् । ती भित्तेचित्रहरू राणा प्रधानमन्त्री जंगबहादुरले आफू बेलायतबाट फर्केपछि त्यहांका चित्रहरूबाट प्रभावित भई बनाउन लाएका हुन् । त्यस बैठककोठाको प्रवेश द्वारमाथि तिनवटा श्री ५ बडामहाराजाधिराज पृथ्वी नारायण शाहको जीवलेख्यहरू छन्, ती चित्रहरूमा श्री ५ पृथ्वीले भारतका मुगल बादशाहहरूले झैं हातमा फूल लिएका छन् । उक्त कोठाको ठीक बांयापट्टिको भित्तामा बाह्रबटी यौवनले मत्त भएका विदेशी सुन्दरीहरू विभिन्न वेशभूषामा चित्रित गरिएका छन् । भन्दछन् ती सुन्दरीहरूमा कोही नेपाली सुन्दरीहरू पनि हुन्, तर यसै छुटघाउन भने गाह्रो छ । ती चित्रहरू तत्कालीन चलिरहेको फेशनलाई विषयवस्तु बनाई चित्रित गरेका हुन् भनी पनि भन्दछन् । यसरीनै बैठकको दायांपट्टि पनि एघार जवान भद्र पुरुषहरूका जीवलेख्यहरू छन् । ती चित्रहरू सबै तैलचित्र जस्ता देखिन्छन् । पुरुष चित्रहरूमा जंगबहादुरका सात भाईहरू, पंजाबका रणजितसिंह, सूरजितसिंह र अरू दुई भारतका भद्रभारदारहरू पनि छन् । उन्डाईसौं शताब्दीमा लेखिएका यी भित्तेचित्रहरूमा पनि प्राचीन नेपाली चित्रकलाको परम्परालाई कुनै न कुनै रूपमा नेपाली कलाकारहरूले कायम नै राख्न सफल भएको प्रतीत हुन्छ ।

काठमाडौं कुमारीघरको भित्तेचित्रहरूले नेपाली

चित्रकलाजगत्मा ठूलो हलचल पैदा गरेको छ । हुनं त यी भित्तेचित्रहरू अठारौं शताब्दीका मात्र हुन् तैपनि कलापारखीको दृष्टिकोणबाट यी भित्तेचित्रहरू नेपालको भूभागभित्र रहेका अन्य प्राचीन भित्तेचित्रहरूको जोडामा पुग्न सक्दछन् । उपत्यकाभित्र यो जत्ति सुरक्षित र सुन्दर भित्तेचित्रकलाका नमूनां अरू छंदैछैनन् भने पनि हुन्छ । कुमारीघर भित्तेचित्रहरूले गर्दा मात्र हैन त्यसभित्र सजिएका अनेकौं अरू कलात्मक वस्तुहरूले गर्दा पनि आज मध्यकालीन नेपाली कलालाई पूर्ण रूपमा झल्काइरहेको एउटा जीवित संग्रहालय जस्तो देखिन्छ । कुमारीघरको मुख्य सिंहासन भएको पूजाकोठा जान एउटा ठूलो बरण्डा जस्तो कोठा भएर जानुपर्दछ । त्यस बरण्डाभित्र पस्दाखेरि दायातर्फ भर्खरै केही वर्षअघि मात्र तयार गरिएको स्वर्गीय श्री ५ महेन्द्रको तैलचित्र छ । बरण्डाको भित्र धेरै भित्तेचित्रहरू छन् जसमध्ये सेतो मछिन्द्रनाथ, रातो मछिन्द्रनाथ, पचलीभैरव, भीमसेन, हिरण्यकश्यपुवध, हनूमान्, शक्तिसहित गणेश आदिका चित्रहरू उल्लेखनीय छन् । मुख्य सिंहासन भएको पूजाकोठाभित्र अष्टमातृका देवीहरू जस्तै कुमारी, वाराही, महालक्ष्मी, वैष्णवी, इन्द्राणी, चामुण्डादेवी, ब्रह्माणी आदि देवीहरू र राजा जयप्रकाश मल्लको जीवालेख्य पनि विशेष उल्लेखनीय छन् । अठारौं शताब्दीका काठमाडौंका अन्तिम मल्लराजा जयप्रकाशको संरक्षणमा निर्माण भएको उक्त कुमारीघर र त्यहां जडित कलाकृतिहरू हेर्दा नेपालले सधैं एउटा गौरवपूर्ण कलाको परम्परालाई कायम मात्र हैन जीवितनै राखेको छ भन्न सबैलाई बाध्य तुल्याउंदछ । भवानी कुमारीका अनन्यभक्त राजा जयप्रकाश मल्लको यो जीवालेख्य र भक्तपुर तलेजुमा रहेको राजा भूपतीन्द्र मल्लको जीवालेख्यहरूले तत्कालीन मल्ल राजाहरूको वेशभूषा, धर्मनिष्ठा, कलाप्रेम आदि सबै कुरा स्पष्टसंगै देखाइदिन्छन् । मुगल वेशभूषाबाट प्रभावित लामो जामा र टाउकोमा पगडी लगाई दुवै हात जोडी विनम्र मुद्रामा आफ्ना राजसी पोशाकमा हातहतियारले सुसज्जित भई देवीको आराधना गर्दै उभिइरहेको राजा जयप्रकाशको जीवालेख्य ज्यादैनै मार्मिक तथा घतलाग्दो छ । यिनै राजा जयप्रकाशले काठमाडौंमा सालिन्दा कुमारीको खटयात्रा गर्ने चलन पनि चलाएका हुन् । कुमारीघरमा अंकित यी भित्तेचित्रहरू सबैजसो एकै नाप, साइजका छन्, तिनीहरू करीब, करीब ६ फुट जति अग्ला छन् र विभिन्न रंगहरूको अलावा चित्रहरूमा सुनौलाको प्रयोग पनि प्रचुरमात्रामा भएको देखिन्छ । उक्त स्थानमा जम्मा करीब एक हजार सातसय साठ्ठी स्क्वायर फीट भितामा चित्रहरू अंकित गरेका छन् । बाँयातर्फको सानो कोठामा पनि भित्तेचित्रहरू छन् तीमध्ये आर्यतारा, महाकाल, चैत्य, शाकिनी, बज्रयोगिनी, व्याघिनी आदिका चित्रहरू विशेष उल्लेखनीय छन् । (१६)

स्वयम्भूको प्रसिद्ध शान्तिपुरभित्र पनि भित्तेचित्रहरू छन् । सत्रौं शताब्दीका प्रसिद्ध मल्लराजा प्रताप मल्लले निर्माण गर्न लगाएको उक्त शान्तिपुरका भित्ताहरूमा हाल देखा परिरहेका भित्तेचित्रहरू भने श्री ५ पृथ्वी वीर विक्रम शाहको समयमा हर्षमान चित्रकार नामक एक व्यक्तिले आफ्ना स्वर्गवासी पूज्य पिताज्यू र माताज्यूका संझनार्थ बनाउन लगाएका हुन् । तर निजैको त्यहां रहेको अभिलेखबाट यो सिद्ध हुन आएको छ– निजले त्यहां पहिलेदेखिनै रहिआएका चित्रहरूको जीर्णोद्धार मात्र गरेका हुन् । यहां जीर्णोद्धारको बदला नयां किसिमले चित्रित भएको पनि हुन सक्दछ । जेहोस् ती भित्तेचित्रहरू सत्रौं शताब्दीमै लेखिएका पनि हुन सक्दछन् । केही ठूलठूला देवीहरूका चित्रहरूबाहेक त्यहां भित्रपट्टि करीब साढे एक फूट अग्ला पंक्तिहरूमा चित्रहरू अंकित गरी लहरै राखिएका छन् । ती चित्रहरू धेरैजसो स्वयम्भूपूराणसंग सम्बन्धित घटनाहरूलाई लिएर चित्रित गरिएका छन् । तीमध्ये मैत्रेय बोधिसत्वले आफ्ना चेलाहरू जम्मा पारी उपदेश सुनाइरहेको दृश्य र मञ्जुश्रीको चित्र आदि विशेष उल्लेखनीय छन् । सबैजसो चित्रहरूका मुनि चित्रसंबन्धी घटनालाई अभिलेखमा समेत अंकित गरिएका छन् । कीर्तिपुरस्थित बाघभैरवको मन्दिरको बाहिरी भागहरूमा अन्तिम मल्लकालीन र थापाथली दरबारभित्र राणाकालीन भित्तेचित्रहरू छन् ।

काडमाडौं उपत्यकाभित्र मात्र हैन नेपाल अधिराज्यका अरू भूभागहरूमा पनि प्रशस्तमात्रामा भित्तेचित्रहरू छन् । पुरातत्व विभागका प्र. अ. अ. श्री जनकलाल शर्माको नेतृत्वमा गत वर्षहरूमा डोल्पा र ओलाङचुंगगोला आदि जिल्लाहरूमा गरिएका पुरातात्विक सर्भेक्षणबाट यो सिद्ध हुन आएको छ– नेपाल अधिराज्यको उत्तरी भागमा रहेका सबैजसो गुम्बाहरू भित्तेचित्रहरूले सजिएका छन् । खास गरी बोनपो धर्मसंग सम्बन्धित उत्तरी क्षेत्रका यी गुम्बाभित्र भित्तेचित्रहरूले एउटा महत्वपूर्ण स्थाननै ओगटेका छन् । डोल्पा जिल्लामा रहेका भित्तेचित्रहरूको अध्ययन

गर्दा यी चित्रहरू अठारौं शताब्दी भन्दा माथिका होइनन् भन्ने सिद्ध भैसकेका छन्। डोल्पा जिल्लामा भित्तेचित्रहरूले सजिएका खास, खास, गुम्बाहरू यिनै हुन्– डिल्लीकोट गुम्बा, टुप्पा गुम्बा, तल्लो माधाङ्ग गुम्बा, माथिल्लो माधाङ्ग गुम्बा, सामथलिङ्ग गुम्बा, दोस्रो सामथलिङ्ग गुम्बा, धाङ्ग गुम्बा, रेवागुम्बा, खारुंग गुम्बा, घाइसा गुम्बा, ह्लिसोल गुम्बा, मानपैमे गुम्बा, छबद्योति गुम्बा, ह्येभिग्ये गुम्बा, छयुजुङ्ग पालगुम्बा आदि प्रायः सबैजसो यी गुम्बाहरूमा भगवान् दीपंकर, शाक्य मुनि बुद्ध, मैत्रेय बुद्ध कर्मापा, छाकपा लामा, गुरु रिन्पोन्छे (पद्म संभव), अवलोकितेश्वर, बज्रपाणि, मञ्जुश्री, बज्रधर, गुरु श्री पद्मरश्मि, गुरु श्री सूर्यरश्मि, गुरु पद्मम्याल्पो, गुरु बज्रकिल, गुरु बज्रसप्व, आर्यतारा, महांकाल, सामन्तभद्र, आदि देवदेवीका चित्रहरू अंकित गरिएका छन्। यी गुम्बाहरूमा चित्रित भित्तेचित्रहरू मध्ये धेरैजसो त स्थानीय कलाकारहरूलेनै बनाए होलान् साथै तीमध्ये कुनै कुनै चांहि काठमाडौं र तिब्बतबाट निम्त्याइएका चित्रकारहरूले पनि बनाएको हुनु धेरै संभव छ। काठमाडौं उपत्यकाबाट कलाकारहरू निम्त्याउने प्रथा शाहकालीन नेपालमा त्यति प्रोत्साहित भएको देखिदैन, तर पनि युगौं पुरानो यो परम्परालाई यसरी चाडै त्याग्न पनि सकिदैन होला। सुनिन्छ तिब्बत चीनको एक स्वशासित प्रान्त नभएसम्म पनि नेपाली कलाकारहरू तिब्बत र तिब्बती कलाकारहरू नेपालको खास गरि उत्तरी क्षेत्रहरूमा जानेआउने गर्दथे। जेहोस्, नेपाल अधिराज्यभित्रका यी विशाल, विशाल गुम्बाहरूमा चित्रित यी पानीरंगका भित्तेचित्रहरूमा नेपाली चित्रकलाका छाप स्पष्टसंग देखिन्छन्। हनुमान्ढोका दरवार र थापाथली दरबारलाई छोडेर अठारौं शताब्दीपछि नेपालका भूभागहरूमा भित्तेचित्रहरूको कदर, सुरक्षा र संरक्षण यिनै हिमाली प्रदेशहरूमा भए, जसले गर्दा प्राचीन नेपाली चित्रकलाको परम्परा कुनै रूपमा ती स्थानहरूमा त्यस वेलासम्म पनि कायमनै रहे। (१७)

हिमाली क्षेत्रहरूमा पाइएका भित्तेचित्रहरूको उदाहरणस्वरूप गण्डकी अंचलको मनांग जिल्लाका केही भग्नमन्दिर, गुम्बा तथा प्रासादहरूमा अंकित भित्तेचित्रहरूलाई पनि लिन सकिन्छ। प्रसिद्ध पुरातत्वविद् तथा कला अन्वेषक जोसेप्पी कचीको भनाइअनुसार ईशाको एघारौंदेखि बाह्रौं शताब्दीभित्र कोरिएका यी भित्तेचित्रहरू त्यस बखत प्रसिद्धिको चरमसीमामा पुगिसकेका काश्मीरी कलाकारहरूका कृतिहरू हुन्। ती भित्तेचित्रहरूमध्ये अप्सराहरूका चित्रहरूलाई भारतका अजन्ताका गुफामा पाइएका अप्सराका चित्रहरूसंग दाज्नु भै तो चित्रहरू पनि उत्तिकै राम्रा र आकर्षक छन् भनी उहांले आफ्नो वक्तव्य प्रकट गर्नुभएको छ। तिब्बती कलाको इतिहासको लागि अत्यन्त महत्वपूर्ण केन्द्रस्वरूप रहेको मनांग जिल्लाको अरू विस्तृत अनुसन्धान हुन बाँकीनै छ, जेहोस् प्राप्त तथ्यहरूको आधारमा यस जिल्लालाई पनि नेपाली भित्तेचित्रकलाको इतिहासबाट छुटघाउनु न्यायोचित हुँदैन। यी भित्तेचित्रहरूको शारीरिक अवस्था बिग्रिएको छ, समयमै संरक्षण तथा सुधारका कार्यहरू भएनन् भने चाडैनै लोप भएर जाने संभावना छ।(१८)

नेपालको भूभागमा यसरी प्राचीन कालदेखि चित्रकलाको क्षेत्रको विकाश हुनाको मुख्य कारण हो नेपालीहरूको कला, धर्म र प्रकृतिप्रतिको आस्था एवं प्रेम। सधैं सहिष्णुता र मानववादमा विश्वास गर्ने नेपालीहरूले आफ्नो देशको कलालाई मात्र प्रोत्साहित गरेनन् अपितु ईशाको एघारौं शताब्दीदेखिनै मुसलमानहरूको मारबाट आफ्नो धर्म, इज्जत, कला र संस्कृतिको रक्षार्थ हिमालको शरणमा पर्ने भारतीय राजपरिवार, जनता तथा कलाकारहरूलाई बडो आदर र सन्मानका साथ आफ्नो भूमिमा आश्रय दिए जसको फलस्वरूप नेपाली कलामा समेत भारतीय कलाको केही प्रभाव पर्न गयो। यीनै भारतका कलाकारहरूले त्यति वेलाको प्रमुख कलाका केन्द्र नालन्दा र विक्रमशील विश्वविद्यालयहरूबाट प्रार्दुभाव भएका विशिष्ट कलाका गुणहरूले नेपाली कलालाई सिंगारिदिए। त्यसपछि मल्ल कालीन काठमाडौं उपत्यकामा चौधौं वा पन्ध्रौं शताब्दीतिर नेपाली कलामा फेरि अर्को एउटा बलियो तत्वको प्रभाव पर्न गयो त्यो हो तन्त्रयान र बज्रयानको प्रभाव (पाल कलाको प्रभाव)। त्यसपछि शाहकालीन नेपालमा राजस्थानी र पहाडी कला (कुमायु र गडवाल) को पनि प्रभाव पर्न गएको देखिन्छ। राणा प्रशासकहरूका समयमा यूरोपीय कलाको प्रभाव पनि नेपाली कलामाथि पर्न गयो। यसरी विभिन्न समयका विभिन्न धर्म तथा स्थानहरूसंग सम्बन्धित कलाहरूबाट प्रभावित भए तापनि नेपाली कलाको मौलिक रूप र गुण सधैं कायमै रह्यो। नेपाली कलाकारहरू सहिष्णुताकै आधारमा आफ्ना कलाकृतिहरूको रचना गर्ने गर्दथे र तिनीहरूले आफ्नो कलालाई परिमार्जित

गर्न विदेशी कलामा विद्यमान गुणहरूलाई समेत नेपाली कलाभित्र समावेश गर्ने गराउंथे । यसरी आफ्नो धर्म, कला र संस्कृतिलाई हरतरहबाट संरक्षण मात्र प्रदान नगरी संबर्धनसमेत गरी उपत्यकाका मल्लराजाहरू र त्यसपछिका शाहराजाहरूले शताब्दियौं अघिदेखि कायम रहिआएको नेपालीकला र संस्कृतिको कुन् आदर र सत्कारसमेत गरी यसको महत्वलाई बढाई नेपालको इतिहासमा कला र संस्कृतिका रक्षक तथा पुजारी भन्ने ख्याति प्राप्त गरे ।

तर नेपाली चित्रकलाका ती जन्मदाता कलाकारहरू-मध्ये सबैजसोको परिचय आज हराइसकेको छ । प्राप्त तथ्यहरूअनुसार तेह्रौं अथवा चौधौं शताब्दीको अरनिको अथवा बलबाहुनै सर्वप्रथम नेपाली कलाकार थिए जसले आफूलाई अमर बनाए । यिनै महान् कलाकार अरनिकोले शुरू गरेको परम्पराअनुसार तिब्बत र चीनमा त्यति वेला-देखिनै अरु भनिन्छ ईशाको सातौं शताब्दीदेखिनै तिब्बत (भोट) र तदनन्तर चीनमा समेत नेपाली कलाकारहरू निम्त्याइन्थे । (१८) शायद लिच्छवी राजकुमारी भृकुटी-संग पनि ईशाको सातौं शताब्दीमा नेपाली कलाकारहरू तिब्बत गएको हुनसक्छ । सन् १४२१ तिर अर्थात् पन्ध्रौं शताब्दीमा पनि दक्षिणी तिब्बतमा एउटा गुम्बाभित्र चित्र-हरू लेख्न नेपाली कलाकारहरू नित्याइएका थिए (१९) । यसरी शताब्दीयौं पुरानो परम्परासंगसंगै बांची आइरहेका नेपाली चित्रकलाले ईशाको सोह्रौं शताब्दीसम्म स्थायित्व मात्र हैन निकै ख्याति पनि पाइसकेको थियो । प्रसिद्ध तिब्बती विद्वान् तारानाथको भनाइअनुसार नेपालमा त्यस वेला चित्रकलाको खूब प्रचार तथा सम्मान हुन्थ्यो र नेपाली जनताको चित्रकलाप्रति बढिरहेको अभिरुचि पूरा गर्न त्यस वेला आवतजावत गर्ने यात्रुहरू तथा व्यापारीहरूसमेतलाई कारमाइन र इन्दीगो जस्ता रंगहरू भंसार करको रूपमा लिने गरिन्थ्यो । (२०) यसरी शताब्दियौं अघिदेखि प्रोत्सा-हित र संरक्षित यी भित्तेचित्रहरूको आज नेपाल अधिराज्य-भित्र के कस्तो अवस्था छ भन्ने कुरा पनि हामी सबैले सोच्नुपरेको छ । भित्तेचित्रहरूको महत्वलाई ध्यानमा राखी २०२२ सालतिर भारतीय सहयोग नियोगको तर्फबाट आएका भारतका पुरातत्व सर्भे विभागका रसायनविद् श्री पुरीको मदतबाट भक्तपुरको पचपन्ने कुघालमुनिको मल्ल राजाहरूको बैठककोठामा रहेका भित्तेचित्रहरूको रासायनिक प्रक्रियाद्वारा साफसुग्घर एवं संरक्षण गर्ने कार्य गरियो । त्यसपछि भारतीय रसायनविद् श्री पुरीको मात-हतमा बसी काम गर्नुभएका पुरातत्व विभागका कर्मचारी-हरूले (रसायनविद् श्री भीमबहादुर थापा तथा रसायनविद् श्री उपेन्द्रनाथ सापकोटा) श्री पुरीले अधूरो छोडी गएका गूठी संस्थानको आर्थिक सहायतामा रासायनिक प्रक्रियाद्वारा सुरक्षित हुन लागेका कुमारीघरका भित्तेचित्रहरूलाई आफ्नो बुद्धिले भ्याएसम्म मेहनत गरी पूरा गरे । कुमारी-घरको कार्य समाप्त भएपछि गूठीसंस्थानको आर्थिक र पुरातत्व विभागको प्राविधिक सहायतामा हनूमान्ढोका दरबारभित्रका भित्तेचित्रहरू र स्वयम्भू शान्तिपुरभित्रका भित्तेचित्रहरूको रासायनिक संरक्षणहरू गरे । विभिन्न स्रोतहरूको मद्दतबाट राष्ट्रिय कलाको एक महत्वपूर्ण अंग-स्वरूप रहिआएका यी भित्तेचित्रहरूका रासायनिक प्रक्रिया-द्वारा संरक्षण हुनु अति गौरवको कुरा छ । तर हाम्रा भित्तेचित्रहरूको रासायनिक संरक्षण गर्दा अरू विकशित मुलुकहरूमा झैं ती भित्तेचित्रहरूको संरक्षण गरिनुभन्दा अगावै राम्ररी जांचपडताल गर्नुपर्दछ । डा. नीलरतन बनर्जीले भन्नु भएको छ– "खालि चलनचल्तीमा आएका बजारमा पाइने रसायनहरू पोतेर मात्र यी भित्तेचित्र-हरूको रासायनिक संरक्षण हुन्छ अथवा भयो भन्न सकिन्न, साथै अरू मुलुकहरूमा के कस्ता रसायनहरू प्रयोग गरे त्यस्तै रसायनहरूको मात्र प्रयोग गरेर संरक्षणको कार्य हुन्छ भन्न पनि सकिन्न, तसर्थ एउटा सबै उपकरणहरूले सुसज्जित रासायनिक प्रयोगशाला र यस विषय पूरा तालीमप्राप्त रसायनविद्हरूको ठूलो आवश्यकता पर्दछ र यी भित्तेचि-त्रहरू रहेका भित्ताहरू र रंगहरूको राम्रो जांचपडताल गरेर मात्र रासायनिक संरक्षण गर्नुपर्दछ, नत्रभने संरक्षणको नाउंमा यी दुईचार बचेखूचेका भित्तेचित्रहरूको पनि नाश भयो भने हामीलाई भविष्यमा सन्ततिहरूले गिज्याउने-छन् ।" (२१) संरक्षणको लगत्तैपछि सुरक्षाको पनि प्रश्न उठ्दछ । एकपल्ट रसायन पोत्दैमा वा बत्ती, फ्रेम आदि जडान गर्दैमा सधैंको लागि सुरक्षित हुन्छ भन्न सकिन्न, फेरि बत्ती, फ्रेम आदि जडान गर्दा यी भित्तेचित्रहरूलाई धक्का नलाउने गरी गरिनुपर्दछ । ती सबैको लागि खास तालीम-प्राप्त प्राविधिकहरूको आवश्यकता पर्दछ, जसको खांचो श्री ५ को सरकारले पूरा गरिदिनुपर्नेछ । हामीलाई थाहा छ नेपालका उत्तरी क्षेत्रहरूमा कैयन् यस्ता गुम्बा छन् जहां भित्तेचित्रहरूको ठूलो भण्डार छ, धेरैजसो गुम्बा तथा विहारहरूमा मौसमको खराबी, धूलो, ध्वांसो आदिले गर्दा

तीं भित्ते चित्रहरू नाशिन अथवा बिग्रन लागिसकेका छन्, तसर्थ तालीमप्राप्त विशेषज्ञहरूलाई यी स्थानहरूमा पठाई नाश हुनुभन्दा अगावै तिनीहरूको संरक्षण एवं सुरक्षा गर्नु-परेको छ। यस दिशातर्फ समयमै ध्यान पुऱ्याउन सकेनौं भने हाम्रो कलाको युगौं पुरानो एक उच्च परंपराको चाडैनै नाश मात्र होइन लोपनै भएर जाने डर भैसकेको छ। साथै सम्बन्धित अधिकारीहरूले बसन्तपुरको चौतरि-याहरूको शाहकालीन घर र थापाथली दरबारभित्र रहेका भित्ते चित्रहरूको बचाउ गर्न नसकेकोमा पनि हामी साह्रै दुःखित छौं।

संसारका सबैजसो सभ्य कहलिएका मुलुकहरूमा झैं हाम्रो मुलुकमा पनि कलाको जन्म र विकाश धर्मसंगसंगै भएको देखिन्छ। नेपाली कलाकारहरूले सधैं धर्म, कल्पना र आध्यात्मिक भावनाले ओतप्रोत भई आफ्ना कलापारखी पश्चिमी कलाकारहरूले झैं विशाल चित्रहरू लेखेर हैन अपितु नेपालीहरूको माटो सुहाउंदो गरी सूक्ष्म, गंभीर एवं भावात्मक किसिमका रचनाहरू बनाई देखाए। तिनीहरूले कुनै शासकको शोख र वासनाको तृप्तिलाई प्रोत्साहित गर्न हैन अपितु कलालाई सधैं शुभलक्षण र धार्मिक भावनाहरू प्रकट गर्ने सुलभ माध्यम संझी रचना गरे। यसरी नेपाली कलाकारहरूले मूर्ति र ग्रन्थमा मात्र हैन चित्रमा पनि आफ्नो कला, धर्म र संस्कृतिलाई जियाई राख्न मरमगदूर कोशिश गरे। नेपाल अधिराज्यभर अहिलेसम्म देखापरि-रहेका भित्ते चित्रहरूको मुख्य विषयवस्तुनै ऐतिहासिक, पौराणिक तथा धार्मिक ग्रन्थहरूसंग सम्बन्धित दृश्यहरू हुन्। सबैजसो भित्ते चित्रहरू पानीरंगमा चित्रित गरिएका छन्। तर एउटा गजबको कुरा छ नेपाली पानीरंगहरू खास वैज्ञानिक तवरबाट तयार नगरिएका भए तापनि निकैनै मजबूत देखिन्छन्। रंग उडी चित्रहरू खराब भएका प्रायः कमै मात्र छन्। शताब्दियौं अघिदेखिनै नेपाली कलाकार-हरूलाई भारतबाट रंगहरू प्राप्त हुन्थे भन्ने कुरा माथिनै उल्लेख गरिसकिएको छ। जे होस्, नेपाली कलाकारहरूले सधैं आफ्ना कलाकृतिहरूमा चित्रसंग मिल्दो, चित्रको भावना र पृष्ठभूमिसंग मेल खाने गरी कल्पना र भावनाका आंखाहरू खुलाउने गरी रंगहरू प्रयोग गर्दथे। ती रंग धेरैजसो नरम, आंखा रसाउने र शान्त देखिन्छन्। साहिष्णुता र मानव-वादमा आधारित नेपाली संस्कृतिका एक प्रमुख अंगस्वरूप रहेको नेपाली कलाले इतिहासको जुनसुकै समयमा पनि आजसम्म आफ्नै मौलिकता मात्र हैन एउटा विशिष्ठ परम्परासमेत बसाल्न सफल भएको छ। तसर्थ भनिएको पनि छ– नेपाली कलाको आफ्नै मौलिकता, विशेषता एवं प्राचीन परम्परा पनि छ।

संसारका अरू सभ्य मुलुकहरूमा झैं हाम्रो मुलुकमा ईशापूर्वकालका भित्ते चित्रहरूको कुनै उदाहरण हालसम्म नदेखिए तापनि हाम्रो मुलुकमा चित्रकलालाई ईशापूर्वकाल-देखिनै मान्यता, महत्व र संरक्षण प्रदान गर्दै आएको छ भन्न सकिन्छ, किनभने हामीले माथि पनि भनिसक्यौं अक्सर मूर्तिकला र चित्रकला एकै समयमा र साथसाथै हिड्ने गर्दछन्। श्री ५ को सरकारले नेपाली चित्रकलाको खास महत्व राखी, यसको सुरक्षा, संरक्षण, प्रचारप्रसार एवं अध्ययन अनुसन्धानसमेत गराउन पुरातत्व विभाग, नेपाली ललितकला संस्था, राजकीय प्रज्ञाप्रतिष्ठान, त्रिभुवन विश्व-विद्यालय, नेपाल ललितकला महाविद्यालय आदि संघ संस्थाहरू खोली यस दिशातर्फ भरमगदूर कोशीश गर्दैछन्। स्वयं श्री ५ महाराजाधिराज सरकार पनि कलाकार होइ-बक्सेकोले मौसूफबाट नेपाली कलाप्रति कस्तो धारणा राखि-बक्सेको छ र नेपाली कलाको सुरक्षा, संवर्धन आदिको लागि मौसूफ कति चिन्तित होइबक्सिन्छ भन्ने कुरा मौसूफ-बाट बरोबर ठाउं, ठाउंका भित्ते चित्रहरूको रासायनिक संरक्षण भैरहंदा, मन्दिरहरू जिर्णोद्धार गरिंदा भएका सवा-रीहरू तथा मौसूफका अध्यक्षतामा नाफा संस्थाबाट भैरहेका कार्यक्रमहरूबाटनै विदित हुन्छ। आशा छ नयां जोस र उमंगका साथ नवयुवक, कलाप्रेमी राजा श्री ५ महाराजा-धिराज वीरेन्द्र सरकारको संरक्षकत्वमा नेपाली कला, संस्कृति र इतिहासले पनि अब चाडैनै सुनौला दिनहरू देख्ने मौका पाउनेछन्।

❋

सहयोगी पुस्तक तथा पुस्तिकाहरू

1 Alweis Frank, New Dimensious of world History, (n. d. pp). pp 1-2.

2. Encvlopaidia Britannica (10 th Edition) voi 31.

3. Janaklal Sharma, Lalit kala ra Sahitya (Fine Arts and Literature) Kathmandu, 2023 V.S. Second Edition, p 39.

4. Courier (Monthlv) Unesco, February 1955 vol. 7, No. 9, pp. 3, 20. 30

5. Ibid, pp-10-14.

6. Courier, December, 1957, No 12, pp. 4-10.

7. Janaklal, No. 3, p 41.

8 R. N. Pandey, A. Brief Survey of the Nepalese Art Forms (H.M.G., Dept of Culture, 1968, p. 41.

9. Stella Kramrisch, Art of Nepal (The Asian Society INC, 1964), pp, 43-44.

10. Nepalese Art (H.M.G. Deptt of Archaeology 1966, pp. 30-31.

11. Madan Jit Singh, Himalayan Art, (London & Melbourne, 1968), p 210.

12. Ibid, p. 213.

13. Ibid, p. 215-16.

14. Mana Bajra Bajracharya, Nepal KoMadhya Kalin Kala (The Medieaval Art of Nepal) (H.M.G., Deptt. of Informatiou, 2027 V:S.), pp, 65-66.

15. Shaphalya Amatva, Nepalese Studiesra Kathmandu Upatey kaka Kehi Bhitteya Chitra haru (Nepalese Studies and Some Murals of the Kathmandu Valley), Nava Samaj (Daily) (Kathmandu), Wednesday, 26 Jestha, 2023. V. S.

16. Authors Interview with Mr. Bhim Bar Simha Thapa and Mr. Upendra Nath Sap Kota, Chemists of the Department of Archaeology)

17. Jankalal Sharma, Dolpora kehi Anava Sthal ka Puratatuik upalavdhi (Dolpa and Arechacological Findings of Some other Regions), Ancient Nepal (Kathmandu) No. 15, April 1971, pp 1-39.

18, (Giuseppe Tucci, Trans Himalaya (Translated from the French by James Hogarth, Delhi, 1973 pp. 91-92,. Plate No . 113 to 122)

19. Janaklal Sharma, No. 3, p. 43.

20. Stella Kramrisch, no. 9.

21. Madan Jit Singh, no. 11, p 215.

22. N. R. Banerjee, Preservatiou of Monuments in Nepal (Report), I. C. M., 1970; pp. 12-13.

NEPAL

(Continued)

by Sylvain Leri

The Ghurkas have always sought to benefit in their relations with China: in 1815, in the course of the war they were waging against the England, they urged on the emperor to send Chinese troops to their help. True to the lessons of K'ien-long, the emperor refused to intervene. In 1841, they offered China, in war with the English, to operate a diversion on the frontiers of India; China refused this compromising help; the Ghurkas did not hesitate a compensation for the profits they might have derived. In 1853, whilst China was struggling against the revolt of the T'ai ping, the Ghurkas once again offered their services in vain. They reclaimed then, as in 1841, a compensation, to indemnify them and captured Kirong and Kuti, which they retained; they pursued these infringements, but found themselves constrained to accept an agreement in 1858. The prime minister of Nepal, Jang Bahadur, received on that occasion together with a gem from the mandarin, the title of "T'ong lin pim ma ko kang wang syam-", general-in-chief of the army, prince really brave and prime minister. Bir Shamsher Jang, who exercised the functions of prime minister from 1886 to 1901, received the same distinction, and he was not a little proud of it.

An agreement concluded in 1856, completed in 1860, in consequence of a bloody war between Napal and Tibet (1854-1856) affixes to the commercial relation of the two countries, the same conditions as between the commerce Chinese-Russian 'Via' kiakhta. A fair is held every year, at Spring, at Kuti and at Kirong; Tibetans come to exchange under official control, tea and salt for the merchandises of Nepal. In fact Nepal, by virtue of her traditional rights, holds in Lhasa a grant administred by a Nepalese agent under the protection of a Ghurka post. The Tibetan government has pledged to pay the Ghurkas an annual tribute of 10,000 rupees.

As a consequence of her quarrels wich China and by her embassies to the imperial throne, Nepal has twice acquired the right to figure one day in the annuals of the Maudchurian dynasty. When an upheavel will have engulfed the degenerate heirs of K'ang-hi and of K'ien long, an official commision will be entrusted, in accordance to the tradition, to examine the archives of the Ta-Tsing and to draw up their history. Without waiting for an eventuality which does nat seem further away, it is easy to anticipate on the account which will be consecrated to Nepal in the geographical description of the Maudchurian Empire. The Chinese documents which are already available contain nearly all the substance: such as the "Wei-tsang t'ouKi'[1]

drawn up by an official of the administration attached to the army crops which invaded Nepal; the

'Cheng-ou-ki[2]', which narrates the compaigns of the present dynasty and whose author is Wei Yuen, to whom is credited a classical treaty on geography, tne Hai Kouo t ou tchi; the 'Si-tsang tseon sou[3]; Reports and accounts of Meng-Pas, Chinese commissary in Tibet from 1842 to 1850; and the notes analysed by Mr. Parker.[4]

The annalists of the Ming had not recognized in the Ni-pa-la of the contempora y documents, the Ni-po-la of the Nepal of anterior histories under the modern names of the country. Certain texts reproduce the designation of 'Balpo', attributed to Nepal by the Tibetans, by representing her by various transcriptions: Pa-le-pou;[5] pa-eul-pou, pei pou; One still finds the name of Pie-pang which seems to transcribe (as is indicated by Imbault-Huart) the Tibetan h'bras spuns, pronounced "Preboung", a name which designates a famous monastery in the neighbourhood of Lhasa, but which has spread to the populations of the Himalayas. Finally the word Gurkha is transcribed 'Ko-eul-Ka. Led astray by those names, the historians of the Manchurian period are convinced that "from time immemorial this country has no relation with China, "that" the kingdom of the Gurkhas, much further away than the Mohameddan tribes (of Chinese Turkestan) is that region which the troops of the dynasties of the Han and of the T'ang could not reach". (Cheng-ou-ki).

It is situated to the south-west of Tibet and touches by months Journey from Lhasa; the frontier passes through (Ni-lam') which is at a distance of seven to eight days journey from the Ghurka capital The length of the Kingdom, from east to west as several hundred leagues; its width from north to south is about one hundred leagues. The population consists of fifty four thousand families. At one time it was named 'Pa-le-pou' and was divided into three tribes: Ye-leng', Pou-Yen, Kou (Kou) mon', but the Ghurkas have united the three tribes under their administration The capital is called 'Kia-te-man-tou' or Yang-pou.

There are marks of Buddha in this region; and the inhabitants of T'ong kou-to (Tangut) go to visit the pagodas annually. The people have a refractory nature. They shave their hair from one temple to another in a little tail. They have short beards like the Mohameddans of Si-ming They trace two verticle lines with white clay on their foreheads and make a red circle between their eye-brows (tilaka). They also wear earrings of pearls or gold. Their headgear is a turban of white cotton, white if they are poor, and red if they are wealthy; their tunic is blue dull or white with narrow sleeves; they wear cotton belts and pointed leather shoes They always carry about on their persons a small knife in a sheath (Khukari) in the shape of a bull's horn. The soldiers walk barefooted, they fix beforehand a day (propitious) to encounter their adversaries; our soldiers, who did not act in that way, always fell on them unawares The women allow their hair to grow, go bare-footed, wear gold and silver rings on their noses. They comb themselves, bathe themselves and are very clean. The roads in the country are so narrow that three perons can hardly walk abreast. The king sends a tribute every five years and it consists of elephants, horses, pea-cock feathers, and other undetermined objects.

The Annals will enumerate at the conclusion of this description, the embassies which have appeared at the court since 1732 (embassy of the three khans'); 1790 (Rana Bahadur asks and receives the investitute); 1793 (an envoy named 'Ma-mon-sa Yes' brings the tribute after the conclusion of peace; 1799 (Rana Baha-

dur asks and receives the royal rank for his son Girvan Yudha Vikram Shah), 1813 (tribute of Girvan); 1818 (tribute of Surendra Vikram Shah to whom the emperor sends "a gracious message" in 1821); 1822 (Bhim Sen Thapa announces his regency; 1837 (the tribute, sent by the Rani, is refused as coming from a woman), etc [6]

111. Indigenous Documents

Chronicles. –Puranas. –Inscriptions. –Manuscripts –Coinage

Nepal has a local chronicle, the "Vamcavali."[7]

The work is of farly recent date. It exists in two recensions; one, Buddhistic has for author a monk who resided in Patan in the temple fo Mahabuddha, in the beginning of the XIXth century. It was translated into English under the guidance of Mr. Wright bv the indigenous interpreter (Munshi) of the British Residence, Civa Gamkara Simha (Shew Shunker Singh), helped by the Pundit Gunananda The other, of Brahmanic inspiration, is alone recognized as authentic by the Gurkha government.[8]

The maharaja Deb Shambher has communicated to me a fine specimen, dated from 1891 samvat (1834 J. C.) and which has for editor the Brahman Siddhi Narayana, an inhabitant of Deo Patan; the manuscript was handed over "to a good man, named Laksmi Dasa", but it had not "to be given to anybody". I feel the more kindly inclined towards the maharja for having violated this prescription in my favour. On the request of the maharaja Chandra Shemsher, great priest (guru) of the Kingdom has entrusted me with his personal exemplary, which is simply a true copy of the same text.

The Brahman and the Buddhist were able to choose between three languages to write their Vamcavali: Sanscrit, recommended for its religious and literary prestige, but reserved to the learned; the Newar language, the old indegenous dialect; lastly the parbatiya (or: Khas) language, new comer in the valley, where the Ghurkha conquest had introduced it. Parbatiya was chosen by all and thereby they betrayed the same preoccupation. They do not aim at a school success; they do not appeal to the subjected Newars; they want to reach the new masters of the country. equally feared by Buddhism which they detest as a heresy and by the Brahmans whom they despoil in the name of orthodoxy. It is not the curiosity of a delettante which obliges the two authors to gather the memories and traditions of the past; they are even less concerned in the erection of a monument to the memory of their lost independence. They only attempt to divert from the temples and convents the malignant rapacity of the conquerors. They comfort themselves with the knowledge that the long list of miracles which consecrates the origin of religious foundations stands as a salutary threat of divine vengeance ready to chastise the criminel lusts. The Vamcavali, in spite of its historical appearances, is only a mite of the literature of the Puranas.

The compiler of the Buddhistic Vamcavali flatters himself of having "seen and heard many things of the past in connection with his work". The Brahman on the other hand boasts of having written "a work without precedent". It is impossible, however, to believe in the absolute independence of the two accounts. The Brahmanic Vamcavali adds nothing new and original to the accounts and episodes which tend to glorify the rival church. It adopts the same aystem of chronology, the same essential dates. It mentions, it is true, the length of the reign of the Abhiras and Kiratas, omitted in the Bhuddhistic Vamcavali; but it is a question of legendary dynasties in which the imaginatin can have full play: the arbitrary invention can easily supplement the missing materials.

The title of the work expressly shows its

origin. The word Vamcavali ("genealogy–in–rank") designates in the usage of royal chancelleries, the dynastic lists in which each one of the sovereigns comes and takes the place successively, enshrined in a panegyric in general as pompous as it is ordinary and empty. The collection of these panegyrics which naturally increase in length as long as the dynasty exists, often figure at the head of the charts and supplies a precious reference to the history of India. The dynasty of the Oriental Calukyas is the very best example; it has lastsd for six centuries; the Vamcavalis inscribed at the head of these donations do not only give the succession of princes through so long a period; they further state the precise duration of each reign.

Even in Nepal, the practice of the Vamcavalis is ancient; the inscription of Mana Deva to Changu Narayan, the first in date of known inscriptions, commences by a Vamcavali; the inscription of Yaya deva to Pacupati retraces the origine of the royal family to the gods. King Pratapa Malla deva "prince of poets" expressly applies the name of "Vamcavali" to a history of the dynasty of Malla such as he himself composed (Bhagv. No. 19,11). The Newars state that there exist even to day in Patan, long bands on which are written by order of succession all the kings of Nepal. Bhagvanlal and Minayeff have not succeeded in viewing them and I have not been more fortunate than them It is not to be doubted, however, that such documents exist or have existed· the Vamcavali which was communicated to Kirkpatrick at the end of the XVIIIth century, surpassed in value, riches, in exactitude the Vamcavalis which are disponible at present.

A recent discovery due, alike so many others, to Mr. Bendall throws a little light on the obscure origins of the Vamcavali. Mr. Bendall has discovered at the library of the Darbar a collection of three manuscripts traced on palm leaves and dated by their contents as well as by their writing, by the end of the XIVth. century. The first (V) is a chronicle drawn up in incorrect sanscrit without any concern for classical syntax. The compiler has placed end to end the series of Nepalese kings, with the duration of each reign, the principal facts and their date. The donations to the temples hold such an importance that Mr. Bendall believes the work in connection with the archives of the sanctuary of Pasupati. The second portion of the collection (V2) is a list wherein is registered the births of kings and high personages. It is entirely drawn up in the Newar tongue; it embraces the period of 177 to 396 N. S. (Newar era of 880 J. –G.). The third document (V3) is a continuation of the second, but it alters its nature; it brings out other detials and tends to change the list into annals. It is also drawn up in the Newar language and spreads from 379 to 508 (Newar ara). Mr. Bendall connects the origin of these annals (V and U3) to the political revolution which brought Jayasthiti Malla to sovereign power and to the literary renaissance which followed.

If the history of Nepal has displayed itself without mishap, without revolution, under the continuous authority of one dynasty alone, the Vamcavalis could have supplied to history a solid linking of names and facts. But up to the XVIth. century, anarchy seems to be the regular 'regime' of Nepal, the suzerain families (or houses) wield an ephemeral or visionary power; the local petty kings abound and rarely succeed in founding a house. Faithful to the usual method of India, such as is already manifested in the chronology of the Puranas, the Vamcavalis express one after another in order of succession, all the names which memory has preserved, without any pre-occupation as to their real connection. This system of dexiation, deplorable to history, accomodates itself perfectly to the exigencies of the Hindu chronology. It is necessary that the real past should be connected without any solution of continuity, to-

the fabulous past; The only events which matter are the exploits of epic heros whom poetry has consecrated· It is then indispensable to trace back, at all costs, up to beginning of the fourth age of the world, in the year 3000 B. C. Thus the poet of the Cashmerian Rajatarangini who takes a pride to criticise the classification of events, mentions the emperor Ashoka in the second millennium before the Christian era, (grand-son of this Candra Gupta who knew Alexander the Great); the Attila of India, the Hun Mihiora Kula, passes from the xith. century of the Christian ear to the VIIth century B.C. The Vamcavali of Nepal does likewise. It classifies one hundred years before the Christian era, the coronation of Amcuvarman who reigned in the VIIth century of J. C. I shall study in a Special chapter the meanness of the Nepaless chronology; I shall have to mention in detail the sources of error which corrupt the Vamcavali and particularly the multiplicity of eras, so disastrous, in all the domains of Indian history.

The author of the Buddhistic Vamcavali, has not contented himself in transcribing the dynastic lists; he has made use of them to frame an abstract of the puranas and the local mahatmyas. He mentions sometimes traditional verses which determine (or mutilate) the memory of great events; the introduction of the god Matsyendra Natha, the invasion of Nanya Deva, the disappearance of Siddhi Nara Simha. He even goes so far as to mention the inscriptions of Amcuvarman, of Jaya Sthiti Malla, of Yaksa Malla and of his successors. He also consults family archives; his complaisance has related the adventures of certain personages, insignificant enough, like Abhayaraja and Jevaraja, reveals one of their descendants, the author is undoubtedly one of the Ananda priests of the Maha Buddha vihara at Patan, who practise from father to son, the profession of Pundit-interpreter to the British Residence, perhaps Amritananda, the glory of the family, who composec several works in Sanscrit and in Newar and who initiated Hodgson to the knowledge of Buddhism.

We possess several of the works which the editor of the Vamcavali has placed in hand; I have even myself brought away two from Nepal; many more are still to be had which will be procured someday. These works, interesting for the study of religion, of the worship, of popular legends and of historical geography do not as a rule originate from a lofty inspiration; they serve the financial interersts of religion and of the priest.

India is on her whole stretch covered with holy places which vie with one another for the favour of the pious public. Each one of them has its local patronage; but the ambition of the priests and of the princes covets beyond this restricted circle, the ambulant multitude of pilgrims who tread without respite the roads of India in search of meagre benefits. A pilgrimage of fashionable size is a big fair; Brahmans sell their prayers, the fakeers exploit their faked asceticism, the merchants give out rosaries and haberdasheries, the chieftain receives dues and taxes. And as the competition promotes the catch-word, the rivalry of sanctuaries engenders the 'mahatmyas'. The word "Mahatmya" properly signifies greatness of soul, nobility, eminence. In the religious literature, it applies itself to versified works which serve at the same time as an attraction, amusement, edification and practical guide to the faithful. The Mahatmaya relates the origin of the pilgrimage, the divine apparition, and the miracle which has conscrated them. It enumerates the points to visit, the benefits to derive, with an indication of days especially propitious. The Mahatmya does not present itself either as a human work or as an isolated work; it pretends connection with some of the compilations named Puranas, versified treaties of holy history of cosmogony, of theology, and of mythology which modern

Hinduism considers as revealed and venerated as much as the vedas. Among the eithteen canonical Puranas, the Skanda-Purana has served more frequently to cover the pious fraud of the authors of the Mahatmyas. The Kaci-khanda and the Utkala-khanda, which glorify the two most sacred sites in India: Benares and Jagannath (Jugernaut); are offered like sections of the Skanda-Purana and it is to the same work that the Mahatmya of Nepal prides itself in being connected.

The 'Nepala-mahatmya'[9] is divided into thirty perusals grouped in a factitious frame alike the Puranas. The famous sacrifice of the king Janame Jaya, who heard among so many other rhapsodies the complete recitation of the Maha-Bharata, has gathered a host of holy personages.

One amongst them, Jaimini, in the name of the whole company, interrogates the venerable Markandeya on the holy places of Nepal; and Markandeya replies with an untiring complaisance to the indefatigable curiosity of his audience. He at first glorifies the wood of Clesmantaka where Civa transformed himself into a gazelle to throw off the scent the gods sent for his research (I), then the Dolagiri where an angry Brahman cut the throat of Visnu (11), the Valmikisvara erected by the atthor of Ramayana on the very spot where he composed his poem (111), the wood of Rakta-audana (Red sandal-wood) where Parvati truimphed over thc demon Canda (IV) and the lingas erected by all the gods, witness of this victory (V), the Dolecvara come out miraculously from the soil (V), the Mangalacvara wnich commemorates the resurrection of a child (VI) the Tila-Madhava which reminds one of apparition and a prodigy of Visnu, the Svarnacringecvara and the Kilecvara founded by Krisna. Regarding this double foundation, Markandeya gives a long narration in poem style of the war waged between the demon Mahendra damana and the son of Krisna, Pradyumna; this rhapsody (or burden- 'of a song') in which the gallant alternates with the heroic, ends up like a true romance, in a double marriage; Pradyumna spouses the sister of the demon vanquished, Prabhavati, and the daughter of the devotee Suryaketu named Candravati (VI-XII). The Somecvara serves the purpose of another burden(of a song)well developed; Some one has erecred this linga on the advice of Agastya to purify himself from the incest which he committed with Tara, the wife of his preceptor Brhaspati; by virtue of a procedure dear to the Hindu talent, a secondary account is found inserted in this episode, Agastya relates to Soma the origin of the Raksasas, of Lanka, their sojourn, and the austerities of a prodigious nature which enabled Ravana to become their king (XIII-XXVI). Lastly the mahatmya introduces, in adapting it to its purpose, the famous legend of Gunadhya; the author of the Brhatkatha, after having given to ding Mabana the original of his anecdotes in Baicaci dialect comes to Nepal, sets the example of the circular pilgrimage (Ksetra-pradaksina) and draps up the Bhringicvra (XXVII-XXX).

"The style and the language of the Nepala-Amahatmya do not call for any special observo tion; the poet manipulates without embarassment and without incorrections the common formulae which serve to all works of the same nature. But its religious inspiration classes him apart; it faithfully reflects the eclectic syncretism which has almost prevailed in Nepal. The mahatmyas in general, like all the puranic literature with which they claim connection, proclaim a sort of sectarian fanatism; the local god is exalted at the expense of all its rivals. The Nepala-mahatmya, on the contrary, in spite of its clearly Brahmanic origin, places on the same rank, Civa, Visnu and the Buddha. The poet has the identity of Visnu and of Civa proclaimed by the voice of Nemo, like in the name of the whole of Nepal of which Nemi is

the patronal saint. Besides, has not the Brahmanic orthooxy of India admitted Buddha amongst the avatars of Visnu ? Here Buddha is only a "form" of Krisna; however they do not entirely mingle both of them. If Buddha sometimes resides like Krisna, in the Kathiawar ('Saurastra') it often happens that he happens to cross into China ('Maha-Cina'), where the presence of Krisna would be unexpected. The rival divinities only compete with one another regarding amiable civilities: Civa-Pacupati compliments Nemi who has recognized him identical to Visnu; the spouse of Civa offers to Buddha a favour to select and consents to allow him to share with Civa the honours of the worship. And "the Sympathizer", who does not wish to be behind hand in courtesies, dedicates to Civa the linga of the Compassion (Karunikecvara).

The Nepala-mahatmya, like most of its Congeners, escapes to every chronology; the work is so completely impersonal that it seems to float outside its age. No name, no date, no indication which would allow of the remotest approximation.

